# अध्याय-१

## "शोधप्रस्ताव"

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "**शिरीषको फूल उपन्यासको कृतिपरक अध्ययन**" निर्धारण गरिएको छ ।

### १.२ शोधपत्रको प्रयोजन:

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विभाग अन्तर्गत नयाँ पाठ्यक्रम अनुसारको स्नाँतकोत्तर तहको दोस्रो वर्षको ५१०-१ को दसौं पत्रको पूरक प्रयोजनका निम्ति यो शोधपत्र तयार गरिएको छ ।

### १.३ समस्याकथन

आधुनिककालीन नेपाली साहित्यको इतिहासमा कवि, कथाकार,उपन्यासकार तथा निबन्धकारका रुपमा चर्चित पारिजात हुन् । आफ्नो कलम चलाएर नेपाली साहित्यमा निकै महत्त्वपूर्ण योगदान दिइएकी छन् । त्यस मध्ये कथा र उपन्यास क्षेत्रमा झनै बढी चर्चित छिन् । यिनका जम्मा दशओटा उपन्यासहरु छन् । ती उपन्यासहरुको कृतिपरक अध्ययन भएको देखिदैन । तसर्थ उनको '**शिरीषको फूल**' उपन्यासको कृतिपरक अध्ययन र बिश्ले- षण नै यस शोधको मुख्य समस्यामूलक कार्य हो । प्रस्तुत शोधप्रत्रको समस्यालाई निम्न- लिखित बुँदाबद्ध गरिएको छ :-

क) उपन्यासकार पारिजातको साहित्यिक यात्रा, प्रवत्ति र विशेषताहरु केलाउन नै कठिन,

ख) उपन्यासको संरचना पक्ष, प्रवृत्ति र विशेषता केलाउन अझ कठिन,

ग) विभिन्न उपन्यासको औपन्यासिक पक्षको मूल्याङ्कन गरी, यसमा भएका उपलब्धि र

सीमाहरु बारे चर्चा गर्न कठिन,

घ) यी उपन्यासहरुमा भएका परम्परावादी कुराहरुलाई राम्ररी केलाई, यसमा भएका समस्याहरुमा केन्द्रित भई निष्कर्षमा पुग्न नै गाह्रो,

ङ) विभिन्न कोणबाट यी उपन्यासको राम्ररी अध्ययन  र बिश्लेषण गर्न नै कठिन ।

## १.४ शोधको उद्देश्य:

माथिका समस्या कथनमा केन्द्रित भई उपन्यासकार पारिजातको **"शिरीषको फूल"** उपन्यासको समरचनात्मक वैशिष्ट्यलाई विभिन्न कोणबाट केलाउनु नै प्रस्तावित शोध प्रस्तावको मुख्य उद्देश्य रहेको छ। ती निम्न लिखित छन् ।

क) उपन्यासकार पारिजातको संक्षिप्त परिचय दिनु ,

ख) उनको उपन्यास लेखनको प्रवृत्तिबारे परिचय दिनु ,

ग) **'शिरीषको फूल'** उपन्यासको संरचना पक्षको परिचय दिनु ,

घ) उनको उपन्यास लेखनले उपन्यास क्षेत्रमा पुर्‍याएको योगदानको  परिचय दिनु ,

ङ) उपन्यासमा भएका उपलब्धि एवम् सीमा बारे चर्चा गर्नु ।

च) कथावस्तु, चरित्र, कथोपकथन, देशकाल र वातावरण, भाषा र शैली, उद्देश्यको दृष्टिकोणले उपन्यासको राम्ररी अध्ययन र विश्लेषणगर्नु ।

प्रस्तुत उद्देश्यहरुको परिधि भित्र रहेर **'शिरीषको फूल'** उपन्यासको आवश्यक मूल्याङ्कन गरी निष्कर्षमा पुग्नु नै यस प्रस्तावको मुख्य उद्देश्य रहेको छ।

## १.५ पूर्वकार्यको समीक्षा :

नेपाली उपन्यास परम्परामा अस्तित्ववादी धाराको प्रवर्तन गरेर नेपाली साहित्यको इतिहासमै अस्तित्ववादको पर्याय बन्न  पुगेको  **'शिरीषको फूल'** (२०२२) उपन्यासका सन्दर्भमा विभिन्न विद्वानहरुले चर्चा परिचर्चा गर्ने गरेका छन् । विभिन्न पुस्तक एवम् पत्र-पत्रिकाहरुमा छरिएर रहेका समीक्षा र टिका-टिप्पणीहरुलाई कालक्रमिक अनुसार निम्न लिखित रुपमा प्रस्तुत गरिएको छ ।

(**क**) गोविन्द भट्ट (वि.सं.२०२३ सालमा) ले **शिरीषको फूल** कि कागजको फूल ? शीर्षकमा यस उपन्यासबारे चर्चा गरेको पाइन्छ । प्रसिद्ध प्रगतिवादी समालोचक गोविन्द भट्टले **"शिरीषको फूल"** लाई एउटा खोक्रो र गन्धहीन कागजको फूलसँग तुलना गर्ने काम गरेका हुन् । उनको भनाइ छ "सामाजिक पृष्ठभूमिबाट टाढा, सामूहिकताको भावनाबाट बेग्लै यस संसारका कार्यकलापबाट विश्रृङ्खलित कुनै आत्मकेन्द्रित, आफ्नो, दृष्टिकोण नै नभएको दुर्बल, मानसिक कुण्ठाबाट पीडित व्यक्तिको आत्मगन्थनलाई कुनै दर्शनको नाउँ दिनु नै अनुचित हो । दोस्तोबस्कीको Notes from Underground को छायाँ यहाँ राम्ररी परेको छ । '**शरीषको फूल**' मा कुनै तारतम्यता वा क्रमबद्धता छैन ।....... सामाजिक एकता र सामुहिक उत्तरदायित्वको भावनाका विरोधी पात्रहरु अरुको सुख-दु:खसँग वास्ता नराखेर आफैमा आफ्नो बुद्धिवादमा रुमल्लिरहेका आत्माकेन्द्रित ती इन्टेलेक्चुअल चरित्रहरु माथिल्ला वर्ग कै पात्र हुन्, त्यसैले यो उपन्यास पनि आर्थिक दृष्टिले सुसम्पन्न र विदेशी साहित्य र शिक्षामा ढालिएका शिक्षित वर्ग कै निम्ति

मनोरञ्जन दिन सक्नेछ । अनुराधा, मुलुक बाहिर, मन आदिको सर्व साधारणमा लोकप्रियता पाउँने क्षमता वा बिशेषता यसमा छैन ।" ( भट्ट, वि.स. २०२३, हिमानी, वर्ष २ अङ्क ४, पृ. १२३ - १३२ )

(**ख**) प्राध्यापक तथा समालोचक राजेन्द्र सुवेदीले वि. सं. २०३४ असोज २९ गतेको गोरखापत्रमा पारिजातलाई अस्तित्ववादी दर्शनमा समर्पित उपन्यासकार भन्दै उनको '**शिरीषको फूल**' उपन्यासले नेपाली उपन्यासको माध्यमबाट एकपल्ट हामी सबै पाठकलाई हाम्रो अस्तित्व छाम्न कर लगाएको कुराको चर्चा गरेका छन् । जीवनवादी दृष्टिले '**शिरीषको फूल**' उपन्यासलाई हेर्न क्रममा उनी भन्छन-"बरीका दाजु शिवराज बरीमा जीवन-दृष्टिहरु समान रुपमा देखिन्छन् जसमा निस्सारताको चरम रुप पाइन्छ । यसका विपरीत मुजुरा र सुयोगवीरमा सारगत जीवनबोध भएको कुरा पाठकहरु सजिलैसँग ठम्याउन सक्दछन् मान्छे जीवनकै सीमारेखाभित्र हाँस्छ, रुन्छ, दु:खित हुन्छ, उत्तेजित हुन्छ र शिथिल हुन्छ । यसैवाट विरक्त पनि हुन्छ । सुयोगवीर अघिल्लो खाले

मान्छे हो भने बरी चाँहि पछिल्लो खाले । यस्तै हुन्छ मान्छेको जीवन पनि ।" (सुवेदी, वि.सं. २०३८, विषय गहन सतह चिन्तन, पृ.७०), यहाँ उनले जीवनवादी दृष्टिले उपन्यासको चर्चा गरेका छन् । यसै सन्दर्भमा उनले सकमबरीका माध्यमबाट मान्छेका मानसिकताको प्रस्फुटनको प्रतीकात्मक उद्घाटन **'शिरीषको फूल'** मा शुरुदेखि अन्तसम्म भएको कुरा औल्याएका छन् । ( सुवेदी, वि.सं.२०५३,नेपाली उपन्यास परम्परा र प्रवृत्ति, पृ. २१५ ) त्यस्तै उनले पारिजातका कृतिहरुको समालोचनात्मक टिप्पणी दिने क्रममा **'शिरीषकोफूल'** उपन्यासको चर्चा गर्दै यसमा नारीको स्वाभाविक अस्तित्वबोधभन्दा पुरुषको अस्तित्वबोधलाई पाखण्डीका रुपमा अघि सारेको कुरा व्यक्त गरेका छन् । ( सुवेदी, वि.सं. २०५३, सृजनविधाका परिधिमा पारिजात, पृ.२४ )

**(ग)** नयना प्रधान ( वि.सं.२०३८ साल ) ले 'पारिजात : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकमा शोधकार्य गरेका छन् । **शिरीषको फूल** उपन्यासको छोटो परिचय दिने

क्रममा यसरी भनेका छन्- "यस उपन्यासले प्रेमको मिलन नगराएर प्रेमप्रति विकृति, घृणा, र जीवनको निराशाको गीतलाई गुञ्जायमान गरेको छ । ( प्रधान, वि.सं.२०३८, पारिजातः जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, त्रि.वि. शोधपत्र पृ.२९ ) तर यहाँ पनि विविध पक्ष सहितको विस्तृत विश्लेषणको अभाव रहेको छ ।

**(घ)** डा. ईश्वर बरालले वि.सं. २०३९ सालमा 'आख्यानको उद्भव' शीर्षकमा **शिरीषको फूल**को पात्र बारेमा चर्चा गरेका छन् । समालोचक डा.ईश्वर बरालले पाजितकी स्वर्गीय बरीलाई पत्र लेख्दै सकमबरी जस्तो हठी, अजीब र जब्बर नारी पात्रको चित्रण नेपाली उपन्यासमा सर्वप्रथम **शिरीषको फूल**मा पारिजातले गरेको कुरा व्यक्त गरेका छन् । तर यतिले मात्र सिङ्गो उपन्यास बुझ्न सकिदैन ।

**(ङ)** शङ्कर लामिछाने ( वि.सं. २०२२ ) ले भूमिका लेख, **शिरीषको फूल** शीर्षकमा उपन्यासलाई काव्यान्यासको संज्ञा दिदै यसले हामीलाई विश्व साहित्यको उपन्यासका क्यालेण्डरमा १९६२ मा पुर्‍याएको कुरा व्यक्त गरेका छन् । उनले पारिजातलाई बोध

पाइसकेकी शून्यवादी भनेका छन् । शून्यवादको मुख्य अभिव्यक्ति पारिजातले सकमबरी र सुयोगवीरको माध्यमबाट गरेको चर्चा लामिछानेले गरेका छन् । उनले भूमिकामा शून्यवादको व्याख्या गरेका छन् । उनी भन्छन्- "जसरी अनेकरुपी तत्त्वसँग साक्षात्कार गरिसकेपछि त्यसको परिपूर्णता स्वयम् आफ्नै सान्निहित भएको अनुभव नै बुद्धत्व प्राप्ति हो, जसरी विलयनको अनुभव आफैभित्र, यहाँ नै र अहिले नै हुन्छ, उसै गरी सुयोगवीरले गिलासभित्र 'दुइटा गहिरा आँखा' र 'एक मुडुलो टाउँको' देख्ने पर्दछ । उसका औंलाहरु निकोटिनले पहेंलिएका हुनै पर्दछ र ती सधै उसले हेरिरहने पर्दछ र सन्तुष्ट भइरहनु नै पर्दछ तथा एउटा निस्सार संसारभित्र, एउटा महाशून्यभित्र बाँचेको अनुभव उसले गर्नै पर्दछ ।" (लामिछाने, वि.सं. २०२२, भूमिका लेख, **शिरीषको फूल**) यहाँ उनले शून्यवादको आधारमा मात्र उपन्यासलाई हेरेका छन् र 'पारिजात निराशावादी होइन' भनेका छन् ।

(**च**) इन्द्रबहादुर राई (वि.सं. २०५० साल) ले नेपाली उपन्यासका आधारहरु पुस्तकमा यसरी चर्चा गरेका छन् । समालोचक इन्द्रबहादुर राईले **शिरीषको फूल** उपन्यासका प्रमुख पात्रहरु सुयोगवीर, सकमबरी र शिवराजलाई तीन भिन्न विसङ्गति मान्दै तिनीहरुको अन्तरसम्बन्धलाई तीन स्वरको साङ्गीतिक संयोजनको रुपमा लिएका छन् । उनी भन्छन- "शिरीषको फूलमा पारिजातले निस्सारता, निरर्थकता, निराधारताका कसीले जीवन, प्रेम, सन्तोष, अँध्यारो, वर्तमान, एकान्त, वीरता सबै मूल्य र भावनाहरु शून्य देखाउनुहुन्छ । '**शिरीषको फूल**' मा विसङ्गत विश्वप्रति उपेक्षा छैन, तर एक थोक छ-असहयोगियता छ । 'अब केही पनि चिताउन' मा सुयोगले जगदीयतादेखि सहयोग चुडाँएको छ । यो विद्रोह हुनसक्छ, विश्वको विसङ्गतिको विरुद्ध व्यक्तिगत विद्रोह ।" (राई, वि.सं.२०५०, नेपाली उपन्यासका आधारहरु, पृ.२०६-२१८) यहाँ पनि उपन्यासलाई विविध कोणबाट प्रष्ट पारिएको देखिदैन, विसङ्गतिवादको आधारमा मात्र हेर्न खोजिएको छ ।

(**छ**) डा. मुरारीप्रसाद रेग्मीले (वि.सं.२०५० साल) ले मनोविश्लेषणात्मक समालोचना ग्रन्थमा '**शिरीषको फूल**' उपन्यासमा "बरीको आस्थाको रक्षा गर्न सक्ने पात्रको सृजना हुन नसक्दा उपन्यास निरर्थक शून्यतिर गइरहेको देखिन्छ भन्ने अभिमत दिइएको पाइन्छ।"

(रेग्मी, वि.सं.२०५०, मनोविश्लेषणात्मक समालोचना, पृ. ३३) तर यहाँ उपन्यासको मनोवैज्ञानिक स्पर्श मात्र गरिएको छ ।

**(ज)** चूडामणि रेग्मी (वि.सं २०५०) ले पारिजात : परिचय र मुल्याङ्कन शीर्षकमा यसरी चर्चा गरेका छन् । चूडामणि रेग्मीको भनाइ अनुसार "नेपाली प्रख्यात बामपन्थी लेखक खगेन्द्र सङ्ग्रौलाले **'शिरीषको फूल'** लाई 'मृत्युपूजक' उपन्यास ठान्दछन्" तर यहाँ उनको सानो टिप्पणी दिने कार्य बाहेक अरु खासै चर्चा गरेका छैनन् ।

**(झ)** समालोचक डा. वासुदेव त्रिपाठी (वि.सं.२०५१ साल) ले (पारिजातले सिर्जेको ……पारिजात स्मृति ग्रन्थ, पृ.१९९ ) मा सिर्जेको साहित्यिक श्रृङ्खलाको चर्चा गर्दै

'औपन्यासिक कलाका कसीमा रुपनारायण सिंहको 'भ्रमर' (१९९३) पछि नेपाली भाषामा सिर्जिन पुगेको कलात्मक उत्कृष्ट गुणस्तरको एक अर्को उपन्यासका रुपमा शिरीषको फूल देखापरेको कुरा स्वीकार गरेका छन् ।' आधुनिक नेपाली उपन्यासका क्रमिक धारागत प्रमुख मोडका दृष्टिले पनि रुपनारायण सिंह, लैनसिंह वाङ्गदेल,गोविन्द गोठाले, विजय मल्ल र इन्द्रबहादुर राईपछि **शिरीषको फूल**ले पारिजातलाई उत्कृष्ट उपन्यासकारका रुपमा उभ्याएको कुरा पनि डा.त्रिपाठीले बताएका छन् । तर यहाँ पनि उपन्यासको समग्र पक्षमा चर्चा उठेको पाइँदैन ।

**(ञ)** डा. ऋषिराज बरालले नकुल सिलवाल (वि.सं.२०५२) द्वारा सम्पादित वगर साहित्यिक पत्रिकामा 'केही उत्कृष्ट रचनाहरु' शीर्षकमा **शिरीषको फूल**मा डरलाग्दो रुप र कलात्मकता प्रस्तुत भएको छ भनेर सानो टिप्पणी गरेको कुरा पढ्न पाइन्छ ।

**(ट)** रामप्रसाद ज्ञवाली (वि.सं. २०५५ साल) ले जम्को पत्रिकामा **शिरीषको फूल**लाई अस्तित्ववादी सबल र सफल उपन्यास मान्दै भेनेका छन्- यसमा स्वयम् पारिजात पसारिनुभएको छ । नायिका सकमबरीको चरित्र, शरीर र प्रवृति हेर्दा ऊ पारिजात कै झण्डै-झण्डै प्रतिच्छाया हो भन्न सकिन्छ । पारिजातले भोग्नु भएको जीवन एउटा यर्थाथ

नै हो तर त्यही यथार्थ जस्तै सबै संसारलाई ठान्नु उहाँको अज्ञानता हो । (वि.सं.२०५०, जम्को साहित्यिक मासिक पत्रिका,अङ्क-२,पृ.८) तर यहाँ **'शिरीषको फूल'** लाई पारिजातको जीवन भोगाइका सापेक्षतामा मात्र हेर्न खोजिएको छ, अन्य पक्षहरु औल्याएको छैन ।

उपर्युक्त चर्चाका साथै निनु चापागाई, राजनारायण प्रधान,अशेष मल्ल, मोदनाथ प्रश्रित ,डा. ध्रुबचन्द्र गौतम जस्ता विद्वानहरुले पनि आ-आफ्नै दृष्टिकोणबाट पारिजात र **शिरीषको फूल** सम्बन्धी टिका-टिप्पणी गरेका छन् । तर पनि विविधकोणबाट एकत्रित रुपमा अध्ययन र विश्वलेषण हुन नसकेको हुँदा यस शोधपत्रमा सो अभाव पुरा गर्ने प्रयास गरिएको छ ।

## १.६ शोधकार्यको महत्त्व

विसङ्गतिवादी-अस्तित्ववादी धारातलमा सिर्जिएको यस उपन्यासका बारेमा इन्द्रबहादुर राई, गोविन्द भट्ट, राजेन्द्र सुवेदी, डा.ईश्वर बराल, डा.मुरारिप्रसाद रेग्मी, डा. वासुदेव त्रिपाठी, चुडामणि रेग्मी आदि विद्वान तथा समालोचकहरुले विविध रुपमा समालोचनात्मक टिप्पणीहरु गरेतापनि यस विषयमा एकत्रित अध्ययनको अभाव रहेको र शोधपत्र तयार गरिन आवश्यक देखिन गएकोले यस शोधपत्र लेख्ने प्रयास गरिएको छ । विविध पक्षबाट अध्ययन गरी तयार पारिएको यस शोधप्रबन्धले दुर्बोध तथा जटिल भन्दै यस उपन्यासका सम्बन्धमा रुचि जगाउन सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा गरिएको छ ।

## १.७ शोधविधि

यस शोधकार्यमा मुलतः पुस्तकालीय विधिका आधारमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, समीक्षात्मक लेख टिप्पणीहरुको अध्ययनबाट सामग्री सङ्कलन गर्नुका साथै पारिजातका १० वटा उपन्यासहरुको अध्ययन तथा अन्य उपन्यासहरुको अध्ययनबाट सामग्री संकलन गरिएको छ । शोधसँग सम्बन्धित किताबहरु जस्तै पारिजातको विषयमा भए गरेको अनुसन्धात्मक शोधपत्रहरुको पनि आधार लिइएको छ । यसका अतिरिक्त

विषय विशेषज्ञसँग सम्पर्क गरी अन्तिमरुप दिइएको छ । शोधक्रममा प्रमाणित करणका लागि सम्बन्धित व्यक्तिको नाम र मिति दिएर पुष्टि गरिएको छ । अङ्कको सङ्केतका आधारमा पादटिप्पणी दिने प्रक्रिया अपनाइएको छैन् ।

## १.८ शोध सीमाङ्कन

प्रस्तुत शोध पारिजातको उपन्यास **शिरीषको फूल** (वि.सं. २०२२) को कृतिपरक अध्ययन र विश्लेषणमा सीमित रहेको छ । यहाँ पारिजातद्वारा लिखित प्रस्तुत उपन्यासको आकार, भाषा, शैली, सन्देश र यसमा रहेका चरित्रहरुको अध्ययन गरी त्यसमा रहेका विशेषताहरुलाई छुट्याउन प्रयत्न गरिएको छ । उनी एक उत्कृष्ट उपन्यासकार नभई बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुन् । उनका अन्य कृतिहरुको विश्लेषण गरिएको छैन । केवल यो शोधपत्रमा पारिजातका **शिरीषको फूल** उपन्यासमा कृतिपरक संरचनाबारे अध्ययन र त्यसै अनुसार विश्लेषण गरिएको छ ।

## १.९ शोधप्रबन्धको रुपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित पार्नका लागि पाँच अध्यायमा विभाजन गरी आवश्यकता अनुसार मूल शीर्षक र उपशीर्षकहरु समेत प्रयोग गरिएको छ । शोधपत्रको अन्तमा सन्दर्भसूची राखिएको छ । यसको रुपरेखालाई निम्न अनुसार स्पष्ट्याइएको छ ।

**(क) पहिलो अध्याय : शोधप्रस्ताव**

**(ख) दोस्रो अध्याय** : उपन्यासकार पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय,

(ग) **तेस्रो अध्याय** : औपन्यासिक आधारमा **'शिरीषको फूल'** उपन्यासको विश्लेषण ,

(घ) **चौथो अध्याय** : 'शिरीषको फूल' उपन्यासको सैद्धान्तिक आधारमा विश्लेषण

(ङ) **पाचौं अध्याय** : उपसंहार र निष्कर्ष

## १.१० सन्दर्भ सूची

(क) सन्दर्भ ग्रन्थ सूची

(ख) सन्दर्भ पत्रिका सूची

# अध्याय २

## उपन्यासकार पारिजातको जीवनी व्यक्तित्व र कृतित्वको परिचय

### २.१ पारिजातको जीवनी

पारिजात नेपाली साहित्याकाशकी एक उज्ज्वल नक्षत्र हुन् । उनको जन्म वि.स. १९९४ सालको बैशाख महिनामा दार्जिलिङको लिंगिया चियाकमानमा भएको थियो ।(नेपाली पाठ्यपुस्तक कक्षा-९, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी भक्तपुर पृ. ४८) उनको न्वारानको नाम बिष्णुकुमारी वाइबा र तामाङ परम्परा अनुसार लामाले दिएको नाम छेकुडोल्मा भए पनि उनी साहित्यानुरागी पाठकहरु त्था जनतामाझ 'पारिजात' नामबाट नै चर्चित र प्रसिद्ध बन्न पुगिन् । ( पाठ्यपुस्तक कक्षा ९, पूर्वबत् पृ. ४८) बाबु डा. कें एन् बाइबा र माता अमृत मोक्तान । वाइबाको तेस्रो सन्तानका रुपमा सुश्री बिष्णुकुमारी वाइबाको जन्म भएको हो । पहाडकी रानी मानिने दार्जिलिङको रमणीय र सुन्दर परिवेशमा उनको बाल्यावस्था र किशोरावस्थाका दिनहरु बिते । सानैदेखि उनी

साहित्य र दर्शनमा रुचि राख्थिन् तर बाबु भने उनलाई चिकित्सा क्षेत्रको डाक्टर बनाउने सपना देख्थे । यसरी बाबु र छोरीबीच इच्छा -अनिच्छाको बिरोधाभास चलेको थियो । भ्रमणमा रुचि भएकी बिष्णुकुमारी बाइबा बाल्यकालदेखि नै स्वतन्त्रता प्रेमी स्वाभिमानी र हठी स्वभावकी थिइन् भने कुरा उनको आत्मसंस्मरणमा पनि उल्लेख भएको पाइन्छ । वि.सं.२०५४, पारिजात, एउटा चित्रमय शुरुवात , पारिजातका सङ्कलित रचनाहरु, ग्रन्थ - ४, निर्माण प्रकाशन सिक्किम, पृ. ५३-५५ )

बिष्णुकुमारी वाइबाको प्रांरम्भिक शिक्षादीक्षा पनि दार्जिलिङको सुरभ्य वातावरणमै भयो । गर्ल्स हाईस्कुल सेन्ट टेरेजा शारदेश्वरी, दार्जिलिङबाट उनले प्रारम्भिक शिक्षा प्राप्त गरिन् । वि. सं. २०११ सालको मंसिर महिनामा  बाबुसँग उनी पहिलो पल्ट

काठमाडौं आइन् र सोही साल एस. एल. सी. परीक्षा दिइन् । यस अघि उनका दाजु शिवकुमार बाइबाको वि.सं. २०१० सालमा नै आकस्मिक मृत्युभइसकेको  थियो । ( पारिजात, २०५४, एउटा चित्रमय शुरुवात पूर्ववत् पृ. ५७) आमाको ममताबाट समेत उनले बाल्यकाल मै बञ्चित हुनु परेको थियो । पद्मकन्या क्याम्पस, काठमाडौंबाट उनले आई.ए. (सन् १९५७) र बी.ए.(सन् १९५९)उत्तीर्ण गरिन् । त्यसपछि उनले त्रिभुवन विश्वविद्यालय , काठमाडौंमा  स्नाँतकोत्तर तहमा अंग्रेजी बिषय लिएर अध्ययन ( सन् १९६० मा ) गर्न थालिन् तर शारीरिक अशक्तता र लेखन कार्यमा बिशेष सक्रिय भएका कारणले उनको इच्छा अधुरै रह्यो, परीक्षा भने दिइनन् । (नेपाली पाठ्यपुस्तक कक्षा ९, पारिमार्जित सँस्करण, २०५६ पृ. ४९ )

सानैदेखि अन्तर्मुखी र स्वाभिमानी चरित्रकी सुश्री वाइबाले वि.सं.२०१२ सालतिर कबितालेखनको माध्यमबाट साहित्यिक सृजनाको यात्रा आरम्भ गरिन् । ( पारिजात ,२०५४, एउटा चित्रमय शुरुवात, पूर्ववत् पृ. ५७ ) त्यसपछि उनी पारिजात नामबाट परिचित हुन थालिन् । पारिजातले तेह्र बर्षको कलिलो उमेरमै प्रेम सम्बन्धि त्रासदीलाई भोल्नु परेको थियो । स्वाभिमानी, हठी चरित्र एवम् उच्चता ग्रन्थीको प्रबलताले उनलाई कसैप्रति पनि समर्पित हुन दिएन ।  उनले  धेरै  युवकहरुको  प्रेम  प्रस्तावलाई अस्वीकार

गरिन् । तर उनलाई अन्तर्मनदेखि नै प्रेम गर्ने एक जना 'प्रेमार्थी' लाई भने पारिजातले जीवनमा भुल्न सकिनन् । उसप्रति  गरेका अस्वीकृतिहरु उनीभित्रको घमण्डी नारीबोधको प्रतीक थियो । ( ज्ञवाली वि.सं.२०५५, पारिजातको सृजनकारिताको अध्ययन.... जम्को मासिक अङ्क-२ पृ.४) त्यसको प्रताडनाले उनमा रहेको प्रणयकामना बोकेको नारीत्वमा आघात पुर्‍याइदियो । फलस्वरुप उनबाट भावुक र रोमाण्टिक कविताहरु प्रकट हुन थाले । ती कविताहरु निराश र दुःखद जीवनका अभिब्यक्ति भाव थिए । ( पारिजात, एउटा चित्रमय शुरुवात, पूर्ववत् )

पारिजात एक अत्यन्त स्वाभिमानी र स्वतन्त्रताप्रेमी नारी थिइन् । सानैदेखि प्रकृतिको काखमा लडीबुडी खेल्दै फ्रकभरि चापका कोपिला बटुलेर तथा उनिउँ घारीभित्र

पल्टेर निकै रमाउँथिन् । कहिले नागबेलीको माला, कहिले लेकाली खोलाको पानीमा पुतलीको घाँघर र सुरुवाल धोएर हाँसेकै हुन्थिन् । अँगालो भरि जङ्गली फूल, झारपात, गट्टा र बल्ढ्याङ्ग्रा खेलेर प्राकृतिक काखमा रमाउँथिन् । उनी कृत्रिमता विरोधी भएकाले कुनै पनि ब्यक्ति वा वस्तुको सहजपनलाई मात्र बिशेष महत्त्व दिन्थिन् । उनी सानैदेखि घुम्न, डुल्न र प्रकृतिको काखमा विचरण गर्न बढी मन पराउँथिन् । भावुक र कल्पनाशील भएकाले उनी प्रकृति प्रेमी थिइन् । पानीमा रुभ्दैरुभ्दै घुम्ने, वन जङ्गल चहार्ने, जङ्गली फूलहरु टिप्ने, राम्राराम्रा ढुङ्गाहरु बटुल्ने, जूनेली रातमा फूलबारीमा एक्लै घुम्ने र एकान्तमा गएर घन्टौंसम्म बसिरहने जस्ता आफ्नो प्रकारका बानीहरु उनमा थिए । स-साना घटनाले पनि उनलाई गहिरो प्रभाव पार्दथ्यो किनभने उनी ज्यादै संवेदनशील, अन्तर्मुखी र कोमल ह्रदयकी थिइन् ।

यसरी आफ्नो किशोरावस्थाका दिनहरु स्वच्छन्दतापूर्वक व्यतित गरिरहेकी पारिजातमा प्रेमका त्रासद अनभूतिले एकातिर विरह र वेदनाका स्वर पोख्न मद्दत गऱ्यो भने अर्कातिर बिस्तारै शारीरिक कमजोरीका क्षणहरुलाई पनि आमन्त्रण गऱ्यो । फलतः जीवन प्रति निराशा र हतासको बाटोतर्फ अग्रसर हुनमा प्रेरित गर्दै ल्यायो । तेह्र बर्षको उमेरदेखि अलि अलि शरीर दुख्न शुरु भई पन्ध्र बर्षको उमेरमा ओछ्यान पर्नु परेको र

पछि हाडजोर्नीहरु दुख्ने रोगले आक्रान्त भई उपचार प्रयास पश्चात् समेत निको नभई हातखुट्टाका नसा कुँजिएर विकलाङ्गताको शिकार बन्न पुगिन् उनले पीडा र शारीरिक असक्षमता भोग्दै मृत्यु सन्निकट जीवनमा युद्ध गर्दै जिउनु परेको थियो । पराधीनतालाई कुनै पनि हालतमा नस्वीकार्ने स्वभिमानी र स्वतन्त्रताप्रेमी पारिजातमा पराश्रित भएर बाँच्नुपर्ने बाध्यताको सृजना भएपछि उनीभित्र मानसिक कुण्ठा विसङ्गति निस्सारताबोध, शुन्यताबोध जस्ता मृत्युन्मुखी चेतनाले जरो गाडिदिए । वि.स. २०१९ , २०२० र २०२१ सालको अवधि उनका लागि अति कष्ठमय र पीडाग्रस्त रह्यो ( पारिजात, एउटा चित्रमय शुरुवात्, पूर्ववत् पृ.७७ ) शारीरिक पीडाबाट आक्रान्त भई आफ्नो रहर र सपना गुमाएकी पारिजातमा जीवनप्रति वितृष्णा, मृत्युबोध , निस्सारता र शुन्यबोधका अन्तर्मुखी चेतनाले जरा गाड्दै गयो । ( पुर्ववत् , पृ. ६१ ) 'मैले नजन्माएको छोरो' जस्ता विसङ्गतिवादी कथा

सृजनाबाट साहित्यमा विधा विस्तार गर्दै उनी वि. सं. २०२२ मा आउँदा नेपाली उपन्यास परम्परामा नै नौलो हलचल ल्याउन सफल भइन् । **शिरीषको फूल** उपन्यासको प्रकाशन र मदन पुरस्कार (वि.सं.२०२२ साल) प्राप्त गरेपछि उनी प्रसिद्धिको चुलीमा नै पुगिन् । ( रेगमी, वि.सं.२०५०, पारिजातः परिचय र मूल्याङ्कन पृ.४२ ) अस्तित्ववादी दर्शनको प्रतिपादन गरिएको सो कृतिमा घोर निराशावादी, शुन्यवादी एवम् पलायनको स्वर गुञ्जेको पाइन्छ । यसभित्र पारिजातको त्यसबेलाको अवस्थामा जीवनलाई हेर्ने दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । उनको दर्शन निस्सारतावादी दर्शन थियो जसलाई स्वयम् पारिजातले व्यक्तिवादी दर्शन मानेको पाइन्छ । ( पारिजातका सङ्कलित रचनाहरु, ग्रन्थ-६, वि.सं.२०५४, पूर्ववत् पृ. २५८ )

**शिरीषको फूल** (२०२२) उपन्यासवाट पारिजात चर्चित र विवादास्पद हुन पुगिन् । समालोचक गोविन्द भट्टले पारिजातको मदन पुरस्कार प्राप्त कृति **शिरीषको फूल** लाई निस्सार र खोक्रो कागजको फूलसँग तुलना गरी दिए । ( भट्ट, वि.सं.२०२३ , **शिरीषको फूल** कि कागजको फूल ? हिमानी, वर्ष - २, अङ्क -४, पृष्ट १२३ - १३२ ) पारिजातले सधैंभरि निस्सारतावादलाई मात्र काखी च्यापिन् । उनी परिवर्तित हुँदै गइन् । एक समयमा उनी 'राल्फा' समूहको नेतृत्वगर्दै नव अराजकतावादलाई अँगाल्न पुगिन् ।

रमेश, रायन, मञ्जुल, निनु, विमल, अरिम आदि उत्साही युवाहरु त्यस जमातमा समाहित थिए । ( चामलिङ , वि.सं.२०५४, भूमिका, पारिजातका सङ्कलित रचनाहरु, ग्रन्थ- १, पूर्ववत् । ) राल्फाकै क्रममा विविध साँस्कृतिक कार्यक्रम र छलफल गर्दै देशका विविध भाग र प्रवासमा समेत भ्रमण गर्न पुगेकी पारिजात आफ्नो शारीरिक कष्टका बावजुद पनि सृजनात्मक कार्यमा निरन्तर अग्रसर रहेको पाइन्छ । व्यक्तिबोधबाट समूहबोधतर्फ राल्फा सङ्क्रमण अवधि (वि.सं.२०२४-वि.सं.२०२९) हुँदै उत्तरवर्ती वामपन्थी मार्क्सवादी विचारतिर हुदै जाँदा उनको मृत्यु - सन्त्रास क्रमशः क्षीण भई क्रान्तिचेत तिखारिन पुगेको तथ्य उनका उत्तरचरणका कृतिबाट प्राप्त गर्न सकिन्छ ।

शारीरिक रुपले अशक्त भए पनि पारिजातको मानसिक तथा बौद्धिक धरातल फराकिलो थियो । अदम्य साहस र बहुमुखी प्रतिभाकी धनी पारिजात सहयोगी र निडर स्वभावकी व्यक्तित्वकी धनी थिइन् । उनलाई फूलहरु निकै मन पर्थ्यो । त्यसैले आफ्नो नाम पनि एक दिव्य र सुवासित फूल पारिजातबाटै राखिन् र त्यसलाई सार्थक तुल्याइन् । फूलहरु पोल्टाभरी टिप्नु, गीत गाउनु , खाना पकाउनु , यायाबर बन्नु, खोला किनारा र जङ्गल तथा बगैंचामा घुम्नु, सुन्दर ढुङ्गाहरु बटुल्नु आदि उनका रहरहरु हुन् । राम्राराम्रा फूलहरु गमलामा फुलाउनु, चट्ट पारेर कोठा सजाउनु उनको विशेष सोख थियो । उनलाई वर्षा ऋतृ, गुराँसको फूल र हरियो रङ विशेष मन पर्दथ्यो । खानामा छ्वेला, मोमो सुक्खा रोटी, गोलभेडा आदि उनलाई मनपर्ने कुरा उल्लेखित छ । ( चापागाई र संग्रौला, वि..सं. २०५१, परिजात स्मृतिग्रन्थ, पृ. झ )

साहित्य राजनीतिबाट निरपेक्ष रहन सक्तैन भन्ने कुरा उनका वि.सं.२०३० सालपछिका साहित्यिक कृतिहरुले देखाउँछन् । अर्थात् उनी वि सं.२०३० को दशक यता राजनीतिक रुपमा वामपन्थी विचारधारामा आवद्ध भएर ने.क.पा. चौंथो महाधिवेशनप्रति प्रतिबद्ध बनिन् र उनका त्यसपछि कथा, उपन्यासहरुमा पनि यसको प्रभाव पर्न थाल्यो । ( अर्याल, वि.सं.२०५१, पारिजात स्मृतिग्रन्थ, पूर्ववत् पृ. ५४- ६६ ) फलस्वरुप उनका

रचनाहरुमा मार्क्सवादी सौन्दर्यशास्त्रको प्रयोग हुन थाल्यो । वि..सं. २०३० पछिको नेपाली राजनीतिमा घटेका अनेक प्रभावकारी घटनाहरुको छाप पारिजातका प्रगतिवादी रचनाहरुमा पाइन्छ । प्रगतिवादी साहित्यकारहरु, वामपन्थी विद्वान्, चिन्तक र क्रान्तिकारीहरुसँगको सम्पर्कबाट पारिजातले निराशा र पलायनको प्रवृति त्यागिन् र उनका जीवनप्रति मोह, रुचि र विश्वास पलाएर आयो तथा समाजवादी यथार्थलाई साहित्य सृजनामा महत्त्व दिन थालिन् ।

परिजातको बैठककोठामा सधैंजसो साहित्यिक व्यक्तित्वहरु एवम् विद्वान् वर्ग र राजनैतिक चिन्तकहरुको जमघट भइरहन्थ्यो । उनले नवयुवाहरुलाई उत्साहित गर्दै सृजनाको बाटोमा अग्रसर हुन प्रेरित गर्थिन् । बहिनी सुकन्या पारिजातकी सहयात्री बनेर

बाल्यकालदेखि उनको मृत्युपर्यन्त सेवा गर्दैरहिन् । पारिजातको देहान्तपश्चात् पनि 'पारिजात स्मृतिकेन्द्र' स्थापना गरेर पारिजातका साहित्यिक कृतिहरुको संरक्षण गरिरहेकी छन् । पारिजातका राल्फाकालीन साथीहरु पनि पछि प्रगतिवादीतर्फ प्रतिबद्ध भएर पारिजातले देखाएको बाटो अनुशरण गरिरहेछन् । ( रमेश, वि.सं.२०५१ परिजात स्मृति ग्रन्थ पृ. ४८ । ) यसरी वि.सं.१९९४ सालको वैशाख महिनामा जन्मेर वि.सं.२०५० सालको वैशाख ५ गतेको विहान मिर्मिरेमा वीर अस्पताल काठमाडौमा उपचार हुँदाहुँदै दिवङ्गत भएकी सरस्वतीकी वरदपुत्री पारिजात आफ्ना अमर कृतिहरुमाभ्कँ बाचिरहेकी छन् । उनका कृतिमा नेपालीहरुको आवाज मात्र होइनन्, विश्वजनीन आवाज लुकेका छन् भन्ने कुरा मेरिल्याण्ड विश्वविद्यालयको सापेक्ष साहित्य विभागकी प्राध्यापक मागरिट स्याण्ड्सले उल्लेख गरेकी छन् । ( स्याण्ड्स, २०५१ , पारिजात स्मृतिग्रन्थ, पूर्ववत् पृ. १६४ - १६५ ) उक्त कुरा पारिजातको चर्चित उपन्यास **शिरीषको फूल**का सन्दर्भमा गरिएको छ, जसको अंग्रेजी अनुवाद **BLUE MIMOSA** लाई मेरिल्याण्ड विश्वविद्यालयले आफ्नो पाठ्यक्रममा समावेश गरेको छ ।

नेपाली साहित्यको इतिहासमा महाकवि लक्ष्मीप्रसाद देवकोटापछि प्रमुख साहित्यिक व्यक्तित्वको नाम लिंदा निश्चय नै पारिजातकै नाम अघि आउँछ । तर

उनले त नेपाली नागरिकता नलिएरै मृत्युलोक पुगिन् । ( सुकन्या, वि.सं.२०५१, अक्षरमा बाँचेकी तिमी...... , पारिजात स्मृतिग्रन्थ, पूर्ववत पृ. ९० ) पारिजातको उचित मूल्याङ्कन र सम्मान न उनी जिउँदो हुँदा भयो न त मृत्युपश्चात् । सधै उनलाई विवादको घेराभित्र राख्ने प्रयास गरियो । पारिजातको जीवनकथा जति त्रासद र कारुणिक रह्यो त्यतिकै उत्साहबर्द्धक र प्रेरणादायी पनि छ । जीवनमा केही गर्नका लागि शारीरिक स्वस्थ्यताले मात्र हुँदैन, अदम्य साहस, जोश, जाँगर र लगनशीलता चाहिन्छ भन्ने कुरा उनीबाट सिक्न सकिन्छ ।

## २.२ पारिजातको व्यक्तित्व:

## क) पारिजातको संलग्नता

साहित्यिक संस्थामा प्रवेश

१. वि. सं. २०१४ सालमा 'रोदीघर' नामक संस्थामा आबद्ध ।

२. राल्फा आन्दोलनको नेतृत्व

२०२३ सालमा आरम्भ भएको 'राल्फा' आन्दोलनको प्रेरक, केन्द्रबिन्दु र अगुवा व्यक्तित्व

३. जन - आन्दोलनमा सहभागियता

वि.सं. २०३५ / २०३६ सालको जन - आन्दोलनपछि महिला जागरण कार्यक्रम, भूमिगत प्रशिक्षण जस्ता कार्यमा सक्रिय । साथै 'अखिल नेपाल महिला संघ' को अध्यक्षमा निर्वाचित ।

४ प्रलेसको पुनः संस्थापनमा योगदान

वि. सं. २०३६ सालमा प्रगतिशील लेखन कलाकार संघको पनि संस्थापनमा क्रियाशील भई उक्त संघको केन्द्रीय सदस्यको कार्यभार बहन र अन्तसम्म सल्लाहकारमा संलग्न ।

५ 'उत्साह' को सह-सम्पादन

वि.सं.२०४३-२०४५ मा 'उत्साह' साहित्यिक मासिक पत्रिकाको सह-सम्पादन ।

६ इसासमा सम्बद्ध

वि.सं. २०४४ मा 'इन्द्रेणी सास्कृतिक समाज'को मनार्थ अध्यक्ष ।

७ मानव अधिकारप्रति सम्बद्ध

वि.सं.२०४५ सालमा 'नेपाली मानव अधिकार संगठन' को संस्थापक उपाध्यक्ष ।

८.महिला मुक्तिका निम्ति क्रियाशीलता

वि.सं.२०४६ सालमा 'अखिल नेपाल महिला मञ्च' को संस्थापक अध्यक्ष ।

९ जन-आन्दोलनमा क्रियाशीलता

वि.सं.२०४६ सालको जन-आन्दोलनमा अन्य कार्यकलापहरुका अतिरिक्त चैत्र ३ गते आयोजित लेखक कलाकारहरुको कालोपट्टी बाँधी बिरोध प्रदर्शन गर्ने कार्यक्रममा सहभागी र गिरफ्तारी ।

१० प्राज्ञिक सङ्घर्षमा क्रियाशीलता

प्रज्ञा प्रतिष्ठानको प्रजातान्त्रीकरणको माँग पूरा गराउने प्रयत्नको क्रममा जन-आन्दोलनपछि गठित 'प्राज्ञिक सङ्घर्ष समिति' को क्रियाशील संयोजक ।

११ बन्दीहरुको सहयोगमा संलग्न

वि.सं. २०४८ सालमा 'बन्दी सहायता नियोग' नामक संस्थाको संस्थापक अध्यक्ष

१२ अन्तर्राष्ट्रिय संघ-संस्थाहरुमा संलग्नता

*International Faminist Association,outwrite, society for women geographer,Amnesty International* जस्ता सङघ-संस्थासँग सम्बन्ध ।

## ख पारिजातको भ्रमण

१ दार्जिलिङ भ्रमण

नेपाल आगमनको सातबर्षपछि एक महिनाको निम्ति दार्जिलिङ भ्रमण ।

२ स्वदेश भ्रमण

राल्फाली आन्दोलनको क्रममा वीरगञ्ज, कलैया, भीमफेदी, हेटौडा आदि स्थानहरुमा भेटघाट, छलफल, वादविवाद र गोष्ठी जस्ता कार्यमा सहभागी हुदै भ्रमणमा सक्रिय ।

३ प्रवास भ्रमण

'राल्फा' आन्दोलनकै क्रममा अशक्त शारीरिक अवस्था र असह्य पीडाको पर्वाह नगरी दार्जिलिङ , कालिम्पोङदेखि सिलाङसम्मको भ्रमण भएको देखिएको छ ।

४ दोस्रो स्वदेश भ्रमण

'राल्फा' समूह सहित वि.सं. २०३६ सालमा नारायणगढ, पोखरा, पाल्पा, भैरहवा आदिको भ्रमण ।

५ 'वेदना' सास्कृतिक यात्रा

'वेदना साँस्कृतिक परिवार' को तत्परतामा वि.सं. २०३७ सालमा भारतका विभिन्न प्रान्तस्थित नेपाली बस्तीहरुको सांस्कृतिक भ्रमण ।

६ दोस्रो 'वेदना' सांस्कृतिक यात्रा

'वेदना सांस्कृतिक परिवार' संगै बिराटनगरदेखि दार्जिलिङ सम्मको सांस्कृतिक भ्रमण ।

७ स्वास्थयोपचारका निम्ति

अ. भारत गमनः- रोगमुक्त हुने आशालिई वि.सं. २०२६ सालमा भेलोर गमन ।

आ. दोस्रोपटक भारत गमनः- वि.सं. २०२९ सालमा अल इण्डिया मेडिकल इन्स्टिच्युट, दिल्ली गमन ।

इ. तेस्रो पटक भारत गमनः- वि.सं. २०३० सालमा खुट्टाको उप-चारार्थ अल इण्डिया मेडिकल इन्स्टिच्युट, दिल्ली गमन

ई. अन्तिम प्रयासः- वि.सं. ३०३१ सालमा अल इण्डिया मेडिकल इन्स्टिच्युट, दिल्लीमा स्वास्थयोपचारको अन्तिम प्रयास ।

## ग. पारिजातलाई पुरस्कार, सम्मान र बृति

मदन पुरस्कार

वि.सं. २०२२ सालमा **शिरीषको फूल** उपन्यासका निम्ति 'मदन पुरस्कार' प्राप्त ।

गङ्गी-बसुन्धरा पुरस्कार

वि.सं. २०४९ सालमा 'गङ्गी बसुन्धरा' पुरस्कार प्राप्त ।

सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार

वि.सं. २०५० सालमा 'बैशालु वर्तमान' कविता सङ्ग्रहका निम्ति 'सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार' प्राप्त ।

त्रि. वि. सभा सदस्य

वि.सं.२०४८ सालमा 'त्रिभुवन विश्वविद्यालय सभा' को सदस्यमा मनोनित ।

त्रि.वि. द्धारा अभिनन्दित

वि.सं.२०४८ सालमा 'नेपाली केन्द्रीय शिक्षण विभाग, साहित्यकुञ्ज त्रि.वि 'द्वारा आयोजित 'भानुजयन्ती र स्रष्टा अभिनन्दन समारोह' कार्यक्रम अन्तर्गत अभिनन्दित ।

तामाङ छेदुङद्वारा अभिनन्दित

वि.सं. २०४९ सालमा 'नेपाल तामाङ घेदुङ संघ' द्वारा अभिनन्दित ।

'जनमत' द्वारा अभिनन्दित

वि.सं. २०४९ सालमा 'जनमत' साहित्यिक मासिक पत्रिकाद्वारा अभिनन्दित ।

विदेशी  पाठ्यक्रममा पारिजात

**शिरीषको फूल**को अंग्रेजी अनुवाद *Blu mimosa* संयुक्तराज्य अमेरिकाको मेरिल्याण्ड विश्वविद्यालयको पाठ्यक्रममा समाविष्ट ।

प्रज्ञा वृति

वि.सं. २०३२ सालदेखि 'नेपालराजकीय प्रज्ञा प्रतिष्ठान' द्वारा निमित्त विद्वत् वृति प्रदान ।

## २.३ पारिजातको कृतित्व : सृजनात्मक लेखनको आरम्भ र औपन्यासिक यात्राका चरणहरु

### २.३.१. सृजनात्मक लेखनको आरम्भ

वि.सं २०१२ सालदेखि पारिजातले कवितालेखनबाट नेपाली साहित्यको धरातलमा पदार्पण गर्न थालेकी हुन् । वि.सं. २०१३ सालमा धरती पत्रिकामा कविता प्रकाशित भएपछि उनी बिष्णुकुमारी वाइबा नाउँ भन्दा पारिजात नाउँबाट परिचित हुन थालिन् । उनको साहित्यिक सृजनशीलताको अभिव्यक्ति स्वच्छन्दतावादी भावुक

कवितालेखनबाट थालिएको पाइन्छ । बाल्यकालदेखि नै आमा, दाजु र आफन्तहरुको मृत्युको पीडा भोगिसकेकी पारिजातको भावसंवेदनामा मृत्युबोध एक उत्प्रेरक कारकका रुपमा रह्यो । वि.सं. २०१२ सालदेखि कविता,  वि.सं. २०१८  सालदेखि कथामा र वि.सं २०२२ सालदेखि उपन्यासमा परिचित भएकी पारिजातका अहिलेसम्म १० वटा उपन्यास, ४ वटा कथा सङग्रह, ३ वटा कविता सङ्ग्रह, ३ वटा आत्मसंस्मरण सङ्ग्रह र एक

नारीमुक्ति लेख सङ्ग्रह गरी जम्मा २१ वटा कृतिहरु पुस्तकाकार रुपमा प्रकाशित भएका हुन् । ती यस प्रकार छन् ।

**कविता सङ्ग्रह**

१ आकांक्षा ( २०१४ )

२ पारिजातका कविताहरु ( २०४४)

३ बैंसालु वर्तमान ( २०५० )

**कथा सङ्ग्रह**

१ आदिम देश (२०२५)

२ सडक र प्रतिभा (२०३२)

३ साल्गीको बलात्कृत आँसु (२०४३)

४ बधशाला जाँदा आउँदा (२०४९)

**उपन्यास**

१ शिरीषको फूल (२०२२)

२ महत्ताहीन (२०२५)

३. बैंसको मान्छे (२०२९)

४. तोरीबारी, बाटा र सपनाहरु (२०३३)

५अन्तर्मुखी(२०३५)

६ उसले रोजेको बाटो (२०३५)

७ पर्खालभित्र र बाहिर (२०३५)

८.अनिदो पहाडसंगै (२०३९)

९. परिभाषित आँखाहरु (२०४६)

१०. बोनी (२०४८)

**आत्म संस्मरण संग्रह**

१ धूपी, सल्ला र लाली गुराँसको फेदमा (२०४३)

२ एउटा चित्रमय शुरुवात् (२०४५)

३ अध्ययन र सङ्घर्ष (२०५१)

**नारीमुक्ति बिषयक बिचार**

१ आधी आकाश (२०४८)

पारिजातको कृतिहरु सामाजिक-साहित्यिक मुल्यका दृष्टिले समान नभई असमान, बिषय तथा अन्तर्विरोधी छन् । निराशा, हताश, कुण्ठा, निस्सारता र मृत्युबोधलाई आफ्नो मादक शब्दशैलीमा अभिव्यक्त गर्ने पारिजात कालान्तरमा लाखौंलाख भोकानाङ्गा जनतालाई जीवन र सङ्घर्षका निम्ति उत्प्रेरित गर्ने स्रष्टा बनेर नेपाली साहित्याकाशमा चम्किन पुगिन् । (चामलिङ, वि.सं.२०५४, भूमिका लेख, पारिजातका सङ्कलित रचनाहरु, ग्रन्थ ५)

## २.३.१.१ कविका रुपमा पारिजात

वि..सं.२०१३ सालमा धरती पत्रिकामा पारिजातका दुई वटा कविता प्रकाशित भएको थियो (पारिजात, वि.सं.२०५४,एउटा चित्रमय शुरुवात्, पारिजातका सङ्कलित रचनाहरु, ग्रन्थ ४) उनको प्रथम पुस्तकाकार कृति आकांक्षा कविता सङ्ग्रह २०१४ सालमा प्रकाशित भएको थियो । यसमा सङ्कलित कविताहरु उनको अध्ययनकालका रचनाहरु हुन् । यसमा जम्मा १५ वटा कविताहरु सङ्कलित छन् । ती कविताहरुलाई समालोचक डा. ईश्वर बरालले नव्यरोमान्सवादी धाराका कविताहरु भनेर उल्लेख गरेका छन् । (चामलिङ, २०५४ भूमिका लेख पारिजातका सङ्कलित रचनाहरु, ग्रन्थ पाँच, पूर्ववत् ) त्यसै गरी समालोचक डा. बासुदेव त्रिपाठीले पारिजातका ती कविताहरुलाई स्वच्छन्दतावादी रुमानी परम्पराका कविता हुन् भनेका छन् ।(त्रिपाठी, २०५१, पारिजातले सिर्जेको ......, पारिजात स्मृतिग्रन्थ, पृ. १९२ २१०) ती कविताहरुमा किशोरावस्थामा उब्जिएको प्रेम, प्रणय, वियोग आदि सम्बन्धी खुल्दुलीहरु प्रकट भएका पाइन्छन् । पारिजातको 'आकाङ्क्षा' कवितासङ्ग्रह भित्रका कविताहरु यी हुन्- 'स्मृति-पत्र', 'त्यो विरही राग' 'तिम्रो सपना', 'आधार', 'गीत', 'म तेरो द्वारसम्म आउँन सकिनँ', 'मैंले यो पानी बहाएको होइन', मुक, 'अव्यक्त तर अशेष आर्तनाद', 'मेरो स्वरमा कम्पन भरिदे', 'व्यर्थ प्रयास', 'सिन्दुरको आकाङ्क्षा', 'प्रश्न-प्रत्युत्तर', 'निर्मम' 'आत्माप्रति' र 'महाभिनिष्क्रमण' (पारिजात, पारिजातका सङ्कलित रचनाहरु, ग्रन्थ ५, पूर्ववत् पृ. १-१६) यी कविताहरुमा त्यति परिपक्वता भेटिदैन, प्रेमजन्य भावुकता र प्रणय सचेतता भेटिन्छ ।

वि.सं.२०४४ सालमा पारिजातको अर्को कविता सङ्ग्रह 'पारिजातका कविताहरु' प्रकाशित भएको पाइन्छ । यसमा सङ्कलित कविताहरु वि.सं. २०१६ सालदेखि वि.सं. २०३१ साल सम्ममा 'शारदा', 'रुपरेखा', 'रचना', 'रत्नश्री', 'फूलपाती', 'कविता', 'सगुन','मधुपर्क', 'सिम्रिक' आदि विविध पत्रिकाहरुमा प्रकाशित भइसकेका पाइन्छन् । पारिजातको वि. सं. २०१६ सालदेखि वि. सं. २०२५ सालपछि २०३० सालसम्मको

राल्फाली स्वरलाई प्रतिनिधित्व गर्ने ३७ वटा कविताहरु प्रस्तुत सङ्ग्रहमा सङ्कलित छन् । यस सङ्ग्रह भित्रका कविताहरुमा नेपाली समाज र नेपाली मानसिकता भन्दा पनि विश्वको कुण्ठित र वितृष्णाग्रस्त जीवन, विश्वमा बढदै गएका आणविक भट्टीका आतङ्कले आसन्न क्षणमा ल्याएका मृत्युका सन्त्रासहरु यसले उद्घाटन गरेका यस परिस्थितिका जीवन भोगाइका बिसङ्गतिहरु, मानसिक दुर्बलता र पलायनहरु मृत्यु र नश्वरताका बोधहरु, मानवीय संवेग र त्यसका प्रतिक्रियाहरु, जीवनको निस्सारता र आत्माहत्याका आतङ्कहरु पारिजातका कवितामा प्रस्तृत भएका छन् । (सुवेदी, २०५३, सृजनविधाका परिधिमा पारिजात, पृ. ११) । 'छल', 'लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र', 'अभावग्रस्त चौतारी' आदि कविताहरुमा जीवनबोधगत बिसङ्गति भेटिन्छ भने 'वटवृक्षको अस्तित्व', 'बाँधिएको आकाश र उद्देश्यहीन म', 'मृत्युका अँगालामा', कविताहरुले मृत्युबोधगत विसङ्गति झल्काउँछन् । त्यस्तै समाजबोधगत विसङ्गतिलाई पनि उनका यस सङ्ग्रहका कविताहरुले झल्काउँछन् । जस्तैः- 'पशुत्वको मिर्मिरे', 'जुनी काट्नु एउटा वाजी' ।

स्वच्छन्दतावादी-भाववादी कवितालेखनबाट आरम्भ भई अस्तित्वादी धरातल हुँदै बैंसालु बर्तमान (२०५०) सम्म आइपुग्दा पारिजात यथार्थवादको मोडमा आइपुगेको पाइन्छ । नेपाली साहित्यको इतिहासमा अस्तित्वादी विसङ्गतिवादी परम्परावाट परिचित पारिजातको परिवर्तित मूल्य र पहिचानलाई प्रतिनिधित्व गर्ने कविता सङ्ग्रह बनेको छ- 'बैंसालु वर्तमान'। (पूर्ववत् पृ. १५) । यस सङग्रहमा 'आन्दोलन', 'बैंसालु बर्तमान', 'मृत्यु', 'म कोलाहल जन्माउन खोज्दैछु', 'जुठी दमिनीको अभिव्यक्ति' लगायत जम्मा २६ बटा कविताहरु सङ्कलित छन् । पारिजात शोषित, पीडित जनताहरुप्रति प्रतिबद्ध भएपछि रचिएका कविताहरु यस सङग्रहमा सङ्कलित छन् । मान्छे- मान्छेबीच वैषम्यको पर्खाल ठड्याएर समाजलाई कुरुप बनाउने तत्वहरु बिरुद्ध हाँक दृष्टिगोचर हुने यी कविताहरुमा नव निर्माणका निम्ति वैचारिक उर्जा प्रदान गर्ने गुणहरु सन्निहित छन् । ( चामलिङ, पूर्ववत्)

यसरी रोमाण्टिक प्रवृतिका भावुक कविताहरुवाट आफ्नो सृजनाको यात्रा आरम्भ गरेकी कवि पारिजातको कवितायात्राका चरणहरु रोमाण्टिकबाट अस्तित्ववादी-विसङ्गतिवादी एवम् पलायनवादी प्रवृतिको चरण पार गर्दै अन्तमा प्रगतिवादी यथार्थवादी चरणमा पुगेको तथ्य पाउँन सकिन्छ।

## २.३.१.२ कथाकारका रुपमा पारिजात

परिजातको सार्वजनिक कथाकारिताको यात्रा 'मैंले नजन्माएको छोरो', ( वि.सं.२०२१) जस्तो विसङ्गतिवादी-अस्तित्ववादी एवम् यौन मनोबिश्लेषणात्मक प्रवृत्तिको कथाबाट आरम्भ भएको हो । नेपाली कथा परम्परामा पुष्कर लोहनी, परशु प्रधान, प्रेमा शाह, कुमार नेपाल आदिको आगमन र रमेश बिकल, दौलत बिक्रम बिष्ट, विजय मल्ल, पोषण पाण्डे आदिको निगमनसँगै देखा परेकी पारिजात नेपाली कथा साहित्यको इतिहासमा अस्तितवादी कथाकारका रुपमा परिचित छिन् । यसका साथै उनी प्रगतिवादी कथाकारका रुपमा पनि प्रतिष्ठित छिन् ।

कथाकार पारिजातको कथायात्राको सम्पूर्ण अवधिलाई दुई चरणमा बिभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

**क ) पहिलो चरण**

परिजातको कथाकारिताको पहिलो चरणको प्रतिनिधित्व गर्ने प्रतिनिधि कथासङ्ग्रहहरु 'आदिम देश', (२०२५) र 'सडक प्रतिभा', (२०३२) हुन । विसङ्गतिवादी, आस्तित्ववादी तथा राल्फाकालीन अवधिका कथाहरुले यस पहिलो चरणको प्रतिनिधित्व गर्दछन् ।

'आादिम देश', कथासङग्रहमा जम्मा १२ वटा कथाहरु सङ्गलित छन् । ती हुन् :- 'आदिम देश', 'बीसौं शताब्दी एउटा गल्लीमा', 'सिमेण्टीभित्र एउटा राजबेली', 'सधै बित्नु पर्ने हामी', 'मैले नजन्माएको छोरो', 'एक उडानमा', 'तिउरीको फूल', 'पायारियाको गन्थ', 'सोफिज्म मेरो लोग्नेसँग कुराकानी', 'निर्माणको मोडेल समयभित्र', 'साइनो ग्यानिटको टुकासँग', 'अनिदो र शुन्यता' र 'अप्ठ्यारो र अभ्यस्त मान्छे' । (पारि- जात, २०५४, पारिजातका सङ्कलित रचनाहरु ग्रन्थ ३ पूवर्वत पृ. ३-५९) यी सबै कथाहरु अस्तिववादी चिन्तनधारा एवम् विसङ्गतिवादका चिन्तन विन्दुहरुमा सजिएका छन् । अलिकति रुप र अमूर्तता, अलिकति अन्तर्मुखी चिन्तन र अस्पष्टता, अलिकति पलायन र निस्सारता, अलिकति वितृष्णा र निराशा आदिको मिश्रित भावनामा आर्जित जीवनमूल्य र चेतनाको पहिचान अलिकति जीवनमोह र उत्कण्ठा, अलिकति बिडम्बना र बिसङ्गतिप्रतिको पलायन यस सङ्ग्रहभित्रका कथाहरुमा कथ्यवस्तु भएर आएका छन् । (सुवेदी, २०५३ सृजनाभित्रका परिधिमा पारिजात, पूर्ववत् पृ. ५७ ) क्षीण कथावस्तु अनामिक र सार्वनामिक पात्रको प्रयोग आदि प्रवृत्ति पाइन्छ । पारिजात स्वयम्का आत्मालाप र आत्मप्रक्षेपण, वैचारिक मन्धन,नारीवाद यौनेच्छापरक मनोबिश्लेषण, मातृत्वको अस्वीकृति र पुरुषप्रधान चेतनाप्रतिको आक्रोश-बिद्रोह, पशुत्व र मानवका आद्यावेग, ईश्वर-मनुष्यजीवनप्रति अनास्था आदि बिशेष रुपमा यी नवकथाका कथ्यमा मुखरित छन् । (पूर्ववत् पृ. १९८) यसरी आदिम देश भित्रका कथाहरुले आस्तित्वादी निस्सारताबोधलाई प्रकट गरेको पाइन्छ र सबै जसो कथाहरु अन्तर्मुखी छन् ।

कथाकार पारिजातको सङ्क्रमणकालीन कथाचेतको उदाहरण हो, वि.सं. २०३२ सालमा प्रकाशित कथासङ्ग्रह सडक र प्रतिभा । यस सङग्रहमा जम्मा १७ वटा कथाहरु सङ्कलित छन् । 'सडक र प्रतिभा', 'प्रतीक' 'नयाँ मान्छे', 'निस्सारतादेखि', 'बिरुद्ध', 'डायरीको आठौं पाना', 'यस ठाउँमा','अन्तर्विरोध', 'रात', 'घाम ताप्दा', 'सन्त्रास', 'देवल', 'बूढा वा', 'साथीको सम्झना', 'सँघारनेर', 'सिटीहलको बूढा ज्यामिसँग' र 'वर्कशपभित्र', यस कथा सङ्ग्रहभित्रका कथाहरु हुन् । (पारिजात, २०५४, पारिजातका सङ्कलित रचनाहरु, पूर्ववत् पृ. ६३-१२१ ) यी कथाहरु राल्फा कालीन अवधिमा रचिएका हुन् । मार्क्सवादी

चिन्तनतिरको यात्रामा असचेत रुपमा प्रवृत्त भएकी पारिजातका प्रस्तुत सङग्रहमा विसङ्गतिप्रति सचेत बिद्रोह र यथार्थप्रति अराजक आग्रह छ । (सुवेदी, पूर्ववत्, पृ. ६१) यस सङ्ग्रहभित्रका धेरै जसो कथाहरुले मृत्युन्मुखी बिषाक्त चेतना बोकेका छन् भने केही तथ्य आलोचनात्मक यथार्थवादतर्फ ढल्केका पनि पाइन्छन् ।

**ख) दोस्रो चरण**

कथाकार पारिजातको कथाकारिताको दोस्रो चरण वि.सं. २०३० र वि.सं. २०४० सालको दुई दशकको अवधि हो । यो अवधि उनले मार्क्सवादी चेतनालाई आत्मसात गरिसके पछिको अवधि हो । यस चरणका प्रतिनिधि कथासङ्ग्रहरु 'साल्गीको वलात्कृत आँसु' (२०४३) र 'वधशाला जाँदा आउँदा' (२०४९) हुन् ।

परिजातद्वारा वि.सं.२०३० को दशकमा लेखिएका १५ वटा कथाहरुको सङ्कलन 'साल्गीको बलात्कृत आँसु' संग्रहमा गरिएका छन् । यस भित्रका कथाहरु निम्नानुसार छन्:- 'सइसको चिठी', 'बोनीलाई सम्बोधन गरिएर लेखिएको चारवटा कथा', 'सम्बन्ध', 'एउटा गाउँमा', 'नेकापे सर्किनी', 'प्रतिकुलता', 'कलिलो अतित', 'यसरी एउटा नाउँ काटिन्छ', 'साल्गीको बलात्कृत आसु', 'कुनै गुलाफ ओभानो छैन यहाँ','पैसाको रङ'र 'बर्षा ऋतु' । नेपाली समाजमा देखिदै आएका विकृतिलाई, आर्थिक शोषण र दमनलाई, प्रशासनिक दुष्कृति र राजनीतिक बेइमानीलाई, मानवीय दुर्नियति र सामाजिक विसङ्गतिलाई प्रहारको केन्द्र बनाएर लेखिएका यस सङ्ग्रहभित्रका कथाहरु परिवर्तित चिन्तनको प्रतिनिधि बनेकी पारिजातका दृष्टिलाई समेट्न प्रयत्नशील देखिएका छन् । ( सुवेदी, २०५३ पूर्ववत् पृ. ६७) यी कथाहरुमा मान्छेलाई सभ्य, सुसंस्कृत सुन्दर र परिमार्जित प्राणीका रुपमा ब्याख्या गर्ने प्रयास गरिएको छ ।

कथाकार पारिजातका हालसम्म  प्रकाशित कथासङ्ग्रह हरुमा पछिल्लो कथासङ्ग्रह हो, वि.सं. २०४९ सालमा प्रकाशित 'बधशाला जाँदा-आउँदा' । यसभित्रका सात कथाहरु यी हुनः- 'शोध', 'नाटकको चौथौ चरण', 'साभ्क, उदास घरको

पिढीमा', 'बधशाला जाँदा-आउँदा', 'शकुन्तलाको चिन्तन' र 'एउटा जून पानी भित्र' । यी कथाहरुमा आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादका पक्षहरु प्रबल रुपमा प्रयोग भएका छन् । नेपाली जीवन पद्धतिमा रोग जस्तै भएर सल्केको पूँजीवादी संस्कार र त्यस संस्कार समेतका बिरुद्ध तयार सङ्घर्षमा जुट्ने चिन्तन बोकेका कथाहरु प्रस्तुत सङ्ग्रहमा समावेश भएका छन् । (सुवेदी, वि.सं. २०५३,  पूर्ववत् पृ. ७६)

यसरी समष्टिमा पारिजातको करीव तीन दशक अवधिको कथायात्रामा पहिले भाववादी, रुपवादी हुदै पछिल्ला कथाहरुमा यथार्थवादी र वस्तुवादी कथाहरु सृजना हुन पुगेका पाइन्छन् । वि.सं २०२० को दशकमा उनका अस्तित्ववादी कथाहरुमा कवितात्मक भाषा, जीवनको निरर्थकता, पलायनको प्रस्तृति र आत्मोन्मुखी प्रयोग पाइन्छ भने "राल्फा" आन्दोलनमा आबद्ध भइसकेपछि उनलाई एउटा नयाँ वैचारिक सञ्चारले आमन्त्रण गरेको पाइन्छ 'राल्फा' ले उनलाई विसङ्गतिवादी, अस्तित्ववादी चिन्तनबाट हटेर वस्तुवादी मार्क्सवादी चिन्तनतर्फ लाग्न अभिप्रेरित गर्‍यो । फलस्वरुप पारिजात वि.सं.२०३० सालपछि आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादलाई अँगालेर कथा रचना गर्न थालिन् । उनका पूवार्द्ध चरणका 'आदिम देश' र 'सडक र प्रतिभा', कथासङ्ग्रहका अधिकांश कथाहरुमा भएको विपात्रता, अकथात्मकता, चिन्तनको अमूर्ततालाई क्रमशः निराकरण गर्दै 'साल्गीको बलात्कृत आँसु' ( वि.सं.२०४३ ) र बधशाला जाँदा-आउँदा   (वि.सं.२०४९) मा आइपुग्दा पारिजातका काथाहरुले शिल्पगत ठोस प्रस्तुति र वस्तुगतता प्राप्त गरेको पाइन्छ । समग्रमा पारिजात नेपाली साहित्यका कथा परम्परागत एउटा सफल आस्तित्ववादी कथाकारका साथै एक सबल प्रगतिवादीकथाकारका रुपमा पनि प्रतिष्ठित र स्थापित भएको तथ्य पाइन्छ ।

### २.३.१.३.उपन्यासकारका रुपमा पारिजात

वि.सं.२०२२ सालमा प्रकाशित उपन्यास **शिरीषको फूल**बाट नेपाली उपन्यास परम्परामा उपन्यासकार पारिजातको उदय भयो । यस अघि उनले 'सङ्घर्ष', 'वर-पिपल', 'मानव अन्तर्यामी' र 'शारदा' गरी चार बटा उपन्यास वि.सं.

आत्मसंस्मरणबाट थाहा हुन्छ । (पारिजाात, वि. सं.२०५४, 'अध्ययन र सङघर्ष', पारिजातका सङ्कलित रचनाहरु, ग्रन्थ चार पृ. १२६-१२७) तर ती सबै उपन्यासका पाण्डुलिपि उनलाई चित नबुझेर जलाइएका थिए । उनको प्रथम प्रकाशित उपन्यास **शिरीषको फूल** (वि.सं.२०२२) बाट उनले मदन पुरस्कार र ख्याति प्राप्त गर्नुको साथै यस उपन्यासबाट उनी चर्तित र विवादास्पदसमेत बन्न पुगिन् । विसङ्गतिवादी अस्तित्ववादी दार्शनिक धरातलबाट उपन्यास लेखनको यात्रा आरम्भ गरेकी पारिजात 'राल्फा' आन्दोलन हुँदै आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादतर्फ सशक्त पाइला चाल्न पुगेको तथ्य पाइन्छ । अहिलेसम्म उनका जम्मा दश उपन्यास प्रकाशित भइसकेका छन् ती निम्नानुसार छन्ः- 'शिरीषको फूल' (वि.सं.२०२२), 'महत्ताहीन' (वि.सं.२०२५), 'बैसको मान्छे' (वि.सं.२०२९), 'तोरीबारी, बाटा र सपनाहरु' (वि.सं.२०३५), 'पर्खालभित्र र बाहिर' (वि.सं. २०३५), 'अनिदो पहाडसँगै' (वि.सं.२०३९), 'पारिभाषित आँखाहरु' (वि.सं.२०४६), 'बोनी' (वि.सं.२०४८), 'अन्तर्मुखी' (वि.सं.२०३५), 'उसले रोजेको बाटो' (वि.सं.२०३५) उपर्युक्त उपन्यासहरु नै पारिजातले लेखेकी छिन् ।

पारिजातका उपन्यासहरु प्रवृत्तिका हिसाबले मुख्यतः दुई धारामा बिभाजित गरेर अध्ययन गर्न सकिन्छ । एउटा अस्तित्ववादी एवम् विसङ्गतिवादी धारा र अर्को समाजवादी यथार्थवादी धारा । उनको 'राल्फा' कालीन अवधिलाई र पछिल्लो पथविचलन कालका उपन्यासलाई पनि पहिलो धारा अन्तर्गत नै राखिएको छ ।

**१ अस्तित्ववादी विसङ्गतिवादी धारा**

उपन्यासकार पारिजातका यस धाराका उपन्यासहरुले अस्तित्ववादी निस्सारता र व्यक्तिवादी दर्शनलाई मूल रुपमा अगालेको पाइन्छ । उनको प्रथम प्रकाशित उपन्यास **शिरीषको फूल** नेपाली उपन्यास परम्परामा एक सफल आस्तित्वादी उपन्यास मानिन्छ । यस उपन्यासमा पारिजातले नकारात्मक जीवनवोध र मानवविरोधी चिन्तनको अभिव्यक्ति दिएकी छन् । यस उपन्यासको रचना हुनु पूर्व विश्वले

दुईवटा महायुद्धको मानवसंहारकारी भयावह पीडा भोगिसकेको थियो । एकातिर जीवन त्रास र भयबाट मुक्त हुन सकिरहेको थिएन र नेपालको राजनीतिक सामाजिक व्यवस्था पनि अस्तव्यस्त र निरुपाय थियो भने अर्कोतिर स्वयम् पारिजातको स्वाभिमानी व्यक्तित्वमा शारीरिक असक्षमताले गर्दा ठूलो चोट पुगेको थियो । यस बेलासम्म उनी भित्र चरम विसङ्गतिबोध, निराशा, कुण्ठा, असंन्तुष्टि आदि बढेका थिए र उनीभित्र क्षयोन्मुखी तथा मृत्युन्मुखी जीवन चेतनाले प्रमुख स्थान ओगटेको थियो । (ज्ञवाली, वि.सं.२०५५, जम्को मासिक अङ्क-२, पृष्ठ ८) यसबाट उनमा जीवनलाई निरर्थक ठान्ने र शून्यवोध गर्ने प्रवृत्तिको विकासको फलस्वरुप **शिरीषको फूल** जस्तो निराशाावादी उपन्यास रचनाहुन पुगेको पाइन्छ ।

वि.स.२०२५ सालमा प्रकाशित पारिजातको अर्को उपन्यास 'महत्ताहीन' पनि जीवनमा क्षयोन्मुखी प्रवृतिलाई प्राथमिकता दिने घोर विसङ्गतिवादी उपन्यास हो । यो कृति बेढङ्गको रचना छ कि प्रेम-घृणा, विवाह-यौन, सुख-दुःख, मान्छे-पशु, जीवन-मृत्यु, केही कुनै सङ्गति र मुल्य भेटिदैन । ( चापागाइँ र सङ्ग्रौला,वि.सं. २०५१, चैतन्य, पारिजातः सौन्दर्य चिन्तनको विकास प्रक्रिया, पारिजात स्मृति ग्रन्थ, पृ. ४)

उपन्यासकार पारिजातको वैचारिक संक्रमणको अवधिमा रचिएको उपन्यास हो बैंसको मान्छे (वि.सं.२०२९) । विसङ्गतिवादी अस्तित्ववादीबाट अलिकति हटेर नयाँ मोडतर्फ पारिजात ढल्केको कुरा बैसको मान्छे उपन्यासबाट थाहा हुन्छ । यस समयमा उनी 'राल्फा' आन्दोलनको केन्द्रीय हस्ती भइसकेकी थिइन् । 'राल्फा' ले उनलाई निराशा र पलायनबाट विद्रोहतर्फ लाग्न अभिप्रेरित गऱ्यो । यस पछि उनी क्रमशः

सामाजिकताबोध र यथार्थवाद तर्फ आकर्षित हुन थालिन् । यसरी आक्रोश, विद्रोह र असन्तुष्टि प्रस्तृत गरिएको बैसको मान्छे, (वि.सं.२०२९) उपन्यासको प्रकाशनपछि पारिजात आलोचनात्मक यथार्थवातर्फ झुक्न थालिन् र एक सबल प्रगतिवादी उपन्यासकारका रुपमा  स्थापित हुन पुगिन् ।

पारिजातका केही उपन्यासहरु उत्तरार्द्ध चरणमा लेखिएका भए तापनि प्रवृतिका हिसाबले पूवार्द्ध चरणका उपन्यासहरुसँग मेल खान पुग्छन् । ती हुनः- 'अन्तर्मुखी' (वि.सं.२०३५), 'परिभाषित आँखाहरु' (वि.सं.२०४६) र 'बोनी' (वि.सं.२०४८) । यी रचना प्रगतिवादी चरणका भए पनि तिनमा पारिजात प्रगतिवादीबाट खस्किएको अनुभव हुन्छ । 'अन्तर्मुखी' र 'परिभाषित आँखाहरु' मा विसङ्गतिबोधले नै प्राथमिकता पाएको देखिन्छ भने 'बोनी' को प्रस्तुति सबल र यथार्थ भए पनि यसले समाजवादी यथार्थमा पाइला टेक्न असमर्थ रहेको पाइन्छ । अर्थात 'बोनी' की नायिका पनि समाज र जीवनप्रति सचेत नभई पलायनवादी र मृत्युन्मुखी बनेकी छे ।

यसरी पारिजातको उपन्यासकारिताको यस धाराका उपन्यासहरुमा व्यक्तिगत कुण्ठा, पीडा, रोदन, नैराश्य, निस्सारता, शुन्यता जस्ता मानवद्वेषी भाव तथा विचार पोखिएको पाइन्छ । यी रचनाहरुले जीवनप्रति उत्साहित र आनन्दित बनाउनुको साटो निराश र प्रताडित गराउँदछन् ।

## २ समाजवादी यथार्थवादी धारा

विसङ्गतिवादी, अस्तित्ववादी प्रवृत्तिबाट उपन्यास लेखनको यात्रा आरम्भ गर्ने उपन्यासकार पारिजात 'शिरीषको फूल', (वि.सं.२०२२) 'महत्ताहीन' (वि.सं. २०२५), हुँदै 'बैसको मान्छे' (वि.सं.२०२९) सम्म आइपुग्दा उनमा यथार्थवादी संक्रमण देखा पर्न थालेको पाइन्छ । कम्युनिष्ट पार्टी मार्क्सवादी चिन्तक र राल्फाली युवाहरुसँगको सम्पर्कबाट उनको उपन्यास यात्रा निस्सारता, शून्यबोध र व्यक्तिवादिताबाट हटेर

आक्रोश,विद्रोह र असन्तुष्टि हुँदै क्रमशः सामाजिकताबोध र यथार्थतातर्फ अघि बढेको अनुभव हुन्छ । वि.स. २०३० सालपछि पारिजात मार्क्सवादी, लेनिनवादी सौन्दर्य चेतनालाई अँगालेर साहित्य सृजनामा लागिन् । वि.स. २०३३ सालमा प्रकाशित उपन्यास 'तोरीबारी, बाटा र सपनाहरु' बाट उनको उपन्यास-कारिताको समाजवादी यथार्थवादी प्रवृत्ति देखा परेको पाइन्छ । **शिरीषको फूल**ले स्थापित गरेको आस्तित्वमुलक विसङ्गतिवाद-

लाई मूल्यान्तरणको सङ्केत दिने 'बैसको मान्छे' समेतले परिवर्तित मूल्यको स्थापना गर्न नसकेका प्रवृत्तिलाई 'तोरीबारी, बाटा र सपनाहरु' उपन्यासले हिम्मत साथ मोड्न प्रयास गरेको छ । (सुवेदी, वि.सं.२०५३, पारिजातको बदलिँदो चिन्तन प्रणालीको …….. पारिजात स्मृतिग्रन्थ, पूर्ववत् पृ. १४४ ) सम्पूर्णतःप्रगतिवादलाई प्रस्तुत गर्न नसके तापनि यो उपन्यास उनका लागि प्रगतिवादी कलातर्फको पहिलो सिँढी बन्न पुगेको छ ।

वि.स. २०३५ सालमा प्रकाशित पारिजातको अर्को उपन्यास 'उसले रोजेको बाटो' पनि सामाजिक यथार्थलाई प्रस्तुत गर्न सक्षम छ । त्यस्तै वि.स. २०३५ सालमा प्रकाशित 'पर्खालभित्र र बाहिर' उपन्यासले पनि मार्क्सवादी चिन्तनको सबलता प्राप्त गरेको छ । यस उपन्यासले जगत्, जीवन, समाज र मान्छेलाई मार्क्सवादी मूल्य र मर्यादामा पर्गेल्ने प्रयास गरेको छ र द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण दिएको छ । ( जम्को, पूर्ववत्, पृ. १३ )

वि.स. २०३९ सालमा प्रकाशित उपन्यास 'अनिदो पहाडसँगै' पारिजातको प्रगतिवादी चेतनाको सर्वोच्च प्राप्ति मान्न सकिन्छ । यस उपन्यासमा उनको कालचेतना, जीवन चेतना र सौन्दर्य चेतनाले उच्च संयोजन प्राप्त गरेका छन् । यो उपन्यास वि.सं. २०३६ सालको नेपालको विद्यार्थी आन्दोलनसँग सम्बद्ध छ । नेपालको पञ्चायती राजनीतिक चरित्रभित्र फस्टाएका सामाजिक प्रशासनिक आर्थिक र सांस्कृतिक विकृतिहरुबाट पीडित जनजीवनबाट प्रस्फुटन भएका उभारलाई प्रस्तुत उपन्यासभित्र

पर्यावरण, पात्र र चरित्र विन्यास एवम् कथ्य समेतमा स्थापना गर्ने काम भएको छ । ( सुवेदी, वि.सं. २०५३, नेपाली उपन्यास परम्परा र प्रवृति , पृ. ३११)

यसरी पारिजातको उपन्यास लेखनको प्रस्तुत धारा व्यक्तिवादी सङ्कीर्णता र निस्सार अस्तित्ववादी चेतनाबाट मोडिएर विश्वदृष्टिकोण अगालरे समाजवादी यथार्थवादतर्फ सबल रुपमा अघि सरेको पाइन्छ ।

निष्कर्षमा नेपाली उपन्यास परम्परामा पारिजात एक प्रतिष्ठित र

स्थापित उपन्यासकार बन्न सफल भइन् । उनका उपन्यासहरुमा वैचारिक बिरोधाभास पाइन्छ । उनले भोगेको कस्टमय जीवनको प्रतिच्छाया उनको अस्तित्ववादी एवम् विसङ्गतिवादी प्रवृत्तिमा निस्सारतावादी दर्शन बनेर प्रकट भएको पाइन्छ भने उनको सङ्घर्षशील व्यक्तित्व र राजनैतिक प्रतिबद्धताको प्रभाव पछिल्ला प्रगतिवादी उपन्यासहरुमा समाजवादी यथार्थवादी बनेर प्रकट भएको पाइन्छ । **शिरीषको फूल** उनको पहिलो प्रवृत्तिको शिखर प्राप्ति हो भने 'अनिदो पहाडसँगै' उपन्यासलाई उनको समाजवादी यथार्थवादको उत्कर्ष प्राप्ति मान्न सकिन्छ । यसरी पारिजातको उपन्यासकारिताले दोहोरो उपलब्धि हासिल गर्न सफल भएको पाइन्छ ।

## २.३.१.४ निबन्ध र आत्म संस्मरण लेखनमा पारिजात

बहुमुखी प्रतिभाकी धनी साहित्यकार पारिजातले कविता, कथा, उपन्यासका साथै आत्म संस्मरण लेख र निबन्धहरु पनि लेखेको पाइन्छ । उनका 'धुपी सल्ला र लाली गुराँसको फेदमा' (वि.सं.२०४३), 'एउटा चित्रमय शुरुबात' (वि.सं.२०४५) र 'अध्ययन र सङ्घर्ष' (वि.सं.२०५०) गरी तीनवटा आत्म संस्मरण सङ्ग्रह र एक नारीमुक्ति सम्बन्धि लेखहरुको सङ्गालो 'आधी आकाश' (वि.सं.२०४८) प्रकाशित भएको पाइन्छ ।

## क) निबन्धकारका रुपमा पारिजात

परिजातका थुप्रै फुटकर निबन्धहरु विभिन्न पत्रपत्रिकाहरु जस्तै अस्मिता, गरिमा, जनमत, मूल्याङकन, जनचेतना, युगधारा आदिमा प्रकाशित भएको पाइन्छ । साथै उनको नारीमुक्ति सम्बन्धि बिचारप्रधान लेख निबन्धकारको सङ्गालो 'आधी आकाश' वि.सं २०४८ सालमा प्रकाशित भएको पाइन्छ । यसभित्र जम्मा २९ वटा लेखहरु सङ्कलित छन् । विश्वजनसङख्यामा आधा भाग ओगेटेर बसेका नारीहरुको अस्मिता, अधिकार र कर्तव्यलाई वैचारिक ढङ्गले प्रतिपादन गरिएका वस्तुपरक लेख- निबन्धहरु प्रस्तुत सङ्ग्रहमा सङ्कलित छन् । यसभित्रकी पारिजातमा जीवन-जगतप्रतिको प्रगतिवादी

दृष्टिकोण पाइन्छ । यहाँ नारीलाई केवल पुरुषका मनोरञ्जनका साधन ठान्ने सामन्तवादी पूँजीवादी संस्कार र चिन्तनको धज्जी उडाइएको छ । पारिजात भन्छिन्- सुन्दरताको विज्ञापन होइनन् स्वास्नीमान्छेहरु, जसरी पूँजीवादी र सामान्तवादी समाजले बनाइरहेछ । मुक्तिको भावना फैलाउन चाहनेहरुले पहिरो बाढका विभीषिकाहरुलाई जुधाइदिनु पर्छ, लेकाली कुहिरो र तातो हावालाई समागम गराइदिनु पर्छ । ...... सुन्दरता र यौन प्रतीकबाट झिकेर स्वास्नी मान्छेहरुको अस्मितालाई सङ्घर्षको क्यान्भासमा टागिन दिनुपर्छ । ( सङ्घर्षको क्यान्भास )

'अखिल नेपाल महिला संघ' र 'अखिल नेपाल राष्ट्रिय महिला मञ्च' को अध्यक्षता समेत गर्न पुगेकी पारिजातमा सबै बर्गका महिलाहरुलाई समेट्न र उनीहरुमा चेतनाको आवाज पुऱ्याउनको निमित्त सङ्गठनहरुको आवश्यकता पर्दछ । सङ्गठन सर्बोपरी हो, हामीहरु सङ्गठित हुनुपर्छ र सारा शोषित पीडित महिलाहरुको आवाजलाई एक स्वर पारी आफ्नो हकहितको निम्ति सङ्घर्षको मैदानमा उत्रनुपर्छ भन्ने विचार रहेको पाइन्छ । त्यसै गरी हाम्रो समाजमा प्रचलित विसङ्गतिपूर्ण व्यवहारहरु नै कुसंस्कारबाट मुक्त हुन नसक्नु र उनीहरुको व्यवहार नारी समानता र स्वतन्त्रताको निम्ति बाधक बन्न पुगेको विडम्बनाप्रति खेद प्रकट गर्दै उनले नारीमुक्तिको लागि संसार भरका नारीहरुलाई एक भई सङ्घर्षमा लाग्न आह्वान गेरेकी छिन् ।

अर्धसमान्ती अर्धऔपनिवेशिक पुरुषप्रधान नेपाली समाजका नवधनिक वर्ग र तिनैको हाहामा दगुर्ने महिलाहरुको गहना, महँगो सौन्दर्य प्रसाधन र विकसित मुलुकका रङ्गीबिरङ्गी पोशाकमा पुरुषहरुको निम्ति केवल पुतली बन्ने दासत्वपूर्ण मानसिकताको स्पस्ट तस्वीर उतार्दै त्यसको निर्भीक आलोचना गर्ने साहसले आफू महिला भइकन पनि महिलाहरुको दम्भ नसहने र त्यसको झाको झार्ने अग्रगामिताको दृष्टान्त पारिजातले प्रस्तृत गरेकी छिन् । (खरेल, आत्मकथा संस्मरण र फुटकर निबन्धमा पारिजात, पारिजात स्मृति ग्रन्थ, पूर्ववत् पृ. १९० )

**ख) आत्म संस्मरणकारका रुपमा पारिजात**

वि.स.२०२९ सालतिरबाट फाट्टफुट्ट रुपमा पारिजातका आत्मकथाका टुक्राहरु ‘रुपरेखा’ र ‘जनमत’ पत्रिकामा प्रकाशित हुन पुगेको पाइन्छ भने पुस्तकाकार रुपमा प्रकाशित भएको उनको पहिलो आत्म संस्मरण सङ्ग्रह ‘धुपी सल्ला र लाली गुराँसको फेदमा’ (वि.सं. २०४३) हो । उनी काठमाडौ आउनु भन्दा पहिलेका घटना र प्रसङ्गहरुको वर्णन यस सङ्ग्रहका आत्म संस्मरणहरुमा पाइन्छ । उनी बाल्यकालदेखि नै स्वाभिमानी, स्वतन्त्रप्रेमी, भावुक, संवेदनशील चरित्र थिइन् । सानैमा आमाको ममतावाट वञ्चितहुन पुगेकी पारिजातले दार्जिलिङ हुँदै दाजुको वियोग पनि बेहोर्नुपऱ्यो । आफू हठी जिद्दी र अभिमानीसमेत रहेको बताउने पारिजातमा कसैको हस्तक्षेप सहन नसक्ने स्वभाव सानैदेखि विकसित हुदै आएको थियो । उनलाई चिकित्सा क्षेत्रको डाक्टर बनाउन चाहने बाबुको इच्छा बिपरीत उनी दर्शन र साहित्यमा रुचि लिने गर्थिन् । पारिजातले आफूलाई अरु केटीहरुभन्दा छुट्टै र विशिष्ट केटीका रुपमा मूल्याङ्कन गर्ने गरेको कुरा पनि प्रस्तुत आत्म संस्मरणमा पाइन्छ । उनले यिनैप्राथमिक प्रहरका अनुभूति, यथार्थ, कल्पना, चाहना र भावनाहरुलाई यस आत्म  संस्मरणमा उल्लेख गरेको पाइन्छ ।

प्रकाशनको दृष्टिले तेस्रो भए पनि ‘अध्ययन र सङ्घर्ष’ (वि.सं.२०५०) मा उनको जीवनको दोस्रो महत्त्वपूर्ण घटनाहरुको प्रस्तुति पाइन्छ। यसमा पारिजात काठमाडौं आइसकेपछिको लगभग सात- आठ वर्षको समयमा उनीसँग सम्बद्ध घटना तथा अनुभूतिहरुलाई सघन र प्रभावकारी शैलीमा प्रस्तुत गरिएको पाइन्छ । यसै अवधिमा उनले चारवटा उपन्यास ‘सङ्घर्ष’, ‘वर पीपल’, ‘मानव अन्तर्यामी’ र ‘शारदा’ लेखेर चिन्त नबुझ्नेपछि ती पाण्डुलिपि जलाइ दिएको उल्लेख पाइन्छ । सानैदेखि छिटफुट रुपमा देखापर्न थालेको रोगको रोगले उनलाई यस अवधिमा नरामोसँग सताउँछ यसबाट स्वाभिमानी पारिजातको अहम्मा ठूलो चोट पर्दछ। मुख्य रुपमा हाड जोर्नी सम्बन्धी रोग र बीचबीचमा क्षयरोग, दम र अल्सरबाट समेत पीडित हुन पुगेकी पारिजातको चिन्तनमा व्यक्तिवादिता, अस्तित्ववादी निस्सारता, जीवनप्रति वितृष्णा, निराशा र कुण्ठाको बीजारोपण हुन पुग्दछ। उनका यस्तै यस्तै मृत्युन्मुखी चेतनाका भाव तरेलीहरुलाई यस

संस्मरणमा प्रस्तुत गरिएको पाइन्छ । मित्रताको परिवेश फैलाउँदै गएको पारिजातको जीवन अध्ययन, अध्यापन, लेखन, गोष्ठीमा रचनापाठ, लेखकहरु तथा राजनीतिक कार्यकर्ताहरुसँग सम्पर्क, अभाव र विसङ्गतिसँगको जुधाइ आदिले उनलाई फराकिलो बनाउदै लगेको कुरा यस संस्मरणबाट प्रमाणित हुन्छ । बहिनी सुकन्याका निमित्त प्रस्तावित दुलहा निर्मल लामाको राजनैतिक जीवन परिचय, विवाह आदिका क्षणहरु यहाँ विकीर्ण रुपमा प्रस्तुत भएका छन् । शारीरिक अशक्तताका कारणले विद्यालयमा पाएको जागिर छाडेर परजीवी बन्न विवश पारिजातको यथार्थ आत्मकथा यसमा उल्लेख भएको पाइन्छ।

पारिजातको जीवनसँग सम्बद्ध अनेक घटनाहरु प्रस्तुत गरिएको अर्को संस्मरणात्मक कृति हो, ‘एउटा चित्रमय शुरुवात्’ (वि.सं.२०४५) । यसभित्र १९ वटा फुटकर रचनाहरु समावेश भएका छन् । यसमा विविध क्षणका विकीर्ण स्मृतिहरु प्रस्तुत गरिएका छन् । जीवनको चित्रमय सम्मोहन र भयावह रोगको आक्रमण, ईश्वर सम्बन्धी चिन्तन, मानसिक क्षोभका प्रस्तुतिहरु, स्वतन्त्रता वरण गर्न चाहने इच्छाहरु आदि यसमा विषयवस्तु बनेर आएका छन् । समाज र पर्यावरणका प्रकृति व्यक्ति चरित्रका विविध

पक्षहरु यहाँ कथ्य बनेर आएको पाइन्छ । देश-विदेशका कला, संस्कृति र दर्शनले उनमा पारेको प्रभाव पनि यहाँ अभिव्यक्त भएको पाइन्छ ।

यसरी आत्म संस्मरणकार पारिजातले आफ्ना तीनवटा संस्मरणात्मक कृति मार्फत् आफ्नो जीवनका विविध क्षणका विकीर्ण स्मृतिहरुलाई प्रकट गरेकी छन् । उनका आत्म संस्मरणहरुमा गम्भीर चिन्तन र रोचक प्रस्तुति पाइन्छ । वर्ग र जातिका लिङ्ग र धर्मका, अर्थ र संस्कारका अनेकौं विसङ्गतिहरु विकराल रुपले आएका छन् - पारिजातका स्मृतिमा । (सुवेदी, वि.सं. २०५३ , सृजन विधाका परिधिमा पारिजात, पूर्ववत्, पृ.८४ ।)

## २.३.१.५ निष्कर्ष

साहित्यका विविध विधामा सशक्त कलम चलाउने पारिजात नेपाली

साहित्य जगत्मा विशिष्ट हस्ताक्षर हुन् । अहिलेसम्म उनका पुस्तकाकार रुपमा तीनवटा कवितासङ्ग्रह, चारवटा कथासङ्ग्रह, दशवटा उपन्यास, तीनवटा आत्म संस्मरण सङ्ग्रहहरु र एउटा नारीमुक्ति लेख सङ्ग्रह गरी जम्मा एक्काइसवटा कृतिहरु प्रकाशित भइसकेका छन् । साथै विविध पत्रपत्रिकाहरुमा उनका कविता, कथा र आत्मकथाका टुक्राहरु एवम् लेख निवन्धहरु प्रकाशित भएको पाइन्छ । वि.सं. २०५१ सालमा पारिजात स्मृति केन्द्र, म्हैपी , काठमाडौंले निनु चापागाई र खगेन्द्र संग्रौलाको सम्पादकत्वमा “पारिजात स्मृति ग्रन्थ” प्रकाशित गरेको छ । उनको देहान्त पश्चात् विविध पत्र-पत्रिकाहरुले उनलाई निकै चर्चित बनाए भने केही पत्रिकामा उनको विशेषाङ्क पनि प्रकाशित गरियो । उनको व्यक्तित्वलाई उनी जीवीत हुँदा भन्दा मृत्युपश्चात् धेरैले चिन्ने अवसर पाए अर्थात चिन्न सके । वि.सं. २०५४ साल (सन १९९७) मा निर्माण प्रकाशन , सिक्किमले उनका प्रकाशित सम्पूर्ण कृतिहरु एवम् फुटकर लेख-निबन्धहरुलाई एकत्रित गरेर “पारिजातका सङ्कलित रचनाहरु” शीर्षकमा ६ वटा ग्रन्थमा उनका प्रकाशित कृति एवम् रचनाहरुको सङ्कलित संस्मरण प्रकाशित गरेको छ ।

यसरी रोमाण्टिक भावुक कवि पारिजात, विसङ्गतिवादी कथाकार पारिजात, अस्तित्ववादी उपन्यासकार पारिजात, प्रगतिवादी उपन्यासकार पारिजात, राजनैतिक सचेतक पारिजात तथा महिलामुक्तिको लागि भाषण र कलम चलाउने पारिजात आज यस धरतीमा नभए पनि उनी आफ्ना कृतिपुत्रहरुका माध्यमबाट युगयुयान्तरसम्म अमर रहनेछिन् । उनी नेपाली साहित्यमा मात्र नभई विश्व साहित्यकै सन्दर्भमा पनि एक अक्षको पहिचान हुन् ।

## २.३.२ औपन्यासिक यात्राका चरणहरु

स्वच्छन्दतावादी कवितालेखनबाट आरम्भ भएको पारिजातको साहित्यिक यात्रा अस्तित्ववाद र प्रगतिवाद हुदै पुनः पुरानै चिन्तनपद्धतितिर ढल्न लागेको तथ्य उनका पछिल्ला रचनाहरुले देखाउँछन् । उनको औपन्यासिक यात्राका चरणहरुलाई निम्न तीन अवधिमा बाँड्न सकिन्छ :

३९(क) अस्तित्ववादी अवधि ( प्रारम्भदेखि वि.सं.२०२६ सालसम्म )

उपन्यासः 'शिरीषको फूल' (वि.सं.२०२२) र 'महत्ताहीन'(वि.सं.२०२५)

(ख) नव. अराजकतावादी अवधि (वि.सं. २०२७-२०२९ सालसम्म )

उपन्यासः बैसको मान्छे (वि.सं.२०२९) ।

(ग) प्रगतिवादी अवधि (वि.सं. २०३०-२०५० सालसम्म )

उपन्यास : 'तोरीबारी ,बाटा र सपनाहरु' ( वि.सं. २०३३ ), 'पर्खाल भित्र र बाहिर' ( वि.सं. २०३५ ), 'उसले रोजेको वाटो' ( वि.सं. २०३५ ), 'अनिदो पहाडसँगै' ( वि.सं.२०२९ ) , 'बोनी' ( वि.सं. २०४८ ),'पारिभाषित आँखाहरु' ( वि.सं. २०४६ ) ।

**(क) अस्तित्ववादी अवधि**

कविता क्षेत्रमा वि.सं.२०१२ सालदेखि नै लागे पनि उपन्यासकार पारिजातको उपन्यास क्षेत्रमा उदय भने वि.सं. २०२२ सालमा प्रकाशित उपन्यास **'शिरीषको फूल'** बाट भएको हो । यस अघि उनले 'सङ्घर्ष', 'वरपिपल' , 'मानव-अन्तर्यामी' र 'शारदा' गरी चारवटा उपन्यास वि.सं. २०१८-वि.सं. २०२१ साल बीचमा लेखेर चित्त नबुझी पाण्डुलिपि जलाइदिएको कुरा उनको आत्म संस्मरणमा उल्लेख पाइन्छ । ( पारिजात, वि.सं.२०५४, 'अध्ययन र सङ्घर्ष', पारिजातका सङ्कलित रचनाहरु ग्रन्थ-चार पृ. १२६-१२७ )। उनका प्रथम प्रकाशित उपन्यास **'शिरीषको फूल'** नेपाली उपन्यास परम्परामा अस्तित्ववादी चिन्तनधारा भित्र्याउन सफल भएको मानिन्छ । डेनमार्केली दार्शनिक किर्केगार्डबाट प्रतिपादित अस्तित्ववादी दर्शन, फ्रान्सका लेखक अलवेयर कामु र ज्याँ पल सार्त्रका चिन्तनसँग सम्वद्ध विसङ्गतिवादबाट प्रभावित भएर पारिजात अस्तित्ववादी उपन्यासकार बन्न पुगिन् ।

निस्सार, निरुपाय र शून्यभित्र 'अहम्' को खोजी गर्ने बुद्धिमानी धारा हो,

अस्तित्ववाद । अस्तित्ववादले वस्तु एवम् समाजलाई सुसङ्गत प्रणालीका रुपमा देख्न सक्तैन । अस्तित्ववादीहरु व्यक्ति र उसको स्वतन्त्रतालाई महत्त्व दिन्छन् । उनीहरुका मतमा अस्तित्वको मूल तत्व व्यक्ति र उसको स्वतन्त्रता हो, व्यक्ति कुनै पनि काम कुराको छनौट गर्न स्वतन्त्र छ ; हर परम्परागत मूल्य-मान्यता, नैतिकता, संस्कृति सबै त्याज्य छन् र हर मूल्यका निर्धारक स्वतन्त्र व्यक्तिहरु नै हुन् । परन्तु यो सब भए पनि ऐतिहासिक नियतिको कारण व्यक्ति व्यथा, पीडा र तमाम अवरोधहरुका विरुद्ध लड्न सक्तैन, ऊ आफ्नो उत्तरदायित्वबाट भाग्न पुग्दछ । यसैले आफूलाई असहाय एवम् अशक्त पाउँछ अनि ऊ हीनताबोधले ग्रस्त भयवित एवम् कायर बन्दछ । निरुद्देश्य भौतारिनु नै उसको प्राप्ति बन्दछ । निराशावाद, पलायनवाद र शून्यवाद नै उसको लक्ष्य बन्दछ । मृत्युको आसपासको सीमावर्ती स्थिति, विसङ्गति एवम् निस्सारतावोध नै उसका निम्ति सुखद् अनुभूतिको विषय बन्दछ । - चापागाई र संग्रौला, वि.सं.२०५१, चैतन्य , पारिजातः सौदर्न्य चिन्तनको ..... पारिजात स्मृतिग्रन्थ, पृ.३ ) समाजवाट पृथक व्यक्तिको महत्त्वलाई

प्राथमिकता दिनु अस्त्ववादी चिन्तन विशेषता हो । यो साम्राज्यवादी चिन्तन एवम् संस्कृतिको सशक्त हतियार हो । पारिजातको चिन्तनको मूल दार्शनिक जग यही हो ।

पारिजातका रचनाहरुमा अस्तित्ववाद, फ्रायडवाद र व्यवहारवादका कैयौं विशेषताहरु पाइन्छन् र तिनको केन्द्रमा अस्तित्ववाद रहेको छ । उनका यस अवधिका रचनाहरुमा पाइने विषयवस्तुसँग सम्बन्धित मूल विशेषताहरु यी हुन् :-

- प्रेम, यौन, विवाह, परिवार, जीवन एवम् जगत् र व्यक्ति तथा समाज सम्बन्धी सम्पूर्ण प्रचलित मूल्य-मान्यताको पूर्ण निषेध गर्नु ,

- व्यक्तिको निरपेक्ष अस्तित्व तथा उसको चरम स्वतन्त्रता र व्यक्तिहरुलाई आ-आफ्ना मूल्य - मान्यताको निर्धारक मान्नु ,

- मूल्य निर्धारणका निम्ति संज्ञानात्मक आधारका रुपमा सहजवृति, अवचेतन मन वा प्रकृतवादको अवलम्बन गर्नु ,

प्राप्तिका निम्ति अवरोधक बन्ने ऐतिहासिक नियतिका बिरुद्ध जुध्न नसक्नु, परिणामतः निरर्थकता, निराशा , पलायन , शून्यता र मृत्युबोधका भासमा फस्नु ।( पूर्ववत् , पृ.४ )

**शिरीषको फूल** (**वि.सं.२०२२**) उपन्यास मार्फत पारिजातले नेपाली उपन्यास परम्परामा एउटा हलचल ल्याएर अस्तितववादी चिन्तनको प्रतिपादन गरेकी छन् । वि.सं.२०२२ सालको मदन पुरस्कार प्राप्त यस उपन्यासमा बौद्धदर्शनसँग सम्बन्धित शून्यवादको पनि सफल प्रयोग गरिएको पाइन्छ । यस उपन्यासका मूल पात्रहरु सकमबरी, सुयोगवीर र शिवराज हुन् । सहायक एवम् गौण पात्रहरु  पनि उपस्थित छन् तर तिनलाई बढी महत्त्व दिइएको पाइदैन । मूल पात्रहरु पारिजातको निस्सारतावादी दर्शनको संवाहक बनेर प्रस्तुत भएका छन् । उनीहरुले जीवनजगत्, प्रेम आदिलाई निस्सार ठान्दछन् ; प्रेम, यौन र विवाहवीच कुनै साइनो देख्तैनन् । सकमबरी एक चुम्बनमै

ओइलिई झर्ने **शिरीषको फूल**को प्रतीक बनेकी छ भने सुयोगवीर फूलको रस चुसेर भाग्ने भ्रमरको प्रतीक बनेको छ । यौन वासना पूर्तिका लागि सुयोगले बिगतमा कैयौं आइमाईहरुलाई बलात्कार गरेको छ तर सकमबरीलाई उसले प्रेम गर्न पुग्छ, बलात्कार गर्न सक्तैन । उपन्यासको चरमोत्कर्षमा सुयोगवीर आवेशमा आएर सकमवरीलाई चुम्बन गर्न पुग्छ र त्यही चुम्बन नै नायिकाको मृत्युको कारण बन्दछ । 'सकमबरीलाई मारें । मैंले सकमबरीलाई दिउँसै बलात्कार गरें ।' ( पारिजात, वि.सं.२०२२, **'शिरीषको फूल'** संस्करण-२०६३, पृ.६४ ) भन्ने हीन भावना सुयोगमा बास गर्दछ । नायिकाको असामयिक मृत्यु पश्चात् सुयोग र शिवलाई निस्सार छाडेर उपन्यासको समाप्ति हुन्छ । हरेक मानिस जन्मन नचाहि जन्मन्छ, निरर्थक बाँच्दछ र अनिवार्य मृत्यु प्राप्त गर्दछ भन्ने अस्तित्ववादी मान्यताको साथै विसङ्गतिवादी चिन्तनका झलकहरु यस उपन्यासभित्र प्रशस्त भेटिन्छन् । 'एउटा निस्सार संसारभित्र म बाँचिरहेको छु र सधैं स्वीकार गर्छु म एउटा महाशून्यभित्र बाँचिरहेको छु' । ( पूर्ववत्, पृ. ६६ ) । जस्ता शून्यवादी चिन्तनले पनि यहाँ स्थान लिएको पाइन्छ । यस उपन्यासका भूमिका लेखक शङ्कर लामिछानेले शून्यवादको व्याख्या गर्दै **"शिरीषको फूल"** लाई शून्यवादबाट प्रभावित ठान्दछन् र पारिजातको काव्यमय

भाषाशैलीको प्रशंसा गर्दै यस उपन्यासलाई, 'काव्यान्यास' ( लामिछाने, २०२२, भूमिका लेख , 'शिरीषको फूल' ) । भन्न मन पराउँछन् ।

पारिजातको यस अवधिको अर्को उपन्यास महत्ताहीन ( वि.सं २०२५ ) हो । यस उपन्यासमा पनि प्रेम-घृणा, विवाह-यौन, सुख-दुःख, मान्छे-पशु, जीवन-मृत्यु आदिको केही कुनै सङ्गति र मूल्य भेटिदैन । यसले पनि विसङ्गतिवादी अस्तित्ववादको धरातल वरण गरेको छ । परन्तु यसले जीवनको विसङ्गतिवादी पक्षलाई बढ्ता उजागर गरेको पाइन्छ । पारिजातको 'महत्ताहीन' शून्यवादको एउटा लामो सूची मात्र हो, यसमा नकारात्मकताको अनन्त लाम छ, अनन्त खात छ र त्यस खातको कुनै विन्यस्तता छैन; सुनियोजितता पनि छैन । ( सुवेदी, वि.सं. २०५३, नेपाली उपन्यास परम्परा र प्रवृति, पूर्ववत पृ. २१८ ) उपन्यासमा जीवनको निकृष्टता, पाशविकता , निरर्थकता र शून्यता देखाउन खोजिएको छ । यस उपन्यासको बेनामी पुरुषपात्र आफ्नी

पत्नीसँग सधै असम्पृक्त बन्दछ जसको कारण पत्नीले आत्महत्या गर्न पुग्दछे । उता भट्टी पसल्नीसँग भने उक्त पुरुषपात्रको लसपस बढ्दै जान्छ । यसरी यहाँ जीवनलाई बेढङ्गको, सङ्गतिहीन र निस्सार ठानिएको छ ।

यस अवधिका पारिजातका उपन्यासहरुमा यथार्थ जीवन, समाजवाट नितान्त बेग्लै एकाङ्गी व्यक्तिहरुको मनमौजीपन त्रासदीय दुर्दशा, निस्सारता, हीनता, कुण्ठा, मनोविकृति र शून्यवोधको अनुभूतिलाई सम्प्रेषित गरिएको पाइन्छ । उनका पात्रहरु हर सामाजिक मूल्य-मान्यता र मर्यादालाई ध्वस्त पार्दै नितान्त वैयक्तिक, असामाजिक एवम् अमानवीय मूल्य-मान्यता स्थापित गर्न चाहन्छन् । उनका कृतिहरुमा मरणशील, कुरुप र नीचप्रति प्रेम तथा सहानभूति र जीवनशील, सुन्दर र उदात्तप्रति घृणा एवम् विरोधभाव जागृत गर्ने प्रयास गरिएको छ । ( चैतन्य, पारिजात स्मृतिग्रन्थ, पूर्ववत्, पृ.८ ) । सौन्दर्यानुभूतिको सच्चास्रोत वस्तुगत यथार्थ र मानिसको सामाजिक जीवनलाई निषेध गरिएको छ । सारांशमा भन्नुपर्दा मानसिक विकृति, हीनतावोध, कायरता, निराशा, पलायन, निरुद्देश्यता, विसङ्गगतिबोध, चौतर्फी अन्धकार, दिशाविहीनता, मृत्युबोध एवम् शून्यबोध नै पारिजातका यस अवधिका उपन्यासका विशेषता हुन् । उनले एकातिर कैयौं

ठाउँमा फ्रायडीय मनोविश्लेषणको पनि प्रयोग गरेकी छन् भने प्रधानतः अस्तित्ववादी सीमावर्ती स्थितिमा आधारित शून्यवादको अनुभूतिलाई आदर्शीकरण गर्न पुगेकी छन् । यी सबैमा स्वयम् पारिजातले सकारे झै व्यवहारवादी चिन्तनले पनि काम गरेको छ ।

**(ख) नव-अराजकतावादी अवधि**

पारिजातको साहित्यसृजनाको यो अवधि 'राल्फा' समूहसँग जोडिएको छ । 'राल्फा' अवधि वि.सं.२०२३-२०२९ सालको हो र चिन्तनगत रुपमा पारिजात २०२७ यताको 'राल्फा' मा आबद्ध भइसकेको देखा पर्दछ । 'राल्फा' लाई कसैले अति यथार्थवादी, कसैलै निम्नपूँजीवादी रोमान्सवादी, हंग्रीजेनेरेशन, एग्री जेनेरेशन, द बिट जेनेरेशनसँग र कसैले मार्क्युजीय नववामपन्थसँग जोड्ने गरेका छन् । डा. धुव्रचन्द्र

गौतमका अनुसार राल्फाको थालिनी अस्तित्ववादी निस्सारताको प्रभावमा अतियथार्थवादी स्पर्शका साथ भएको थियो । (पूर्ववत् , पृ.९) राल्फा समूहमा पारिजात लगायत मञ्जुल, निनु, रमेश, रायन, विमल, अरिम, नोरेम, सिसोम जस्ता उत्साही युवाहरु थिए । जीवनको निमित्त स्वतन्त्रताको पक्ष लिनु, अदृश्य सत्तामा विश्वासै नगर्नु, इतिहासलाई अस्वीकार गर्नु, समूह होइन तर व्यक्तिलाई महत्त्व दिनु, यौन-स्वतन्त्रतालाई मान्यता दिनु, बाँच्न पाउँने समान अधिकारको प्राप्तिलाई स्वीकार्नु जस्ता पक्ष 'राल्फा' का सैद्धान्तिक लक्ष्य थिए । ( श्रेष्ठ, वि.सं.२०४१, नेपाली साहित्यका केही पृष्ठ, पृ.२३५ )

यस अवधिको पारिजातको उपन्यास 'बैसको मान्छे' (वि.सं. २०२९) हो । यो उपन्यास उनको नव-अराजकतावादी चिन्तनको एक अभिव्यक्ति हो । उनको 'वैसको मान्छे' उपन्यासमा विसङ्गति र अस्मिताको बोध प्रतिकारात्मक रुपमा आवेगजन्य हिंसाको वैयक्ति बिन्दुसम्म पुग्दै क्रान्तिकारी चरित्रलाई आभासित गर्न पुगेको छ । ( त्रिपाठी, वि.सं. २०५१, पारिजातले सिर्जेको ............., पारिजात स्मृति ग्रन्थ, पूर्ववत्, पृ. २०१) । यसमा निस्सारता, उद्देश्यहीनता, प्रचलित मृत्युको अस्वीकृतिजस्ता अस्तित्ववादी स्वर पनि छन् । यौन स्वतन्त्रता, नाङ्गो संभोग र मानसिक विकृतिसँग सम्बन्धित यौनवादी फ्रायडीय धारणा पनि छन् । शोषण, अन्याय, अत्याचार एवम्

प्रचलित समाज व्यवस्थाको विरोध, देशभक्ति, गरीवहरुको मुक्ति, पुरानो समाजको ध्वंसको आवश्यकता र विद्रोह जस्ता प्रगतिशील धारणा पनि छन् । तर त्यस प्रकारका धारणालाई अराजकतावादको प्रवाहमा समेट्ने काम गरिएकोछ । समाज, सामुहिकता, संगठित शक्ति र सर्वहारा वर्गको सचेतन प्रयास तर्फ होइन, स्वः स्फूर्त व्यक्तिगत विद्रोह र व्यक्तिहत्यालाई उपन्यासको धुरी बनाइएको छ । ( चैतन्य , 'पारिजात स्मृति ग्रन्थ', पूर्ववत्, पृ.१० ) पारिजात यस अवधिमा साम्राज्यवादी संस्कृति एवम् चिन्तनबाट प्रभावित रहे पनि काल्पनिक समाजवादप्रति वढी आकर्षित देखिएको पाइन्छ ।

**(ग) प्रगतिवादी (समाजवादी यर्थाथवादी) अवधि**

पारिजातको उपन्यास यात्राको यस चरणमा अरु चरण भन्दा बढी उपन्यास रचना भएको पाइन्छ । जीवनको कष्टकर भोगाइ, राल्फासँगको सामूहिकपन, प्रगतिवादी लेखक,साहित्यकार-राजनेताहरुसँगको सम्पर्क, आफ्नै स्वाभिमानी एवम् विद्रोही स्वभाव, अध्ययन एवम्, जिज्ञासा- बोध, वर्ग दुष्मनप्रतिको घृणा एवम् श्रमिक जनताप्रति प्रेमभाव र लगनशीलता यी सबको कारण उनी अस्तित्ववादबाट नव-अराजकतावाद हुदैं प्रगतिवादी धरातलमा पुगिन् । प्रगतिवाद अर्थात् समाजवादी यथार्थवाद भनेको साहित्यमा द्वन्द्वात्मक भौतिकवादी विचारधारा अँगाल्ने मार्क्सवादी चिन्तन हो । समाजवादी यथार्थवादमा ह्रासोन्मुख शक्ति, प्रतिगामी तत्त्वहरुको पराजय र बुर्जुवा संस्कृतिको पतन देखाएर तिनीहरुसँग निरन्तर सङ्घर्ष गर्दै समाजवादी व्यवस्थाका लागि सङ्घर्षशील मनुस्य समुदायका विकासोन्मुख प्रवृत्तिहरुलाई प्रमुखता दिइन्छ । (प्रधान, वि.सं. २०५२, नेपाली उपन्यास र उपन्यासकार, पृ. १५५) वि.सं. २०३० सालको प्रारम्भमै पारिजातले भनेकी छन्-'मैले जम्प गरिसकें । .......... अब म मार्क्सवादी भएर लेख्नेछु, सक्छु पनि होला । ( पूर्ववत्, पृ. १६१ ) यस अवधिका उनका सात उपन्यास कृतिहरु यी हुन् :- 'तोरीबारी , बाटा र सपनाहरु' (वि.सं.२०३३), 'पर्खालभित्र र बाहिर' (वि.सं. २०३५), 'अन्तर्मुखी' (वि.सं. २०३९), 'उसले रोजेको बाटो' (वि.सं.२०३५), 'अनिदो पहाडसँगै' ( वि.सं.२०३९) , 'बोनी' (वि.सं.२०४८) र 'परिभाषित आँखाहरु' ( वि.सं.२०४६ ) । यी मध्ये

उनका 'पारिभाषित आँखाहरु', 'अन्तर्मुखी' र 'बोनी' उपन्यासमा प्रगतिवादी चिन्तन भन्दा पूर्व अवधिकै अस्तित्ववादी चिन्तनको छाप पाइन्छ ।

यस अवधिका पारिजातका उपन्यासहरुमा जीवन, जगत्, प्रेम, यौन, विवाह, व्यक्ति एवम् समाजलाई मार्क्सवादी नैतिक मूल्य, द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा हेर्ने प्रयास गरिएको पाइन्छ । विषयवस्तु र पात्रहरुको छनोट सामाजिक जीवनबाट गरिएको पाइन्छ । नयाँ समाजको निर्माण गर्ने उद्देश्यप्रति उनी निष्ठावान् रहेको पाइन्छ ।

विसङ्गतिवादी अन्तर्मुखी प्रवृत्तिलाई स्पष्ट विभाजनको रेखा कोर्ने उपन्यास हो - पारिजातको 'तोरीबारी, बाटा र सपनाहरु' (वि.सं. २०३३) । (सुवेदी, वि.सं. २०५३, पूर्ववत्, पृ. ३०३) यसमा आम नेपालीहरुले भोगेका दैनिक कष्ट, अभाव, पीडा, अपमानजस्ता भोगाइहरु प्रस्तुत छन् । जनताका कठिनाईहरु र सामाजिक विसङ्गतिको उद्घाटन गर्ने यस उपन्यासले सम्पूर्णतः प्रगतिवादलाई प्रस्तुत गर्न सकेको छैन तथापि यसै उपन्यासबाट पारिजातले विश्वदृष्टिकोण राख्ने समाजवादी यथार्थवादीतर्फको यात्रा प्रारम्भ गरेकी छन् । (ज्ञवाली, वि.सं.२०५५, जम्को मासिक,अङ्क-२, पृ.१३) पारिजातले आन्दोलन सिद्धान्त र राजनीतिका साथै लामो समयसम्म साङ्गठनिक प्रतिबद्धताको समेत निर्वाह गरेकी छन् । कलात्मक प्रतिविम्वनको क्षेत्रमा उनले नेपाली समाजको वर्ग-संघर्षको यथार्थलाई गतिशील ढङ्गले अभिव्यक्त गर्ने, जनताबाट लिएर जनतालाई दिने र वस्तुबाट चेतना तथा चेतनाबाट वस्तुमा जाने द्वन्द्वात्मक भौतिकवादी मान्यतालाई पकड्ने प्रयास गरेकी छन् । वस्तु र शैलीबीच द्वन्द्वात्मक एकता कायम गर्ने उनको प्रयास सह्रानीय रहेको छ । ( चैतन्य, पूर्ववत्, पृ. १३ ) यौन विवाह, सुख-दुःख, भावना-संवेदना, रुचि-सन्तुष्टि र आनन्द सबै वर्गहित एवम् क्रान्तिसँग जोडिन पुगेका छन् । 'पर्खालभित्र र बाहिर', 'उसले रोजेको बाटो' र 'अनिदो पहाडसँगै' यी तीन उपन्यासले पारिजातलाई समाजवादी यथार्थवादी उपन्यास धारामा स्थापित गराएका छन् । उनको प्रगतिवादी उपन्यासको उत्कर्षता 'अनिदो पहाडसँगै' (वि.सं. २०३९) उपन्यासले प्राप्त गरेको पाइन्छ । वि.सं. २०३५/२०३६ सालको नेपालको विद्यार्थी आन्दोलन एवम् तत्कालीन पञ्चायती

कालको जनमत सङ्ग्रहजस्ता ऐतिहासिक घटनाक्रमलाई प्रगतिवादी विश्लेषणका साथै यस उपन्यासले प्रस्तुत गरेको छ । यसले नेपाली जनजीवन क्रान्तिकारीहरुको मन र जनसङ्घर्षलाई एकसाथ प्रस्तुत गर्छ । ती क्रान्तिकारीहरुको त्याग, वलिदान, उत्साह र साहसको कथा बोकेको यस उपन्यासले राष्ट्र र जनताका पक्षमा सम्पूर्ण अभिव्यक्ति दिएको छ ।( ज्ञवाली, पूर्ववत् )

यसरी नेपाली उपन्यास परम्परामा समाजवादी यथार्थवादी दृष्टि अनुरुप उपन्यास रचना गरेर प्रगतिवादी साहित्यलाई अघि बढाउनमा पारिजातको योगदान

सशक्त एवम् उल्लेखनीय रहेको पाइन्छ । जसरी उनी अस्तित्ववादी उपन्यास लेखनमा चर्चित र सफल भइन् त्यसै गरी प्रगतिवादी उपन्यास लेखनमा पनि उतिकै चर्चित र सफल रहेको पाइन्छ ।

# अध्याय-३

## औपन्यासिक आधारमा 'शिरीषको फूल' उपन्यासको विश्लेषण

### ३.१.१ कथावस्तु

जीवनको निस्सारतावादी दर्शनको आधारभूमिमा तयार गरिएको प्रस्तुत उपन्यासको कथावस्तु परम्परागत भन्दा भिन्न छ । सुयोगवीर, सकमबरी र शिवराज यस उपन्यासका मूल पात्र हुन् । नायक सुयोगवीर सिंह उपन्यासको समाख्याता पनि हो । यहाँ उपन्यासकार पारिजातले अस्तित्ववादी-विसङ्गतिवादी चिन्तनका आधारबिन्दुहरुमा टिके-को व्यक्तिवादी एकान्तिक सोचाइ र पलायनवादी जीवनको पक्षमा अभिमत प्रकट गरेकी छन् । यहाँ उनी पश्चिमी चिन्तकहरु किर्केगार्ड, सार्त्र, काम् आदिका विचारबाट प्रभावित भएको पाइन्छ ।

उपन्यासको आरम्भ नायक सुयोगवीरबाट नै हुन्छ । सुयोगवीर दोस्रो विश्वयुद्धको विभीषिकाबाट बाँचेर आएको एउटा भूतपूर्व सैनिक सुवेदार हो । उसले

वर्माको युद्धमा धेरै व्यक्तिहरु मरेको देखेको छ । ४५/४६ वर्षको भइसक्दा पनि ऊ अविवाहित नै छ । मद्यशालामा गएर रक्सी पिउनु र गफ हाँक्नु उसको दैनिक चर्या बनेको छ । शिवराजसँग तेस्रो पटकको भेटपछि सुयोग शिवको घर विशालनगरमा जान्छ । शिवको परिवारमा मुमा, तीन बहिनीहरु र आफू समेत गरी जम्मा पाँच जना छन् । त्यहाँ जाँदा सुयोगले मुजुरा, सानू र सकमवरीलाई देख्छ र तुलना गर्दा भिन्दाभिन्दै निष्कर्ष निकाल्छ । मुजुरा एउटा कोमल र लजालु र मृदुभाषी सरल स्वास्नीमान्छे, सानू एउटी आर्कषक तर अल्लारे ठिटी; बरी हठी, कठोर र तटस्थ स्वास्नीमान्छे भएको कुरा ऊ थाहा पाउँछ । बरीको जथाभावी बोल्ने बानीबाट निकैपटक आहत हुन पुगे पनि उसले बरीसँगको कुराकानीमा रुचि बढाउदै जान्छ र आफ्नो रित्तो मनमा सकमबरीको नाउँ लेख्न पुग्छ अर्थात् बरीलाई निस्सार प्रेम गर्न पुग्छ । तर बरी उसको निम्ति अप्राप्य बन्दै जान्छे ।

जीवघाती सुनगाभाको प्रसङ्गलाई लिएर बरी र सुयोगवीच भएको संवादबाट कथावस्तु तन्किन्छ र सुयोगको निरर्थक जीवन भोगाइका अनुभव र बरीको निस्सार जीवन दृष्टि एवम् तटस्थ आचरणसँगै अघि बढेको कथावस्तुले चुम्बनपर्वमा पुग्दा उत्कर्षता प्राप्त गर्दछ । पाठकहरु र स्वयं सुयोगवीर पनि बरीको प्रतिक्रिया बुझ्न अधैर्य रहन्छन् तर सब निरर्थक बन्दै जान्छ । बरी मौन रहन्छे र बिरामी भई अन्तमा मृत्युवरण गर्न पुग्छे । सकमबरीसँग प्रेमको भिख माग्न चाहने सुयोगवीर र बरीलाई केही भइदिएमा आत्महत्या गर्छु भन्ने शिवराज बरीको मृत्युपछि पनि उही मद्यशालामा रक्सी पिउँदै बाँचिरहेको भेटिन्छ । यसरी नायिकाको असामायिक अन्त्यपछि शिव र सुयोगलाई निस्सार र निरर्थक नै छाडेर उपन्यास सिद्धिन्छ ।


यस मूल कथाको बीच-बीचमा अन्य कथाहरु पनि आएका छन् । जस्तैः रोगी पसल्ल्नी र ठिटोबीचको प्रेमकथा, सुयोगवीरले युद्धका बेला बर्मामा छँदा

गरेका कैयन अपराधका कथाहरु तथा युद्धक्षेत्रमा सिपाहीहरुले भोग्नु पर्ने दुःख कष्टको कथाले पनि उपन्यासमा प्रभाव पारेका छन् ।

सीमित घटना र थोरै पात्रमा केन्द्रित भए पनि उपन्यास रोचक, सरल र प्रवाहयुक्त छ । नवीन कथावस्तुमा रहेको वैचारिक प्रबलताले गर्दा व्यक्तिवादी र पलायनवादी देखापरे पनि **शिरीषको फूल** उपन्यास आफ्नो मौलिक पहिचान राख्न सफल छ ।

## ३.१.२ चरित्र

मुख्य रुपमा सकमबरी, सुयोगवीर र शिवराज त्रिकोणात्मक चरित्र रहेको प्रस्तुत उपन्यास मुख्य पात्रको विचारलाई माथि उठाउनको लागि एवम् उपन्यास रुप-रङ्ग निर्माण गर्नको लागि अन्य सहायक र गौण पात्रहरु पनि छन् । प्रमुख पात्रहरुको उपस्थिति त्रिकोणात्मक वृत्तमा देखा पर्दछ ।




उपन्यासलाई त्रिकोणात्मक चरित्रका आधारमा हेर्दा सकमबरी, सुयोगवीर र शिवराजलाई प्रमुख पात्रको रुपमा लिन सकिन्छ । सकमबरी उपन्यासकी उच्च चरित्र हो, सुयोग दोस्रो प्रमुख चरित्र हो र शिवराज तेस्रो । वैचारिकतालाई प्रतिवादन गर्नमा सकमबरी र सुयोगवीरको सक्रिय भूमिका छ भने शिवराजको भूमिका सहायक रुपमा सीमित छ । तसर्थ शिवराजलाई उपन्यासको प्रमुख चरित्र भन्नुभन्दा पनि सहायक

चरित्रको रुपमा हेर्न सकिन्छ । नायिका बरीकी दिदी मुजुरा पनि सहायक पात्रको रुपमा आएकी छ । उपन्यासमा अन्य पात्रहरु सानू, आमा, पसल्नी, ठिटो, नोकर-नोकर्नी, बर्मेली ठिटीहरु, हेडहन्टर, सिपाहीहरु जस्ता गौण र नेपथ्य पात्रहरु पनि आएका छन । (हेर्नुहोस; पात्र-विधान र चरित्र-चित्रण पृ.६०) ।

## ३.१.३ कथोपकथन

यस उपन्यासमा प्रयुक्त संवादहरु झर्कोलाग्दो नभइकन रोचक र कौतुहलपूर्ण छन् । संवादहरु उपन्यासकारको उद्देश्य अनुरुप दार्शनिक विचारलाई पुष्टि गर्ने खालका छन् । जीवघाती सुनगाभाको प्रसङ्गलाई लिएर बरी र सुयोगबीच भएको संवाद निकै रोचक एवम् उल्लेख्य रहेको छ । यसबाट उपन्यासकारले प्रस्तुत गर्न चाहेको जीवनदर्शन अभिव्यक्ति भएको छ र सहज र स्वतस्फूर्त संवाद प्रस्तुत गरिए पनि वैचारिक ओजको प्रभावले गर्दा साधारण पाठकलाई बुझ्न कठिन पर्छ । संवादको मर्म गहन भए पनि सरल शैलीमा प्रस्तुत गरिएकोले मन तान्न सक्षम छ ।

## ३.१.४ देशकाल र वातावरण

प्रस्तुत उपन्यासले एउटा विश्वजनीन दार्शनिक पक्षको प्रतिपादन गर्ने काम गरेको छ । तसर्थ उपन्यास देशकाल र वातावरणको सीमाबाट मुक्त छ । कुनै पनि दर्शन वा विचार देशकाल र वातावरणमा सीमित रहँदैन । दोस्रो विश्वयुद्धको विभीषिकाको वर्णनबाट उपन्यासको समय निर्धारण गर्न सकिन्छ भने ठाउँमा नाम र प्राकृतिक बनोंटको वर्णनबाट नेपाली वातावराणको झलक पाउन सकिन्छ । देशकाल र वातावरणको चित्रण गर्नु यस उपन्यासको लक्ष्य होइन । यहाँ पारिजातले अस्तित्ववादी दर्शनलाई प्रतिपादन गर्न खोजेकी छन् । तसर्थ यहाँ देशकाल र वातावरण तत्त्व गौण रुपमा पाइन्छ ।

## ३.१.५ भाषा र शैली

उपन्यास सरल र रोचक शैलीमा लेखिएको छ। प्रस्तुत उपन्यास काव्यमय भाषामा लेखिएको छ । यसमा प्रयुक्त भाषाशैलीको सौन्दर्य र मिठासबाट मोहित भएर नै यसका भूमिका लेखक शङ्कर लामिछानेले **शिरीषको फूल** उपन्यासलाई काव्यान्यास भन्न रुचाउँछन् । धेरै ठाउँमा व्याकरणात्मक पदसङ्गतिको विचलन गरिएको र केही क्रियाविहीन वाक्यहरु पनि यहाँ प्रयोग गरिएको छ। तैपनि भाषामा सार्थकता नै देखिन्छ।

भाषाशैलीको आकर्षक प्रस्तुतिले गर्दा साधारण पाठकको पनि मन तान्न सक्ने क्षमता यसमा रहेको छ । एउटा गहन दार्शनिक चिन्तनलाई सहज र रोचक भाषाशैलीद्वारा सजाउन सक्नु उपन्यासकार पारिजातको वैशिष्ट्य हो भन्नुमा अत्युक्ति नहोला ।

## ३.१.६ उद्देश्य

प्रस्तुत उपन्यासको मुख्य उद्देश्य अस्तित्ववादी दर्शनको प्रतिपादन गर्नु रहेको छ । सकमबरीमा अस्तित्ववादी वरण देखा पर्छ भने सुयोगवीरले अस्तित्ववादभित्र रहेको जीवनको अर्थहीनतालाई प्रतिनिधित्व गरेको छ । त्यस्तै शिवराजलाई पनि अस्तित्ववादी विसङ्गतिवादका निस्सार र निरुपाय वृत्तभित्रै बाँचिरहेको देखाइएको छ । अस्तित्ववाद विश्वयुद्धको विभीषिकाबाट त्रस्त भएको बीसौं शताब्दीको मानवमूल्यहीन जीवन भोगाइबाट जन्मेको दर्शन हो । पारिजातको '**शिरीषको फुल**' मा पनि कामु, लरेन्स, जोला, सार्त्र र अन्य अस्तित्ववादी लेखक तथा दार्शनिकहरुको प्रभाव पाइन्छ । विसङ्गतियुक्त जीवनमा आफूलाई निरुद्देश्य, निरुपाय र निरर्थक देखेर शून्यबोध गर्नु र त्यही शून्यताभित्रै आफ्नो भवितालाई स्वीकार गर्नु अस्तित्ववादी चिन्तन हो । यो चिन्तन सङ्घर्ष र प्रगति भन्दा पलायनतिर नै अभिमुख रहेको हुन्छ । जीवनप्रति अनास्था, ईश्वरप्रति प्रश्नचिन्ह, दाम्पत्य जीवन र सामूहिकता भन्दा व्यक्तिवादी एकान्तिक जीवनको स्वीकार, सामयिक गतिविधि र प्रगतिबाट आफूलाई तटस्थ राख्नु आदि अस्तित्ववादले स्वीकारेका मान्यताहरु हुन् । सकमबरी, सुयोगवीर र शिवराजका माध्यमबाट पारिजातले **शिरीषको फूल** उपन्यासमा अस्तित्ववादी तथा आफ्नो निस्सारतावादी दर्शनको प्रतिपादन गरेकी छन् ।

## ३.२ "शिरीषको फूल" उपन्यासको वस्तु विश्लेषण र योजना

### ३.२.१ वस्तु

प्रस्तुत उपन्यासको विषयवस्तु सामाजिक हो तर यो वस्तु परम्परागत भन्दा भिन्न प्रकारको छ । समाजमा आर्थिक, राजनैतिक एवम् सांस्कृतिक पक्षहरुभित्र अप्रत्यक्ष रुपमा पिल्सिएको तर नितान्त वैयक्तिक सोचाइ एवम् नारी र पुरुषमा हुने मनोवैज्ञानिक आयामले स्थान पाएको छ । सकमबरी र सुयोगवीरको माध्यमबाट यहाँ नारी र पुरुषको अन्तर्मनलाई स्पर्श गर्ने प्रयास गरिएको छ । ती नारी-पुरुषको अन्तर्द्वन्द्व एवम् विचारहरु सार्वभौमिक नभई व्यक्तिवादी धरातलका उपज बनेर प्रस्तुत भएका छन् । उपन्यास लेखनको समयविन्दु हेर्दा यसमा प्रस्तुत बिषयवस्तु दोस्रो विश्वयुद्धपछि वि.स २०२० सम्मको सेरोफेरोबाट लिइएको महसूस गर्न सकिन्छ । उपन्यासमा मञ्चीय पात्र तथा स्थान नेपालभित्रकै भएको हुँदा उपन्यासलाई नेपाली समाजको परिप्रेक्ष्यमा हेर्न सकिन्छ भने युद्धक्षेत्रको वर्णनबाट यहाँ युद्धको सन्त्रासले पैदा गरेको असुरक्षित जीवनको सार्वजनीन सत्यको पनि उद्घाटन गरिएको पाइन्छ । नेपाली धरतीबाट बर्माको जङ्गलमा पुगेर जापानी सैनिकहरुसँग युद्ध गर्न पुगेको सुयोगवीर नेपालले ब्रिटिश साम्राज्यवादलाई गरेको सहयोगको एउटा यथार्थ नमूना हो; सिपाहीहरु युद्धमा प्रयोग हुने मेशिन हुन् जसबाट कैयौं निर्दोष मानिसहरुको ज्यान जान्छ ।

उपन्यासमा पूर्वदीप्ति प्रणालीद्वारा दोस्रो विश्वयुद्धको भयावह स्थितिको वर्णन गरिएको छ । युद्ध सन्त्रासले मानव अस्तित्व तहसनहस पारेको छ । मानिस अनिश्चित जीवन भोग्न बाध्य छ । सुयोगवीरले भने झैं जीवन साच्चैं नै एउटा मृत्यु-उपत्यका बनेको छ । बलात्कार, हत्या र व्यभिचारले सिङ्गो मानव अस्तित्वलाई ग्रस्त पारेको छ । कैयौं नेपालीहरु सैनिक जीवन भोग्दै बर्माको जङ्गलमा भौतारिन्छन् । विश्वयुद्धको समाप्ति पश्चात् पनि धेरै समयसम्म त्यसको प्रभाव जनमानसमा रहिरहन्छ ।

नायक सुयोगवीर युद्धकै अवशेष भएर बाँचिरहेको हुन्छ । उसले विश्वयुद्धमा एउटा पनि मान्छे मार्न सफल भएको इतिहास जडेको छैन । आफै भन्छ- "मान्छे एउटा पनि मारेको छैन, मेरो शरीरमा विश्वयुद्धको केही छाप छैन ।" ('शिरीषको फूल' पृ.७ ) बर्मामा रहँदा ऊ लगायत साथी समेत भएर छिनठिटी, कचीन गोठाल्नी र माटिनचीलाई मरणान्त बलात्कार गरेका छन् । तर पनि सुयोगलाई युद्धमा हतियार प्रयोग गरेर मान्छे मार्न नसेकेकोमा खेद छ । यसबाट सुयोगवीरले मान्छेमा रहेका हिंसात्मक वृत्तिको प्रतिनिधित्व गरेको छ । शुरुदेखि नै उसले स्वास्नीमान्छेलाई एउटा भोग्य साधनको रुपमा हेर्न गरेको

हुन्छ । ४५ वर्ष बिताइसक्ता पनि उसले कुनै स्वास्नीमान्छेलाई प्रेम गरेको हुदैन । बुढेसकालमा आएर बरीलाई प्रेम गर्न पुग्छ । तर उसले आफ्नो प्रेमलाई सत्य र सफल साबित गर्न खोज्दा बरीको मृत्यु भइसक्छ र सुयोग कहिल्यै कसैको सामु बरीप्रतिको आफ्नो प्रेम भएको कुरा प्रमाणित गर्न सक्तैन ।

नायिका सकमबरी शारीरिक, मानसिक दुबै रुपले अस्वस्थ देखिन्छे । तैपनि उसको दार्शनिक व्यक्तित्वबाट ऊ रहस्यमय चरित्रकी देखापर्दछे । एक्लो जीवन बाँच्नु र आफ्नै इच्छाले मर्नु उसको सिद्धान्त हो । सुनगाभाको जीवघाती स्वभावमा रमाउने बरी अन्त्यमा सुयोगको अप्रत्यासित चुम्बनबाट बिरामी पर्दै जान्छे र मृत्यु वरण गर्नपुग्छे । उसको निम्ति शिरीष-पुष्पको उपमा सार्थक देखिए पनि जीवघाती सुनगाभाको रुपमा पनि उसलाई हेर्न सकिन्छ । बरीकै कारण सुयोगवीरको अन्तर्मनमा निहित आर्कषक सुन्दर घर बनाएर बस्ने इच्छामा तुषारापात हुन्छ, उसको पुरुष अहम्माथि बरीले ठूलो आघात पुऱ्याइदिन्छे र ऊ निस्क्रिय भएर निस्सार जीवन बाँचिरहेको देखिन्छ । त्यसैगरी दाजु शिव पनि बरीलाई अति माया गर्ने हुँदा आफ्नो दाम्पत्य जीवनप्रति उदासिन रहन्छ र बरीको असामयिक मृत्युपछि पनि जीवनहीन जीवन बाँचिरहेका हुन्छन् । अर्थात् यिनीहरु बरीको परपीडक प्रवृत्तिबाट सताइएका छन् । तर बरीले भने मृत्यु अँगाले पनि आफ्नो जीवनको उद्देश्यलाई सार्थक सिद्ध गरेकी छ ।

शिवराजको तटस्थ जीवन भोगाइलाई उपन्यासमा सारहीन रुपमा देखाइएको छ । तीन जना बहिनीहरुको दाजु भएर पनि आफ्नो अभिभावकत्वको जिम्मेवारी पूरा गर्नमा कुनै चासो देखाउदैन । सानी बहिनी अल्लारे उमेरमै पोइल गएकी, माइली बहिनी असमयमै मरेकी तथा जेठी बहिनीको जीवन ओइलाउँदै गएको तथ्यलाई दाजु शिवराज टुलटुल हेरिरहन्छ । आफ्नो परिवार र समाजको लागि केही गर्न नसक्ने एउटा आवारा र रक्सीबाज युवक भन्दा माथिल्लो दर्जामा उसले उक्लन सकेको देखिदैन । बरीलाई केही भइदिएमा आत्महत्या गर्ने कुरा सुनाउने शिवराज बरीको मृत्युपछि पनि रक्सीमा लीन भएर निस्सार बाँचिरहेको भेटिन्छ ।

एउटा सोह्रवर्षे ठिटो र रोगी पसल्नीबीचको शारीरिक यौनभोगको प्रसङ्गलाई पनि उपन्यासमा समेटिएको छ । ती दुईले प्रेमको विकृत र सस्तो नमूनाको उद्‌घाटन गरेका छन् । त्यस्तै सुयोगवीरको स्मृतिपटलमा रहेका छिनठिटी, कचीन गोठाल्नी र माटिनचीहरुको करुण जीवनकथाले पनि उपन्यासमा स्थान पाएको छ ।

आधुनिक सभ्यतासँग परिचित सम्पन्न, भौतिक सुविधायुक्त मध्यमवर्गीय परिवार उपन्यासमा देखा पर्दछ । शिवराजको घरमा निजी मोटर र नोकर-नोकर्नी पनि छन् । यसबाट सामन्तीसंस्कारका झल्को पाइन्छ । मूल पात्रहरुको जीवनपद्धतिले नेपाली आम समूहसँग मेल खाँदैन । नोकर, बेराजस्ता गौण पात्रले भने यथार्थलाई देखाउँछन् । सामाजिक चिन्तनलाई गौण स्थानमा राखी व्यक्ति चिन्तनलाई प्रधानता दिएकाले यस उपन्यासका प्रमुख पात्रहरुले आम चरित्रको प्रतिनिधित्व गर्दैनन् । तत्कालीन साहित्यमा प्रचलित तीन चिन्तनधारा यथास्थितिवादी, सुधारवादी र परिवर्तनकामी चिन्तनधारामध्ये यहाँ पारिजातले प्रत्यक्षतः कुनैलाई पनि अँगालेको पाइँदैन । तर अप्रत्यक्षतः यथास्थितिलाई नै सघाउ पुगेको छ ।

यसरी सामाजिक विषयवस्तु लिइए तापनि **शिरीषको फूल** उपन्यासमा व्यक्तिवादी निस्सारतावादी दर्शनले नै प्रमुखता पाएको छ । उपन्यासमा वस्तुपक्ष भन्दा

चिन्तनपक्ष सबल रहेको पाइन्छ । नेपाली जनजीवन तथा सामाजिक मूल्य-मान्यताहरुसँग उपन्यासकार तटस्थ रहेको पाइन्छ । नारी-पुरुषबीचको आर्कषण-विकर्षणको मनोवैज्ञानिक बिश्लेषण, अहं र मानव अस्मिताको स्थापना गर्नेजस्ता कुरामा नै उपन्यासकार मूलतः केन्द्रित रहेको पाइन्छ ।

## ३.२.२ वस्तुयोजना

उपन्यासको शुरुदेखि अन्त्यसम्मको अवधि डेढ-दुई वर्षभन्दा बढी छैन । तर उपन्यासको कथाले दोस्रो विश्वयुद्धको परिवेश र घटनालाई समेत पूर्वकालिक परिप्रेक्ष्यमा छुन पुगेको छ । यहाँ सामाजिक विषयवस्तुलाई मनोविश्लेषणात्मक रुपले

प्रस्तुत गरिएको छ । कथावस्तुको योजना क्रमिक रुपमा नभई बीचमा पूर्वदीप्ति प्रणाली अँगालेर कथा प्रस्तुत गरिएको छ । बीस अध्यायमा फैलिएको प्रस्तुत उपन्यासको कथावस्तुको योजना यसरी गरिएको छ :

१. पहिलो अध्यायमा प्रमुख पात्रहरुको परिचय पाइन्छ । नायक सुयोगवीर पहिलो- पल्ट शिवराजको घरमा गएको हुन्छ र बरीसँग उसको परिचय हुन्छ । बुलेट पड्केजस्तो बोल्ने नायिका बरीको आचरणले सुयोगमा अनौठो प्रभाव पार्दछ ।

२. दोस्रो अध्यायमा शिवराजको जातीय परिचय र सुयोगवीरको फौजी जीवनको परिचय पाइन्छ । सुयोग र शिवले रक्सी पिउँदै लडाइँ सम्बन्धी गफ गरिरहेका हुन्छन् । शिवले सुयोगको डेरामा सकमबरीको तस्वीर खसालेर जान्छ ।

३. सुयोग बरीको तस्वीर बुझाइदिन शिवको घरमा जान्छ । बरी र सुयोगवीच सुनगाभाको विषयमा लामो संवाद चल्छ । यहाँ बरीको परपीडक स्वभाव एवम् एकान्तिक जीवनप्रतिको मोह देखापर्छ ।

४. एउटा सोह्रवर्षे ठिटो र उमेर ढल्किसकेकी रोगी पसल्नीबीचको प्रेमकथाको उल्लेख चौथो अध्यायमा गरिएको छ । शिवराज सुयोगको कोठामा जान्छ र बरीको जन्मदिवसको उपलक्ष्यमा निम्तो दिएर फर्कन्छ ।

५. सुयोग बरीको जन्मदिवसमा जान चाँहदैन तर शिव आएर लिएर जान्छ । जन्मदिवसमा तीनजना-बरी, सुयोग र शिव मात्र देखिन्छन् । कुराकानीको प्रसङ्गमा बरी- को मृत्युन्मुखी प्रवृत्ति प्रकट हुन्छ ।

६. सुयोगवीर शिवराजको घरपरिवारसँग अभ्यस्त भइसकेको हुन्छ । मुजुराको मिजासिलो व्यवहारबाट सुयोग आकर्षित हुन्छ र मनमनै मुजुरालाई पत्नीको रुपमा कल्पना गर्न थाल्छ । तर अचेतनमा ऊ बरीसँग नजिक हुँदैगइरहेको हुन्छ ।

७. ईश्वर, ईश्वरत्व र मनुष्यत्वका सम्बन्धमा बरी र सुयोग बीच चर्चा हुन्छ । बरी ईश्वरप्रति विश्वास गर्छे र अविश्वास पनि । सुयोगको बरीप्रतिको आर्कषण बढ्दै जान्छ ।

८. सुयोग र शिव मद्यशालामा गई रक्सी पिउने र गफ गर्ने क्रम यथावत् चलिरहेको हुन्छ । बरी महिना दिनको निम्ति मद्येश जाने कुरा शिवले सुनाउँछ । 'बरी भोलि देखि यहाँ हुन्न' भन्ने कुराले सुयोगवीरमा विवशता ल्याइदिन्छ । बरीसँग आफ्नो प्रेम भइसकेको कुरा उसले मनमनै स्वीकार्छ ।

९. महिना दिनपछि बरी मद्येशबाट फर्केन्छे । सुयोगले बरीलाई 'केश पालेको कति सुहाएको छ, अब त पाल्ने गर है' भनेका तीन दिनपछि बरी एक इञ्चको हिसाबले केश छाँटेर बौलाही जस्ती भएर देखापर्छे । यसबाट सुयोगको मनमा चोट पुग्छ । माघ महिनाको बीचतिर शिवराजकी कान्छी बहिनी सानू पोइल जान्छे ।

१०. सुयोगवीर वर्तमानवाट आफ्नो विगत जीवनका घटना सम्झन पुग्छ । दोस्रो युद्ध- को बेला बर्माको जङ्गलमा रहँदा उसले हेडहण्टरकी छोरी छिन ठिटी लाई बलात्कार र हत्या समेत गरेको हुन्छ ।

११. युद्धको बेला जङ्गलमा रहँदा सुयोगवीर तथा अन्य सिपाहीहरुले कचीन जातिकी गोठाल्नीलाई रगतपीच्छे होउञ्ज्याल बलात्कार गरेको नृशंसक घटना एघारौं अध्यायमा वर्णन गरिएको छ ।

१२. आफ्नो विगत स्मरण गर्दै जाँदा सुयोगवीरले माटिनचीप्रति गरेको दुर्वव्यवहार र अत्याचारको कथा वाचन गर्न पुग्छ । उसलाई पतिको रुपमा प्राप्त गर्न चाहने प्रेमिका माटिनचीलाई उसले विहे गर्ने आश्वासन दिएर कुमारीत्व लुट्छ र अन्त्यमा शारीरिक यातनासमेत दिएर आफू भाग्छ ।

१३. दोस्रो विश्वयुद्धका बेला सिपाहीहरुले भोगेका दु:ख-कष्ट एवम् युद्ध सन्त्रासलाई तेह्रौं अध्यायमा उल्लेख गरिएको छ ।

१४. एकदिन सुयोगवीर शिवराजको घरमा जाँदा मुजुरा र बरी गफ गर्दै रहेका हुन्छन् । बरीको व्यङ्ग्यात्मक शब्दहरुबाट सुयोग मानसिक रुपमा प्रताडित हुन पुग्छ तर पनि उसले बरीलाई मनमनै प्रेम गरिरहन्छ । सुयोगले प्रेमलाई केवल दु:ख र निरर्थकताको रुपमा लिएको हुन्छ ।

१५. पन्ध्रौ अध्यायमा पुग्दा कथाले चरमोत्कर्ष प्राप्त गर्दछ । एकदिन साँझपख शिवराज घरमा छैन भन्ने थाहा हुँदा हुँदै पनि सुयोग बहाना बनाएर शिवको घरमा जान्छ । बरी बगैंचामा हुन्छे । आवेशमा आएर सुयोगले बरीलाई चुम्बन गर्न पुग्छ । तर आत्मतृप्ति गर्नै नपाई उसको मोहभङ्ग हुन्छ । बरीले कुनै प्रतिक्रिया व्यक्त गर्दिन ।

१६. अर्को दिन मद्यशालामा सुयोग र शिव रक्सी पिउँदै अबेरसम्म बस्दछन् । बरीलाई सञ्चो नभएको कुरा शिवराजबाट थाहा हुन्छ ।

१७. हप्तादिनपछि सुयोग शिवको घर जाँदा बरीलाई सञ्चो छैन भन्ने कुरा मुजुराबाट सुन्दछ । बरी सञ्चो नहुने कारण सुयोगलाई भित्रभित्रै पीडा र छटपटी दिन थाल्छ । उसले बरीलाई जीवघाती सुनगाभासँग तुलना गर्छ । पसल्नी आफ्नो प्रेमी ठिटोलाई रोगका कीटाणु सल्काइदिएर मृत्यु प्राप्त गर्छे ।

१८. बरीलाई सञ्चो नभएको महिनादिन भइसक्छ । बरीसँगसँगै शिवराज र सुयोग पनि मानसिक रुपमा रोगी बन्दै जान्छन् । शिवराज बरीलाई मधेश लिएर जाने कुरा गर्छ र बरीलाई केही भइहाल्यो भने आफूले आत्महत्या गर्ने कुरा व्यक्त गर्छ ।

१९. बरीप्रतिको आफ्नो सत्यप्रेमको पर्दा खोल्ने र सारा छटपटीबाट मुक्त हुने अभिलाषा लिएर सुयोग अन्तिमपटक शिवको घर जान्छ । तर बरीको राति नै निधन भइसकेको कुरा भान्से बाहुनीबाट सुन्छ । आफूले बरीलाई बलात्कार र हत्या गरेको ठान्दै सुयोग यस दुःखद जीवनको अन्त मृत्यु हो भन्ने सम्झदै रित्तो मन लिएर फर्कन्छ ।

बरीको मृत्युपछि शिवराजले आत्महत्या गर्दैन । ऊ रक्सी पिउँदै बरीलाई नै सम्झेर बाँचिरहेको भेटिन्छ । सुयोगवीरका औलाहरु पनि बरीका झै निकोटिनले पहेंलिइसकेका हुन्छन् । उसले रक्सीको गिलासभित्र बरीको मुडुलो टाउको देख्छ र आफू एउटा महाशून्यभित्र बाँधिरहेको स्वीकार गर्छ । बीसौं अध्यायसँगै शिवराज र सुयोगवीर-लाई मद्यशालामा छाडेर उपन्यास सिद्धिन्छ ।

उपन्यासमा मूल रुपमा सुयोगवीर र सकमबरी बीचको आकर्षण-विकर्षणका मनोवैज्ञानिक तथ्यहरुको विश्वलेषणमा केन्द्रित रहेर सीमित घटनामा वस्तुयोजना गरिएको छ । बरी, सुयोग र शिवको त्रिकोणात्मक सम्बन्धको आधारमा कथावस्तु तन्किएको भए पनि यहाँ मुजुरा, पसल्नी, सानू, छिनठिटी, कचीन गोठाल्नी,

माटिनची, युद्ध भूमिका सिपाहीहरु, युद्धबाट प्रभावित जनताहरु आदिका कथाहरुपनि सम्बद्ध-असम्बद्ध भएर उपन्यासभित्र आएका छन् । नायक सुयोगवीर सैनिक जीवनबाट निवृत भएर नेपाल फर्केपछि शिवराजसँग परिचित हुन पुग्छ र शिवको घरवाट कथावस्तु शूरु हुन्छ । उपन्यासको कथानक श्रृङ्खलाबद्ध पहिलेको घटनालाई फ्लासब्याकद्धारा बीचतिर प्रस्तुत गरिएको छ । उपन्यासकारले यहाँ चारवटा फ्लासब्याक दिएकी छन् । जुन अलि बढी जस्तो लाग्छ । सुयोगवीरले बरीलाई गरेको चुम्बन नै यस उपन्यासको मूल घटना हो । चुम्बनको घटनापछि कथानक शिथिल बन्दै नायिकाको असामयिक निधनमा पुगेर टुङ्गिन्छ । शुरुमा बरीलाई जीवघाती सुनगाभाको रुप प्रदान गरिए तापनि उपन्यासको शीर्षक सार्थक तुल्याउन अन्त्यमा उसलाई मृत्यु अँगाल्न लगाइएको छ । उपन्यासलाई उन्नाईसौं अध्यायमा टुङ्गयाएको भए त्यसपछि शिवराजले के गऱ्यो होला, सुयोगको हालत कस्तो भयो होला भन्ने जिज्ञासा पाठकहरुमा रहन्थ्यो तर उपन्यासकारले बीसौं अध्याय थपेर पाठकहरुप्रति पनि जीवनको निस्सारता अनुभव गर्न बाध्य तुल्याएको पाइन्छ । यसरी उपन्यासको वस्तुयोजना गरिएको छ ।

## ३.३ 'शिरीषको फूल' उपन्यासमा पात्रविधान र चरित्रचित्रण

### ३.३.१ पात्र-विधान

| पात्रहरु | नाम | भूमिका |
|---|---|---|
| (क) मञ्चीय पात्र:<br>१.प्रमुख पात्र-स्त्री | सकमबरी | उपन्यासको केन्द्रीय चरित्र सकमबरी भ्रमरको प्रथम चुम्बनमै ओइलिई झर्ने शिरीष-पुष्पको प्रतीक बनेकी छ । ऊ पारिजातका सम्पूर्ण विचारको भोक्ता पात्र पनि हो । |

| | | |
|---|---|---|
| २.प्रमुख पात्र-पुरुष | सुयोगवीर | सुयोगवीर उपन्यासको समाख्याता र नायक हो । दोस्रो विश्वयुद्धको भयावह स्थितिलाई भोगिसकेको सुयोगवीरले जीवनलाई एउटा मृत्यु-उपत्यका ठान्छ । बरीलाई अँगाल्न चाँहदा उसले मानसिक रुपमा धेरै प्रताडित हुनु परेको छ । उपलब्धिहीन जीवन भोगिरहेको सुयोगवीर आफू एउटा महाशून्यभित्र बाँचिरहेको अनुभव गर्छ । |
| ३.सहायक पात्र-पुरुष | शिवराज | शिवराज उपन्यासकी नायिका सकमबरी, मुजुरा र सानू समेतको दाजु हो । ऊ आफ्नो अभिभावकत्वको दायित्व पूरा गर्न असमर्थ एउटा निस्सार र तटस्थ पात्र हो । |

| | | |
|---|---|---|
| ४.सहायक पात्र-स्त्री | मुजुरा | मुजुरा शिवराजको जेठी बहिनी हो । उसका कुनै पनि इच्छा-आकाङ्क्षाहरु अभिव्यक्त भएका छैनन् । उसले जीवनलाई सकारात्मक कोणबाट हेर्ने गरेकी छ । नाउँ मुजुरा भएपनि उसको जीवनमा हरियालीको एउटा पनि मुना पलाउन सकेको छैन तर ऊ लामो जीवन बाँचिरहेकी भेटिन्छे । उपन्यासमा उसको प्रस्तुति केवल सकमबरीको चरित्रसँगको विसङ्गत तत्त्व पहिल्याउनका लागि मात्र प्रयोग गरिएको पाइन्छ । |
| | | सानू शिवराजकी कान्छी बहिनी हो । नायिका बरी, मुजुरा, शिवराज एवम् नायक सुयोगवीर समेतको |

| | | |
|---|---|---|
| ५ .गौण पात्र-स्त्री | सानू | विपरीत ध्रुवमा उपस्थित भएकी सानू सोह्र वर्षको किशोर अवस्थामै आफूले मन पराएको ठिटोसँग पोइल जान्छे । जीवनप्रति सचेत पात्रको रुपमा उपस्थित भए तापनि उसको छोटो भूमिकाबाट नायिकाको चरित्रको विपर्यास स्थिति उद्घाटन गर्ने प्रयत्नमा उसको प्रयोग गरिएको छ । |
| | पसल्नी | ऊ विकृत प्रेमको नमूना बनेर प्रस्तुत भएकी छ । उमेर ढल्किसकेकी र क्षयरोगले मर्नै आँटेकी पसल्नीले एउटा सोह्रवर्षे ठिटोसँग प्रेमगर्छे र प्रेमीलाई रोगका कीटाणु सल्काइदिएर आफू मृत्युको अँगालोमा पुग्छे । |
| | आमा | शिवराजकी आमा उपन्यासमा दुई तीन पटक मात्र छोटो समयका लागि प्रस्तुत भएकी छ र उपन्यासमा ऊ एउटा निस्क्रिय चरित्रको रुपमा उपस्थित भएकी छ । |
| | भान्से बाहुनी | उपन्यासको उन्नाइसौं परिच्छेदमा पुग्दा नायिकाको मृत्युको सन्देशबाहकको रुपमा शिवराजकी भान्से बाहुनी देखापर्छे । |
| ६.गौण पात्र-पुरुष | ठिटो | मानव जीवनका विविध विसङ्गतिमध्ये एउटा पाटो भएर प्रस्तुत भएको सोडापानी बेच्ने ठिटो । ऊ उमेर ढल्किसकेकी एउटी आइमाईको प्रेममा डुबेको छ । |
| | नोकर | ऊ सामन्ती प्रथामा प्रचलित दासताको प्रतीक हो, निम्नवर्गीय श्रेणीको प्रतिनिधि पात्र हो । |
| | | ऊ एउटा कमजोर पात्र हो । आफ्नै पसलभित्र |

| | | |
|---|---|---|
| | पसले साहु | आफ्नी स्वास्नीलाई पराइ ठिटोले अँगालो हालेको देख्नु पर्दा असह्य भएर एक दुई घण्टाको लागि ऊ बाहिर कतै भाग्छ । तर पसल्नीको मृत्युपछि भने ऊ सहजसाथ छोराछोरी स्याहार्दै पसल चलाएर बस्छ । |
| | बेरा | ऊ रक्स्याहाहरुले जे अह्रायो त्यही गर्नुपर्ने बाध्यता बोकेको निरीह र दरिद्र मान्छे हो । |
| (ख) नेपथ्य पात्र:<br>१.नेपथ्य पात्र-स्त्री | छिन ठिटी | ऊ हेडहण्टरकी छोरी हो । सङ्घर्ष गर्दागर्दै पनि सुयोगवीरको अमानवीय क्रियाकलापबाट आफ्नो अस्तित्व बचाउन नसकेकी छिन ठिटी सरल र निर्दोप चरित्र हो । |
| | कचीन ठिटी (भैंसी गोठाल्नी) | जीवनमा आँसु र रगत बगाएर पनि आफूलाई सुयोगवीर तथा अन्य सिपाहीहरुको बलात्कार जस्तो कुकृत्यबाट आफूलाई बचाउन नसकेकी कचीन गोठाल्नी जङ्गलमा फुलेको एउटा गुलाफको पर्याय बनेकी छ । जसलाई साम्राज्यवादका सैनिकहरुले आफ्ना राक्षसी बुटले कुल्चिदिएका छन् । |

| | | |
|---|---|---|
| | माटिनची | माटिनची बर्मेली किसानकी छोरी हो । उसलाई सुयोगवीरले ख्वान्नियो पाँ (प्रेयसी) भनी बोलाउँछ । ऊ सुयोगवीरलाई पतिको रुपमा पाउने चाहना एवम् आशामा आफ्नो कुमारीत्व र अस्तित्वसमेत गुमाउन पुग्छे । |
| २.नेपथ्य पात्र-पुरुष | सिपाहीहरु | सिपाहीहरु युद्धका प्रतीक भएर आएका छन् । उनीहरु साम्राज्यवादी शक्तिहरुबाट डोऱ्याइएका छन् । यहाँ सिपाहीहरुको अस्तित्वलाई मानवनिर्मित मेशीन बराबर ठानिएको छ । |

| | | |
|---|---|---|
| ३.अर्मूत विम्बगत पात्र | हेडहण्टर | युद्ध विभीषिकाको आयोजक, दोस्रो विश्वयुद्धको नायक, अर्मूत कर्म र कर्तासमेतको संज्ञा, जो मृत्यु-उपत्यका (डेथ भ्याली) को सम्राट हो । |

## ३.३.२ चरित्र चित्रण

उपर्युक्त तालिका अनुसारका पात्रहरुलाई दुई कोटिमा राखेर तिनको वैशिष्ट्यको अध्ययन गर्न सकिन्छ । उपन्यासको शुरुदेखि अन्त्यसम्म प्रत्यक्ष रुपमा देखापर्ने पात्रहरुलाई पहिलो कोटिमा राख्न सकिन्छ । यस कोटिमा नायिका सकमबरी, नायक सुयोगवीर, दाजु शिवराज र मुजुरा पर्दछन् । त्यस्तै उपन्यासको मञ्चमा छोटो समय मात्र देखा पर्ने पात्र तथा नेपथ्यमा रहेका पात्रहरुको भूमिकालाई दोस्रो कोटिमा राख्न सकिन्छ जसमा पसल्नी, सानू, छिनठिटी, कचीनठिटी, माटिनची, ठिटो,सिपाहीहरु आदि आँउछन् । यी सबै पात्रहरुको माध्यमबाट **"शिरीषको फूल"** उपन्यासमा जीवनको निस्सारताबोधक चिन्तन प्रतिपादन गर्न खोजिएको छ र यहाँ जीवनलाई विसङ्गतिहरुको पुञ्जको रुपमा परिभाषित भएर उपस्थित छन् ।

**पात्रहरुको चरित्र चित्रण यसरी गर्न सकिन्छ :**

(क) **पहिला कोटिका चरित्रहरु**

**१.सकमबरी**

सकमबरी अर्थात् बरी यस उपन्यासकी नायिका हो । **शिरीषको फूल** उपन्यासकी सशक्त केन्द्रीय चरित्र पनि बरी नै हो । उपन्यासलाई त्रिकोणात्मक रुपले हेर्ने हो भने ऊ उपन्यासकी उच्च चरित्र हो । उपन्यासभरि ऊ एउटा हठी, स्वाभिमानी, जीवनविरोधी, मृत्यु आमन्त्रिणी र तटस्थ स्वास्नीमान्छेको रुपमा देखापरेकी छ । बुलेट

पड्केको जस्तो बोली, पाँच फूट तीन इञ्च जति अग्लो दुबलो शरीर, सेतो वर्ण, मुडुलो टाउको, बिरालाकाजस्ता चनाखा आँखा आदि उसका पहिचान हुन् । ( पारिजात, सं २०६३, 'शिरीषको फूल' पृ.४ ) निकोटिनले पहेंलिएका झिना औंलाबीच प्रायः चुरोट च्यापिरहने बरी चौबीस वर्ष पार गरिसकेर पनि दाम्पत्य जीवनप्रति उदासिन देखिन्छे । ऊ भन्छेः-'प्रेममा गएर पिल्सिनै पर्छ भन्ने अनिवार्यता छैन । एक्लो बाँच्न सकिन्छ एक्लो ।' (पुर्ववत्, पृ. १२ ) नारीलाई केवल फूल सम्झने सुयोगवीरलाई ऊ यसरी जवाफ दिन्छे, "आफ्नो निम्ति फुल्नु, आफ्नै निम्ति फक्रिनु, ..... आफू मात्र झर्ने, आफ्नो इच्छाले झर्ने । आफ्नो इच्छाले भर्ने ।" (पूर्ववत् ) । यसरी ऊ सामूहिक जीवन र मानवीय मूल्य-मान्यताहरुलाई लत्याएर एकान्तिक जीवनभित्र आफ्नो अस्तित्व खोजिरहन्छे । ऊ बाँच्नुको कुनै प्रयोजन देख्तिन । प्रत्येक मृत्यु र अन्त्यको शब्द सुन्दा उसको अनुहार उज्यालो हुन्छ । 'चुरोट नपिऊ क्यान्सर लाग्ला' भन्दा ऊ 'स्वागत छ' भन्ने जवाफ दिन्छे । (पूर्ववत्, पृ. २२-२३) जीवनप्रति ऊ सधैं अनास्था प्रकट गर्छे । सकमबरीका माध्यमबाट पारिजातले निस्सारतावादी दर्शनको प्रतिपादन गरेकी छन् ।

जीवघाती सुनगाभा सकमबरीको जीवनको आदर्श हो । सुनगाभाको घातक थैलोभित्र कीरा निसास्सिएर मरेको करुण दृश्य उसलाई रमाइलो लाग्छ । ऊ स्वयं पनि एउटा इन्सेक्ट किलर भएर बाँच्न चाहन्छे अथवा ऊ परपीडाबाट आनन्द लिने व्यक्ति देखापर्छे । आफ्नो वरिपरि झुम्मिन आउने पुरुष रुपी भँवराहरुलाई एक-एक गरी मार्न चाहन्छे र एक्लै आफ्नै इच्छाले बाँच्न र आफ्नै इच्छाले मर्न चाहन्छे ।

प्रेम, विवाह, यौन, सामाजिक जीवन, उन्नति आदिलाई ऊ निस्सार र निरर्थक ठान्दछे । उसमा नारीजन्य कोमलता र सौन्दर्य पटक्कै पाइँदैन । फूलहरुको उसलाई सोख छ, त्यो केवल सजाएर राख्नमा मात्र । सुयोगवीर बरीलाई एउटा सुनगाभाको फूल सम्झन्छ । तर बरीको अन्त्य भने 'शिरीषको फूल' को विवशतामा गएर टुङ्गिन्छ । अर्थात् सुनगाभाको परपीडक वृत्तिमा रमाउने बरी सुयोगको एक चुम्बनमै शिरीषको फूल बनेर ओइलिई झर्दछे । जीवनमा सङ्घर्ष र प्रगतिको बाटो रोज्नु भन्दा ऊ पलायन र मृत्युको मार्ग स्वीकार गर्न पुग्छे । बरी यस उपन्यासकी नायिका र केन्द्रीय चरित्र हुँदैं हो र ऊ

पारिजातले “शिरीषको फूल” मार्फत् प्रतिपादन गर्न चाहेको वैचारिक शिखरको उच्चतम् बिन्दु पनि हो । ऊ पारिजातका सम्पूर्ण विचारको भोक्ता पात्र पनि हो ।

## २. सुयोगवीर

सुयोगवीर उपन्यासको समाख्याता र नायक हो । ऊ दोस्रो विश्वयुद्धको भूमिबाट बँचेर आएको एउटा भूतपुर्व सैनिक सुवेदार हो । अविवाहित भए पनि उसले जीवनका उकाली-ओराली गर्दै ४५ वर्ष बिताइसकेको छ । युद्ध क्षेत्रमा एउटा पनि मान्छे मार्न नसके पनि उसले धेरै स्वास्नीमान्छेलाई बलात्कार गरेको छ र हत्या पनि । ऊ जीवनलाई मृत्यु उपत्यका (डेथ भ्याली) ठान्दछ । यहाँ जो जसरी मरे पनि आखिर मृत्यु एउटै हो भन्ने उसको धारणा छ । मुजुराको मृदु स्वभाव र नारीसुलभ कोमल गुणबाट आकर्षित भएर मनमनै मुजुरालाई पत्नीको रुपमा हेर्न थाल्दछ तर उसको अचेतनमा भने बरीप्रतिको अव्यक्त चाहना तीव्र बन्दै जान्छ र अन्त्यमा बरीलाई चुम्बन गर्न पुग्छ । बरीको जस्तोसुकै प्रतिक्रिया पनि सहन चाहने सुयोग बरीको असामयिक निधनपछि आफूलाई झन निस्सार निरर्थक पाउँछ । बरी अप्राप्य छे भन्ने कुरा थाहा हुँदाहुँदै पनि बरीलाई प्रेम गरेर आफू प्रेमको एउटा व्यङ्ग्य रुप धारणा गर्न पुगेको कुरा स्वीकार गर्छ र उसले आफूलाई बरीको हत्यारा सम्झन्छ ।

सुयोगवीर जहिले पनि आफूलाई रित्तो, खोक्रो, निस्सार र असफल सम्झन्छ । जीवन उसको दृष्टिमा असफलता हो, दुर्भाग्य हो । ऊ भन्छ-“यो जीवन यस्तो ठाँउ हो, जहाँ सन्तुष्टिको एउटा परिधि खिंचेर हामीले बाँच्नुपर्छ । सडकमा पछारिएर अलपत्र परेका अनुभूतिका प्रत्येक टुक्राहरुलाई स्याहार्दै जानुपर्छ , स्वीकारर्दै जानुपर्छ । ( पूर्ववत्, पृ. ५३ ) बरीभित्र जीवघाती तन्तु छ भन्ने थाहा हुँदाहुँदै पनि बरीलाई अँगाल्न खोज्दा उसले मानसिक रुपले धेरै प्रताडित हुनु परेको छ र उसका सम्पूर्ण भावनाको हत्या भएको छ । तर पनि ऊ बाँचिरहेको छ । ऊ भन्छ- “एउटा निस्सार संसारभित्र म

बाँचिरहेको छु र म सधैं स्वीकार गर्छु म एउटा महाशून्यभित्र बाँचिरहेको छु ।" ( पुर्ववत्, पृ. ६६)

### ३.शिवराज

प्रस्तुत उपन्यासमा सकमबरी र सुयोगवीर पछिको मुख्य पात्र शिवराज हो । ऊ नायिका बरी, मुजुरा र सानू समेतको दाजु हो । शङ्कर लामिछानेले शिवराजलाई उपन्यासको क्यानभास भनेका छन् । उपन्यासलाई त्रिकोणात्मक चरित्रको आधारमा हेर्दा शिवराज सकमबरी र सुयोगवीरसँगैं प्रमुख पात्रको रुपमा आउँछ । तर उपन्यासकारले चाहेको दार्शनिक विचार प्रतिपादन गर्नमा उसको भूमिका सहायक पात्रको रुपमा प्रस्तुत भएको छ । सुयोगको भनाइमा शिवराज पनि एउटा निस्सारतामा बितिरहेको पात्र हो । सुयोगसँग मद्यशालामा गई रक्सी पिउँनु, गफ गर्नु शिवराजको दिनचर्या बनेको छ । आमा र तीन जना बहिनीहरु भएको परिवारमा ऊ एउटा जिम्मेवार पुरुष पात्र भइकन आफ्नै जीवनप्रति सचेत छैन । बिहे, घरजम आदि प्रति ऊ उदासिन देखिन्छ । मुजुरा, बरी र सानू यी तीन बहिनीहरुको अभिभावक शिवले आफ्नो अभिभावकत्व उचित रुपले निर्वाह गर्न सकेको पाइँदैन । अरु बहिनीलाई भन्दा बरीलाई बढी माया गर्छ, सधैं बरीको तस्वीर पाकेटमा राखिहिँड्छ र बरीलाई केही भइदिएमा आत्महत्या गर्ने कुरा गर्छ । यी कुराहरुले उसको असामाजिकपन र कुण्ठित मानसिकता जाहेर गर्न पुग्छ । पारिवारिक दायित्व र सामाजिक गतिविधिबाट ऊ सधैं टाढा रहेको पाइन्छ । कुनै पनि उद्यम र परिश्रम नगरी सधैः बेकम्मा भौतारिई हिँडने शिवराज सारहीन पात्र हो । बरीको निधनपछि उसले अब के गर्ला भन्ने जिज्ञासा पनि निस्सारतामै गएर टुङ्गिन्छ । अर्थात बरीको मृत्युपछि पनि ऊ उही बारमा रक्सीको भराइ र रित्याइसँगै सारहीन जीवन बाँचिरहको भेटिन्छ, उसको विगत, बर्तमान र भविष्य कुनै पनि जीवनमा परिवर्तनका झिल्का देखापर्दैन । बरी मरिसकेपछि उसले बरीलाई सम्झिरहन्छ, सपनामा बरीलाई देख्छ र सुयोगसँग भन्छ, "सुयोगजी ! सुन्नुभयो, आज मैलै सपनामा देखेको थिएँ, मलाई किन किन बरी मरेकी

जस्तो लाग्दैन ।" ( पूर्ववत्, पृ.६६ ) ऊ उपन्यासको शुरुदेखि अन्त्यसम्म नै उपस्थित भएको छ ।

### ४.मुजुरा

मुजुरा यस उपन्यासमा सहायक पात्रको रुपमा उपस्थित भएकी छ । २६ वर्षकी, सेतो सारी र सेतो ठुटे चोलोको पहिरन, लामो खुला केश, नराम्री भन्न नसकिने नारीसुलभ गुण भएकी मुजुरा शिवराजकी जेठी बहिनी तथा नायिका बरीकी दिदी हो । उसका राम्रा आँखा र मिजासिलो व्यवहारबाट मनमनै आकर्षित भएको नायक सुयोगवीरलाई मुजुरासँग एउटा सुन्दर घर संसार बसाउने रहर जाग्दथ्यो । (पूर्ववत् , पृ. २२ ) तर सुयोगले त्यो कुरा न मुजुरासामु अभिव्यक्त गर्न सक्यो न दाजु शिवसँग भन्न नै सक्यो । विकृति, हीनता र उत्ताउलोपना मुजुरामा कहिल्यै देखा परेन । जम्मामा ऊ एउटी निर्दोष, सरल र मायालु स्वास्नीमान्छे हो जो सामान्य रुपमा जीवन व्यतीत गर्न चाहन्छे । ऊ जीवनलाई सधै सकारात्मक कोणबाट हेर्ने गर्छे । कान्छी बहिनी सानू पोइल गइसकेपछि मुजुराको प्रतिक्रिया यस्तो हुन्छ, "एउटाको अर्कालाई रुचाएर गएदेखि कसको के लाग्छ ? उनीहरु जीवन बनाएर बस्न सकिहाल्छन् नि ।" (पूर्ववत्, पृ. ३३) दाम्पत्य जीवन, परिवार, सामाजिक जीवनप्रति उसको सकारात्मक सोचाइ रहेको पाइन्छ । तर उसको नाउँ मात्र मुजुरा उसको जीवनमा भने हरियाली एउटा पनि मुना पलाउन पाएको छैन । उपन्यासमा सकमबरीको निस्सारताबोध र पलायनको सामु मुजुराको कोमलतावादी जीवनदर्शनले कुनै महत्त्व र स्थान पाएको छैन । निस्सारतावादलाई आफ्नो दर्शन ठान्ने पारिजातभित्र लुकेको जीवनवादी चिन्तनको प्रतिनिधि बनेर यहाँ मुजुरा देखापरेकी हो ।

## (ख) दोस्रो कोटिका चरित्रहरु

### १.सानू

सानू शिवराजकी कान्छी बहिनी तथा नायिका बरीकी पनि बहिनी हो । उपन्यासमा दुई-तीन पटक मात्र देखा पर्ने सानू गौण पात्रको रुपमा आएकी छ । ऊ अँध्यारो रोगनकी तर आर्कषक सोह्र वर्षे किशोरी हो । ऊ आफ्नो जीवनप्रति सधै सजग रहने प्रगतिशील पात्र हो । साथीभाइहरुसँग घुम्न जानु, रमाइलो गर्नु, वैवाहिक जीवन अपनाउनु, आफ्ना समस्याको आफै समाधान खोज्नु जस्ता कुराहरुमा उसको ध्यानाकर्षित भएको पाइन्छ । घरमा दाजु र दुई दिदीहरुको विवाह गर्ने उमेर जान लाग्दा पनि उनीहरुको कुनै सुरसार नहुँदा आफ्नो पालो नआउने हो कि भन्ने कुराप्रति सजग रहन्छे र पढ्दा पढ्दैको किशोरावस्थामा नै आफूले मन पराएको ठिटोसँग पोइल हिँड्छे । उसको यस कार्यप्रति मुजुरा र आमाले सम्झौता गर्ने प्रस्ताव राख्छन् । शिवराजले केही दिन बेइज्जतीको अनुभव गर्दछ भने बरी यसो भन्छे, “मात्तिएकी ठिटी, कत्रो हतार परेको बिहे गर्नलाई ।” ( पूर्ववत्, पृ.३३ ) यसपछि उपन्यासमा सानू देखा पर्दिन । यसरी सानू जीवनलाई साकारात्मक दृष्टिले हेर्न तथा भोग्ने पात्र भए पनि उपन्यासकारले उसको भूमिकालाई केवल यौन आकर्षणको प्रतीकका रुपमा मात्र प्रस्तुत गरेको पाइन्छ । सुयोगवीर सानूको प्रसङ्गमा ‘आकर्षक टाइट कुर्ता सुरुवालमा थिई’ (पूर्ववत्, पृ.३), ‘उसको आकर्षक नितम्बलाई हेरिरहें’ (ऐ.), ‘कुनै दिन पछिबाट देखें भने उसलाई भ्याउन्ज्याल हेर्थे’ (पूर्ववत्, पृ.२२) जस्ता वाक्यहरु प्रयोग गर्छ । सकमबरी, सुयोगवीर, मुजुरा तथा शिवराज समेतको विपरीत धुव्रमा उभिएकी सानूको जीवनदर्शन स्वयम् उपन्यासकारकै चिन्तनको विरोधका रुपमा देखापरेको छ । उपन्यासमा व्यक्त भएको निराशा, पलायनजस्ता मृत्युन्मुखी चेतनाको सामु सानूको जीवनवादी स्वरले कुनै स्थान पाएको छैन ।

**२. पसल्नी**

पसल्नी उमेर ढल्किसकेकी एउटी रोगी आइमाई हो । घरमा लोग्ने र छोराछोरीहरु हुँदाहुँदै पनि निर्भयसाथ ऊ एउटा ठिटोसँग शारीरिक सम्बन्ध राख्न पुग्छे । यहाँनेर सामाजिक विकृतिको एउटा नमूना बनेर पसल्नी प्रस्तुत भएकी छ । आफू

क्षयरोगबाट मरणासन्न भएको अवस्थामा पनि उसले शारीरिक कामना मरेकी हुन्छे । उसले आफ्नो प्रेमी सोह्र वर्षे ठिटालाई क्षयरोगका कीटाणु नासो दिएर मरेकी छ । उपन्यासकारले कल्पना गरेको जीवनरुपी मृत्यु उपत्यकाको एउटा भाग हो, पसल्नी । जीवघाती सुनगाभामा जस्तै उसमा पनि जीवघाती तन्तु रहेको छ । त्यही तन्तुको आकर्षणमा परेर ठिटो निसास्सिएको छ । पसल्नी र ठिटो बीचको प्रेमलीला विकृत प्रेमको एउटा उदाहरण हो ।

### ३.छिनठिटी

उपन्यासमा छिनठिटी पूर्वदीप्तिद्वारा नेपथ्यमा देखापरेकी छ । ऊ हेडहण्टरकी छोरी हो । ऊ सैनिक सुयोगवीरबाट पनि शोषित एवम् पीडीत हुन पुगेकी सरल र निर्दोष ठिटी हो । बर्माको जङ्गलको एकान्तमा आफूलाई बलात्कार गर्न खोज्ने सुयोगसँग केही छिन सङ्घर्ष गर्दागर्दै उसले मृत्यु प्राप्त गर्छे । दोस्रो विश्वयुद्धका बेला सैनिकहरुबाट बलात्कार र हत्या गरिएका युवतीहरुको प्रतीक भएर छिनठिटी देखापरेकी छ । उसले अनिश्चित जीवन र सस्तो मृत्यु बाहेक केही पाएकी छैन ।

### ४.कचीनठिटी

बर्माको जङ्गलमा भैसीं चराउने कचिनठिटी पनि सुयोगबाटै बलात्कृत भएकी अर्की युवती हो । थेप्चो नाक र चिम्सा आँखा भएकी कचीनठिटीको मुहारमा सुयोगले गुलाफ फक्रेको देख्छ र मेरी मायालु भन्दै पछि लाग्छ र उसको अस्तित्व लुट्न सफल हुन्छ । रुबीको औठी झिकेर ठिटीलाई लगाइदिन्छ र सुयोग उसबाट टाढा भाग्छ । त्यसपछि अर्को सिपाही गएर त्यस ठिटीलाई बलात्कार गर्छ । अर्को दिन बिहान भैंसी गोठाल्नी कचीनठिटी रगतपच्छे भएर लडिरहेकी देखिन्छे । यसरी एउटी निपराध युवतीको भयावह अन्त हुन्छ । उसको जीवनलाई जङ्गलमा फुलेको गुलाफलाई जस्तै विश्वयुद्धका सैनिकबूटहरुले कुल्चिदिएका छन् ।

## ५.माटिनची

माटिनची बर्मेली किसानकी छोरी हो । उसले गोर्खाली सैनिक सुयोगवीरलाई प्रेम गर्छे र उसकी पत्नी बन्ने चाहना राख्छे । तर सुयोगले भने माटिनचीसँग आफ्नो यौनको भोक मेटाउनको लागि मात्र प्रेमको भ्रूटो अभिनय गरेको हुन्छ । बिहे गर्ने आश्बासन दिएर सुयोगले उसको कुमारीत्व र नारी अस्मिता सबै लुटिदिन्छ । सुयोगले उसलाई मेरी ख्वान्नियो पाँ भनी बोलाउँछ । सुयोगले छाडेर जान लाग्दा उसकी ख्वान्नियों पाँ ले रुदैं भन्छे, 'आज त म छोड्दिनँ तिमीलाई मैले असाध्य नराम्रो सपना देखेकी छु । गोर्खा दाइ, मलाई मारेको पाप लाग्ला,नजाऊ ।' (पूर्ववत् , पृ.४२) तर सुयोगको चट्टान मन पग्लदैन, उसले माटिनचीको छातीमा लातले हिर्काएर भाग्छ । यसरी सुयोगले आफूलाई मरिहत्ते प्रेम गर्ने माटिनचीलाई एउटा सस्तो मृत्युको मुखमा धकेलेर भागेको छ । माटिनची उपन्यासकारले ठानेको मृत्यु उपत्यकाको एउटा लाश हो ।

### ६.आमा

शिवराजकी आमा उपन्यासमा दुई-तीन पटक मात्र छोटो भूमिकामा देखा परेकी छ । ऊ एक छोरा र सकमबरी लगायत तीन छोरीहरुकी आमा भइकन पनि एउटी असल आमाको रुपमा कतै पनि देखा परेको पाइदैन । ऊ निस्सार र तटस्थ देखा पर्छे । प्रायः ऊ मधेश गइरहन्छे । छोराको विवाह गरेर बुहारी भित्रयाउने रहर मनमा हुँदाहुँदै पनि यसप्रति उसले जिम्मेवार भूमिका खेल्ने कुनै प्रयास गरेको पाइँदैन । उसले आफ्ना सन्तानहरुको जीवनका सम्बन्धमा कुनै चासो व्यक्त गरेको पनि पाइँदैन । यसरी ऊ एउटा कमजोर र क्षीण पात्रको रुपमा उपस्थित हुन आएकी छ ।

### ७.ठिटो

सोडापानी बेच्ने सोह्रवर्षे ठिटो बिग्रदो युवाहरुको प्रतिनिधि चरित्र  हो । ऊ आफू

को प्रेममा फसेको हुन्छ । आफ्नो भविष्यप्रति ऊ सचेत छैन । सुनगाभाको कलिकाको थैलीमा कीरा आकर्षित भए झैं ऊ पनि पसल्नीका शारीरिक प्रेममा आकर्षित भएर आफूलाई बर्बाद गरेको छ । रोगी प्रेमिकाबाट क्षयरोगका कीटाणुहरु नासो लिएर ऊ अनिश्चित जीवन बाँचिरहेको हुन्छ ।

**८. पसले साहू**

सुयोवीरको डेरा अघिल्तिरको घरमा पसल चलाउने पसले साहू पनि जीवनमा विसङ्गतिहरु लिएर उपन्यासमा देखा परेको पात्र हो । ऊ आफ्नी स्वास्नी र ठिटोबीचको प्रेमप्रसङ्ग प्रति कुनै चासो नदेखाई तटस्थ रहन्छ । बरु केही घण्टाको लागि बाहिर कतै भाग्छ किन्तु कुनै प्रतिक्रिया व्यक्त गर्दैन । एउटा लोग्ने भएर पनि आफ्नी स्वास्नीको अनैतिक क्रियाकलापलाई चुपचाप सहेर बस्नु उसको लापरवाही हो, दाम्पत्य जीवनप्रति उदासीनता हो । पसल्नीको मृत्युपछि भने ऊ सहजसाथ छोराछोरी स्याहार्दै पसल चलाएर बसेको हुन्छ ।

**९. बेरा**

ऊ एउटा द्ररिद्र मानिस हो । रक्स्याहाहरुको अर्डर पूरा गर्नु उसको दैनिक चर्या बनेको छ । आफ्ना घर परिवारबाट टाढा रहेर आफ्ना काममा रातदिन लागिपर्नु उसको गरीबीको मजबुरी हो ।

**१०. नोकर**

शिवराजको घरमा देखा पर्ने नोकर सामन्ती प्रथामा रहने दासताको प्रतीक हो । परम्परागत संस्कार एवम् आर्थिक विपन्नताले गर्दा ऊ अरुको घरमा काम गरी बस्न

विवश छ । मालिकहरुले अह्राएको काम गर्नु उसको कार्य हो । ऊ निम्न वर्गीय श्रेणीको प्रतिनिधि पात्र हो ।

### ११. हेडहण्टर

ऊ यहाँ अमूर्त बिम्बगत पात्रको रुपमा आएको छ । ऊ दोस्रो विश्वयुद्धको आयोजक तथा साम्राज्यवादको सम्राट पनि हो । मान्छेको टाउको काटेर पूजा गर्नु उसको जातीय एवम् वर्गीय संस्कार हो । अरुलाई आफ्नो इशारामा नचाउन खोज्ने हेडहण्टर एउटा हिंस्रक मानव र तानाशाहको प्रतीक हो । समग्रमा ऊ दोस्रो विश्वयुद्धको सर्जक र परिचालकको प्रतिकात्मक स्वरुप हो ।

## ३.५ शिरीषको फूल उपन्यासमा यौन पक्ष

"यौन मान्छेको निम्ति भोक, तिर्खा र निद्रा जस्तै अनिवार्य हुन्छ ।"(पारिजात, २०५४, पारिजातका सङ्कलित रचनाहरु गन्थ्र-६ पृष्ठ २९१) भनेर फ्रायडवादलाई समर्थन गर्ने पारिजातले शिरीषको पूल उपन्यासमा यौन र विवाहलाई उपेक्षा गरेको पाइन्छ । वैयक्तिक स्वतन्त्रता र एकान्तिक जीवनलाई प्राथमिकता दिइएको प्रस्तुत उपन्यासमा वैवाहिक जीवन र सामुहिक उत्तरदायित्वका कुराहरु गौण रुपमा देखापरेको छन् । प्रेम, विवाह, यौन, सुख-उपन्यासभित्र यौनजीवनसँग सम्बन्धित प्रतीकात्मक अभिव्यक्ति र सन्दर्भहरु प्रस्तुत भएका छन् । प्रस्तुत उपन्यास अस्तित्ववादी दर्शनको आधारबिन्दुहरुमा केन्द्रित रहेको भए तापनि फ्रायडवादको झल्को पनि उपन्यासभरि पाइन्छ ।

प्रस्तुत उपन्यासकी शीर्षस्थ चरित्र सकमबरी एउटा अन्तर्मुखी र असमान्य पात्रका रुपमा देखापरेकी छ । प्रेम र योनजीवनप्रति उसको सकारात्मक धारणा रहेको

पाइदैंन, यौन-जीवनदेखि ऊ अछुतो रहन चाहन्छे । 'भँवरा बस्नै नपाएपछि यो फूलको के अर्थ ?' भन्ने सुयोगवीरको प्रश्नमा बरीको जवाफ यस्तो हुन्छ, 'फूल बिग्रदैन, सुरक्षा पाउँछ ।' (पारिजात, २०६३ **शिरीषको फूल**, पृष्ठ ११) यस संवादबाट स्पष्ट हुन्छ कि बरी जीवनमा कसैप्रति पनि समर्पित नभई एक्लो जीवन बाँच्न चाहन्छे । ऊ भन्छे, 'आफ्नो निम्ति फुल्नु, आफ्नै निम्ति फक्रिनु,........ प्रेम पनि त कुनै बाध्यता होइन । ...... एक्लो बाँच्न सकिन्छ एक्लो । ( पूर्ववत्, पृ. १२ ) यसरी एकान्तिक जीवन यापन गर्नुमा नै उसको आत्मसन्तुष्टि देखा पर्दछ । किराभित्र निसास्सिएर मर्छ, असाध्यै रमाइलो हुन्छ । (पुर्ववत्, पृष्ठ ११ ) भन्ने वाक्यबाट बरीमा परपीडक स्वभाव पनि लुकेको छ भनेर थाहा लाग्दछ । परपीडामा रमाएर एवम् बुलेट पड्के जस्तो शब्दले अरुको मर्ममा प्रहार गरेर नै उसले आफ्नो दमित यौन चाहनाको पूर्ति गर्दछे । त्यस्तै उसले शिवराजलाई राति अबेरसम्म पर्खेर बस्नु र 'ऊ सुतेकी हुन्न ।' ( शिरीषको फूल, पृष्ठ ८) भन्नुले पनि उसमा अतृप्त बासना लुकेको तथ्य देखा पर्दछ । 'शायद बरीमा यौन भन्ने कुनै रोग नै छैन ।' ( पूर्ववत् पृ.२१) भन्नु गलत हो, नत्र सुयोगवीरको चुम्बनलाई किन सहज प्रतिकार गर्न नसकी प्रभावित बन्दै जान्छे र सञ्चो नहुनुको अवस्थामै मृत्यु वरण गर्दछे । सुयोगको प्रेमले उसलाई आफ्नो सिद्धान्त अनुसार बाच्न दिएन । जीवघाती सुनगाभा उसको आदर्श मात्र रह्यो, यथार्थमा उसले शिरीष-पुष्प बनेर प्रथम भ्रमर चुम्बनमै ओइलिई झर्नुपर्‍यो ।

नायक सुयोगवीरको यौनसम्बन्धी दृष्टिकोण सकारात्मक र नाकारात्मक नभई विसङ्गत तथा अर्थहिन रहेको पाइन्छ । विगत जीवनमा धेरै युवतीहरुसँग यौन सम्बन्ध कायम गरिसकेको छ, यहाँसम्म कि बलात्कार र हत्या गर्न समेत पछि हटेको छैन । छिनठिटी, कचिनठिटी र माटिनचीहरु उसको यौन आवेगको शिकार भई मृत्युको मुखमा पुगेका छन् । यसरी सुयोगवीरको फौजी जीवनमा यौनले ठूलो प्रभाव पारेको छ तर उसले सही प्रयोगमा ल्याएको देखिन्न, मन बहलाउने साधनको रुपमा मात्र उसले यौन सम्बन्धलाई लिएको पाइन्छ । यसरी विगत जीवनमा सुयोगवीर एउटा हिंसात्मक यौनको प्रतीक भएर देखा परेको छ । तर पछि सैनिक जीवनबाट निवृत्त भइसकेपछि भने उसले विकृत सोचाइ त्यागेर एउटा समान्य जीवन व्यतीत गर्न चाहेको हुन्छ । मनमनै मुजुरालाई पत्नीको. रुपमा स्थापना गरेर उसको पछि एक सुन्दर घर-संसारको चाहना

राख्दछ । मुजुराप्रतिको चाहनालाई एकातिरराखेर अर्कोतिर बरीप्रतिको सत्यप्रेमको प्रभावमा आफ्ना विगतका सबै कुरा रित्याएर निक्सार भइदिन्छ । बरीप्रतिको उसको एकोहोरो आकर्षण चरम आवेगमा पुगेपछि सुयोगवीर आफूलाई सन्तुलनमा राख्न नसकी बरीलाई चुम्बन गर्न पुग्छ तर आत्मसन्तुष्टि गर्नै नपाई उसको मोह भङ्ग हुन्छ र अपराधबोधले भित्रभित्रै हिनताबोध गर्न पुग्छ । उसको यौन जीवन प्रतिको आकर्षण हराईसकेको हुन्छ र ऊ एउटा निस्सार र निरुपाय जीवनमा प्रवेश गरिरहेको हुन्छ । जीवनमा निस्सारताबोध त उसले दोस्रो विश्वयुद्धको भोगाइबाट नै गरिसकेको थियो बरी प्रतिको प्रेमबाट उसले जीवनलाई निरीह र निरुद्देश्य देख्न पुग्छ । हरेक कुरा उसले सारहीन, व्यर्थ र दुःखान्त देख्छ, प्रेम र यौन पनि । स्वास्नीमान्छेलाई फूल सम्झने सुयोग पछि गएर तिनै स्वास्नीमान्छे आगाको फिलुङ्गासँग तुलना गर्छ र 'सपनामा पनि तर्साउन आउने यी फूलहरुको के काम ? '( पुर्ववत, पृष्ठ ५० ) प्रेम र यौनप्रति उदासीन रहन्छ । यसरी ऊअर्थहीन देखापर्दछ ।

तटस्थ चरित्र हो । उसको यौनसम्बन्धी दृष्किोण र सोचाइहरु केही पनि देखिदैनन् । उसले सकारात्मक यौन जीवन एवम् घर-संसार प्रति चाहना राखेको पाईदैन तर उसमा पनि यौनका प्रतीकात्मक स्वरुपहरु भने भेटिन्छन् । अरु बहिनीको दाँजोमा बरीलाई विशेष बढता माया गर्दछ र बरीको तस्वीर हमेशा आफ्नो पाकेटमा राखी हिँड्छ । त्यस्तै एकदिन बरीको तस्वीर सुयोगको कोठामा खसेको शिवले पतै पाउदैन र सुयोगले उक्त तस्वीर पुऱ्याउन जाँदा अन्यत्र छुटेको भए भन्ने जस्तो आपत्तिजनक शब्दको प्रयोग शिवबाट हुन्छ अनि बरीको तस्वीरलाई मायालु आँखाले हेर्दै पुनः वालेटमै राख्दछ । शायद बरीको उपस्थितिमा ऊसँग गफ गरेर अथवा उसको अनुपस्थितिमा तस्वीर हेरेर शिवराजले आफ्नो दमित कामवासना पूरा गर्दो हो भन्ने प्रतीकात्मक अनुमान गर्न सकिन्छ । कुनै पनि यौनकुण्ठा बोकेको व्यक्तिले विपरीतलिङ्गी व्यक्तिको उपस्थितिमा वार्ता, स्पर्श या दृष्टिद्धारा पनि आफ्नो कामवासनाको पूर्ति गर्दछ भन्ने मनोविश्लेषणात्मक यौन सिद्धान्त शिवराजमा पनि लागु भएको पाइन्छ । बरीको सञ्चो नहुनुले शिवराज दुब्लाउदै जानु, बरीलाई केही भइदिएमा आत्महत्या गर्ने सोचाइ राख्नु अरुको भन्दा किन किन उसैको

बढी माया लाग्छ भन्नु जस्ता कुराहरु एकदम असामाजिक तथा असामान्य मनस्थितिको उपज हुन् ।

अन्य पात्रहरुका सम्बन्धमा चर्चा गर्दा मुजुरा र सानू पनि आउँछन । मुजुरा जहिले पनि सम्झौतावादी एवम् सकारात्मक जीवनदृष्टिको पक्षमा देखा पर्छे तर उसले जीवनलाई कसरी भोगी भन्ने कुरालाई उपन्यासमा देखाइएको छैन । एकदिन सुयोग मुजुरासँग भन्छ केटी पाइएन खोजिदिनुस् न । मुजुरा भन्छे केटी पाइएन भन्न त लाज लाग्नुपर्छ कसैले पनि पाउँछ । (पूर्ववत्, पृ.२३) यसबाट मुजुराको अव्यक्त रुपमा सुयोगवीरलाई चाहन्थी भन्न खोजिएको छ तर सुयोग जस्तो बहिर्मुखी पात्र यो कुरा बुझ्दैन । त्यस्तै सानू पोइल गइसकेपछि मुजुराको प्रतिक्रिया यस्तो हुन्छ, एउटाले अर्कालाई रुचाएर गएदेखी कसको के लाग्छ ? उनीहरु जीवन बनाएर बस्न सकिन्हाल्छन् नि, ( पुर्ववत, पृ. ३३ ) यस भनाइबाट पनि मुजुरा सम्झौतावादी विचार राख्थी र उसले यौनलाई पनि साकारात्मक रुपमा सोच्ने गर्थी भन्ने कुरा झल्किन्छ । उपन्यासकी अर्की पात्रा सानू , यौन, जीवन र दाम्पत्य सुखलाई प्राथमिकता दिएर आफ्नो चाहना अनुरुपको जीवन व्यतीत गर्न सफल हुन्छे । तर उपन्यासकारले सानूलाई भद्दा यौनको प्रतीकात्मक दिएर तिरस्कार गरेकी छन् ।

**शिरीषको फूल** उन्यासले जीवनमा यौनलाई एउटा विसङ्गत रुपमा परिभाषित गर्न खोजेको पाइन्छ । सकमबरीमा यौनप्रति तीव्र वितृष्णा छ तैपनि यौनजीवनबाट प्रभावित नभइरहन भने सक्तिन । सुयोगवीरले विगत जीवनमा यौनलाई हिंसात्मक एवम् अनैतिक रुपमा प्रयोग गरिसकेको छ तर अन्त्यमा आफैसँग पराजित भई निस्सार जीवन बिताउन विवश छ । शिवराज यौनप्रति तटस्थ रहन खोज्दाखोज्दै पनि अप्रभावित रहन सक्तैन । मुजुरा चाँहि अव्यक्त यौन चाहना बोकेर पनि एकल जीवन बिताउन विवश छे । यौन जीवन लगायत यावत कुराहरुलाई सकारात्मक तबरले भोग्ने प्रगतिशील पात्र सानू हो तर यहाँ उसको चर्चा नगण्य मात्रामा गरिएको छ र उसको महत्त्व स्थापना गरिएको छैन । उपन्यासभित्र एउटी भट्टी पसल्नी र ठिटोबीचको प्रेम प्रसङ्ग र यौनसम्बन्धलाई लिएर जीवनको विसङ्गति दर्शाइएको छ । उमेर ढल्किसकेकी र रोगले मरणासन्न अवस्थामा

पुगेकी पसल्नीलाई अँगालो हाल्दैमा ठिटोले कुन सन्तुष्टि पाउँदो हो भनेर यौनको विकृत रुपप्रति व्यङ्ग्य प्रकट गरिएको छ ।

सारांशमा प्रस्तुत उपन्यासको उद्देश्य यौनको चर्चा र विश्लेषण गर्नु नभई अस्तित्ववादी दार्शनिक मान्यताको प्रतिपादन गर्नु रहेकोले यहाँ यौनसम्बन्धी विस्तृत उल्लेख भएको पाइदैन, प्रतीकात्मक रुपमा र सीमित सन्दर्भमा मात्र यहाँ यौनपक्षलाई हेर्न सकिन्छ । निस्सारतावाद, पलायन र शून्यबोधलाई आधार मानेर लेखिएको उपन्यास हुनाले यहाँ मानव जीवनको यौन पक्षलाई पनि एउटा सारहीन कोणबाट हेरिएको छ ।

## ३.६ अस्तित्ववाद : संक्षिप्त परिचय

दोस्रो विश्वयुद्धको भयावह र असुरक्षित जीवन भोगाइपछि पश्चात्य जगत्मा देखापरेको नवीन चिन्तनधारा हो- अस्तित्ववाद । विसङ्गतिवादी

चिन्तनकै परम्परामा अस्तित्ववादको सुत्रपात भएको हो । विश्वयुद्धले मानवीय मूल्य तथा नैतिक आचार-विचारहरु क्षतविक्षत बनाएको तत्कालीन युरोपेली जगत्मा कतिपय चिन्तनशील युवा लेखकहरुले मानव जीवनको विवशता, अनिश्चयता, निरुपायता एवं क्षुद्रता तथा तिनबाट उत्पन्न निराशा, शून्यताबोध र संवेदना सँगालेर आफ्ना लेखन र अन्य क्रियाकलापमा समेत परिवर्तन र क्रान्ति ल्याउन थाले । उक्त क्रान्ति नै बीसौं शताब्दीको एक विशिष्ट चिन्तनपद्धति अस्तित्ववाद हो । यस दर्शनका प्रेणता किर्केगार्ड नित्से, यास्पर्स, मार्शल, हाइडेगर र सार्त्र हुन् । ( सुवेदी, वि.सं. २०५३, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, पूर्ववत्, पृ. २३१ ) निकोलाई वर्दिएफ, मार्लो, आबाग्नानी, अल्बेयर कामु, फ्रान्त्स् काफ्का, दोस्तोएभ्स्की जस्ता चिन्तक एवम् लेखकहरुले पनि त्यस दर्शनमा गतिमानता प्रदान गरे ।

अस्तित्ववादले व्यक्तिस्वतन्त्रतालाई महत्त्व दिन्छ । यसले व्यक्तिसत्ताको अगाडि नैतिक सामाजिक, राजनैतिक तथा धार्मिक जस्ता समग्र मूल्यहरुलाई गौण मान्दछ । ( कपूर, सन् १९९५, अस्तित्ववादसे गान्धीवादतक, पृ.९३ ) अस्तित्ववादीहरु जीवनलाई निरुपाय, निरीह र निरुउद्देश्य देख्छन् । जीवन विसङ्गत, व्यर्थ र निरुपाय स्थितिको बोधबाट नै अस्तित्ववादी विचारधाराको जन्म भएको हो । मानवीय व्यर्थता र विवशता समाप्त गर्न मानवीय अस्तित्व चेतनाको प्रबल समर्थन पनि अस्तित्ववादले गरेको छ । ( त्रिपाठी, वि.सं.२०३६ पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २, पृ. ५७० ) नित्सेले ईश्वरको मृत्युको घोषणा गरेपछि मानवजीवनको सम्पूर्ण आदर्श , मूल्य र आस्थाको आधार ढल्दछ र जीवनलाई विसङ्गत, शून्य तथा निस्सार रुपमा पारिभाषित गर्दै विसङ्गतिवादको उदय हुन्छ । विसङ्गतिवादले जीवनलाई तर्कसङ्गत देख्दैन । यहीं विसङ्गतिवादकै पृष्ठभूमिमा अस्तित्ववादको जन्म भएको हो । अस्तित्ववाद पुराना परम्परागत दर्शनहरुलाई बोक्रे मान्दछ । जीवनदसेख टाढा, अस्तित्वदेखि टाढा र वास्तविकतादेखि टाढा रहेका सिद्धान्तहरु र व्यवस्थाहरुको उग्र विरोध नै अस्तित्ववाद हो । ( शर्मा, वि.सं. २०५०, पश्चिमका केही महान् साहित्यकार, पृ. २५९ ) अस्तित्ववादीहरु व्यक्तिको निर्णय र उत्तरदयित्वलाई प्राथमिकता दिन्छन् । जीवनको विसङ्गतिबोधबाट मानव अस्मिताको खोजी गर्नु नै अस्तित्ववाद हो ।

सार्त्रको भविता र शून्यता (सन १९४३) लाई अस्तित्ववादी चिन्तनको शीर्षस्थ ग्रन्थको रुपमा लिइन्छ । सार्त्रका अनुसार अस्तित्व भनेको आफ्नो उत्तरदायित्व र निर्णय स्वतन्त्रता नै हो । (त्रिपाठी, वि.सं. २०३६, पूर्ववत्, पृ. ५७९) उनले 'भविता' लाई दुई वर्गमा बाँडेका छन् जड् भविता र चित् भविता । विसङ्गतिको बोध नभएको भविता जड् भविता हो भने विसङ्गतिबोध वा शून्यताको बोधपछिको सचेत व्यक्ति सत्ता चित् भविता हो । शून्यता भनेको विसङ्गति हो जुन भविताभित्रै अन्तर्निहित हुन्छ । अर्थात् अस्तित्ववादभित्र विसङ्गतिवाद पनि समेटिन्छ तर विसङ्गतिवादमा अस्तित्ववादको अभाव रहन्छ ।

अस्तित्ववादीहरुको चिन्तनमा क्रिश्चियन अस्तित्ववादी र निरीश्वरवादी अस्तित्ववादी गरी दुई वर्ग छन् । सोरेन किर्केगार्ड, यास्पर्स तथा मार्सल ईश्वरवादी अस्तित्वावादी हुन् भने जाँ पल् सात्र, नित्से, हाइडेगर जस्ता निरीश्वरवादी अस्तित्ववादी हुन् । तर यी दुवै वर्गका अस्तित्ववादीहरुको मूल चिन्तन भने एउटै छ । जीवन-जगत तर्कसङ्गत र व्याख्येय नभई निस्सार, व्यर्थ , निरर्थक र शून्य छ भनी बोध गर्नु र त्यही विसङ्गतिबोधबाटै मानव अस्मिता वा व्यक्ति सत्ताको सचेत सङ्घर्ष नै अस्तित्ववादको मूल उद्देश्य हो ।

**केही अस्तित्ववादी चिन्तक एवम् लेखकका कृतिहरु :**

**सार्त्र - भविता र शून्यता** (वि.सं.१९४३), **अस्तित्ववाद र मानवतावाद** (वि.सं.१९४६),

**कामु - सिसिफसको पौराणिक कथा** (वि.सं.१९४२), **प्लेग रोगको महामारी** (वि.सं.१९४७), **विद्रोही** (वि.सं.१९५१)

**दोस्तोएभ्स्की- लासहरुको घरवाट लेखेका टिप्पणीहरु** (१८६१-१८६२), **अपराध र सजाय** ( वि.सं. १८६६),**करामाझोभ दाजुभाइहरु** (१८७९-१८८०) ।

निष्कर्षमा 'म छु' वा 'म हुँ' को बोध नै अस्तित्ववादको मूल तात्पर्य हो । अस्तित्ववादमा व्यक्तिको छनौट र निर्णयको स्वतन्त्रता र उत्तरदायित्व नै प्रमुख हुन्छ । यसले आफ्नो जीवनको उत्तरदायी स्वयं व्यक्तिलाई नै मान्दछ । बीसौं शताब्दीमा संसारमा देखापरेको असुरक्षाभाव, युद्धको सन्त्रास, मानवमूल्यको विघटन, मृत्युको भय र आतङ्क आदिको परिणामस्वरुप अस्तित्ववादी धारणाको जन्म भएको हो । जीवनको निस्सारता वा विसङ्गतिको बोधपछि मान्छेले आफ्नो व्यक्ति सत्ताको निम्ति सचेत सङ्घर्ष गर्नु नै अस्तित्ववाद हो । अस्तित्ववादले 'म थिए' अथवा 'म हुनेछु' लाई छाडेर 'म छु' वा 'म हुँ' को भावलाई प्रमुखता दिन्छ । यो अन्तर्मुखी र बौद्धिक चिन्तन हो ।

नेपाली साहित्यमा पारिजात, ध्रुवचन्द्र गौतम, विश्वेश्वरप्रसाद कोइराला, विजय मल्ल लगायतका साहित्यकारहरुका कृतिमा अस्तित्ववादी प्रवृत्ति देखापरेको छ । पारिजातको उपन्यास "शिरीषको फूल" -वि.सं.२०२२) र "महत्ताहीन" -वि.सं.२०२५), ध्रुवचन्द्र गौतमको उपन्यास 'अन्त्यपछि' -वि.सं.२०२४), "बालुवामाथि" -वि.सं.२०२८) र "डापी" -वि.सं.२०३३), विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास "तीन घुम्ती", "नरेन्द्र दाइ" -वि.सं.२०२७), "मोदिआइन" -वि.सं.२०३६) र "हिटलर र यहुदी" -वि.सं.२०४०) , विजय मल्लको "अनुराधा" -वि.सं.२०१८) जस्ता उपन्यासहरुमा अस्तित्ववादी चिन्तनको प्रयोग भएको पाइन्छ ।

# अध्याय-४

# 'शिरीषको फूल' उपन्यासको सैद्धान्तिक आधारमा विश्लेषण

## ४.१ भाषाशैलीका आधारमा

भाषा अभिव्यक्तिको माध्यम भएकाले सरल, सहज एवम् संप्रेष्य भाषामा लेखिएको कृति पाठकहरुले सजिलै ग्रहण गर्न सक्तछन् । शैली भाषिक अभिव्यक्तिको प्रकार हो र लेखकको परिचायक पनि हो । शैलीको भेदले गर्दा एउटै विषय पनि भिन्न-भिन्न लेखकद्वारा विविध रुपाकृतिमा प्रस्तुत हुन सक्तछ । शैली रोचक र आकर्षक हुनुपर्दछ । पारिजातको **शिरीषको फूल** (वि.सं.२०२२) उपन्यासमा सरल भाषा तथा रोचक शैली छ । सरल र सहज भाषा भए पनि त्यसभित्रको दार्शनिक चिन्तनको जटिलताले

साधारण पाठक वर्गलाई असमञ्जसमा पार्दछ भने कौतूहलबर्द्धक संवादको प्रस्तुति र शैलीको मादकताले जुनसुकै पाठकलाई पनि शुरुदेखि अन्त्यसम्म तानिरहन्छ । उपन्यासमा

काव्यात्मक भाषाको प्रधानताले गर्दा धेरै ठाउँमा व्याकरणिक पदसङ्गतिका विचलन गरिएको छ । तर उक्त विचलन सार्थक नै देखा पर्दछ । कतिपय क्रियाविहीन तथा अपूरा वाक्यहरु पनि पाइन्छन् तैपनि ती सान्दर्भिक छन् । नेपाली साहित्य जगत्मा विशिष्ट शैलीकारका रुपमा परिचित पारिजातको प्रथम प्रकाशित उपन्यास **शिरीषको फूल** भाषाशैलीको आकर्षक प्रस्तुतिले गर्दा रोचक लाग्दछ । भाषाशैलीको कसीबाट हेर्दा यो उपन्यास पारिजातको उपन्यास लेखनको सर्वोत्तम कलाकौशलता मान्न सकिन्छ ।

## ४.२ चिन्तनका आधारमा

**शिरीषको फूल** (वि.सं.२०२२) उपन्यास घटनाप्रधान नभई विचारप्रधान र चरित्रप्रधान उपन्यास हो । चरित्रका माध्यमबाट यहाँ पारिजातले अस्तित्ववादी एवम् विसङ्गतिवादी चिन्तनधारालाई पृष्ठपोषण गरेकी छन् । उपन्यासभित्र शून्यता, अनास्था र निस्सारता झल्काउने शब्द वाक्यहरु यत्रतत्र-सर्वत्र नै पाइन्छ ।

नित्सेले ईश्वर-मृत्युको घोषणा गरेपछि संसारमा मानव जीवनको आधारशीला नै टुट्यो । ईश्वरप्रतिको अविश्वास, स्वर्ग-नर्क, पूर्व-पूनर्जन्मप्रतिको अविश्वासले मान्छेमा शून्यताको भावना पलायो र निराशावादी, पलायनवादी प्रवृत्तिले जरो गाड्न थाल्यो । मानिस जन्मन नचाहिँ जन्मन्छ र मर्न नखोजी मर्दछ, परिस्थितिको सामु मानिस जहिले पनि विवश छ, यो सारा संसार र जीवन विसङ्गतिपूर्ण छ । यही विसङ्गतिको बीचमा मान्छेले आफ्नो सत्ताको खोजी गर्नुपर्दछ, विद्रोह गर्नुपर्दछ भने विसङ्गतिवादी, अस्तित्ववादी चिन्तनको प्रभाव पारिजातको प्रस्तुत उपन्यासमा पाइन्छ । यो संसार एउटा महाशून्य हो, जन्मपूर्व र मृत्युपश्चात् शून्य छ, यसबीचमा मान्छेको जीवन व्यर्थ, निरुपाय र निस्सार रुपमा अडेको,छ भन्ने शून्यवादी चिन्तनको छाप पनि प्रस्तुत उपन्यासमा पाउन सकिन्छ ।

पारिजातले आफ्नो दर्शनलाई निस्सारतावादको सज्ञा दिन्छिन् । यो निस्सारतावाद व्यक्ति दर्शन हो र यो विसङ्गतिवादसँग मेल खान्छ । अस्तित्ववाद चाहिँ विसङ्गतिवोधको अवस्था हो । जीवन-जगत्मा विसङ्गति र निस्सारताको बोध गरिसकेपछि

त्यही विसङ्गतिभित्र र निस्सारताभित्र सार खोजेर व्यक्तिसत्ता स्वीकार गर्ने दार्शनिक मान्यता अस्तित्ववाद हो । त्यस्तै सङ्गति जीवनको शुरु र अन्त शून्यबाट हुन्छ, जीवनपूर्व र जीवन पश्चात् शून्य बाहेक अरु कुनै तत्त्वको अस्तित्व हुँदैंन भन्ने नास्तिक चिन्तन शून्यवाद हो । यी चिन्तनका अधारविन्दुहरुलाई प्रयोग गरेर **शिरीषको फूल** उपन्यास लेखिएको छ । तर यहाँ भाषा, चरित्र तथा कथावस्तुलाई दर्शनको अत्यधिक भारले थिचेको छ । संवाद रोचक र पात्र अनुकुल भए पनि त्यसभित्र रहेको चिन्तनगत गहिराई अस्वाभाविक लाग्छ । युद्धबाट फर्केको एउटा सिपाहीले जीवनमा निरर्थकता र निस्सारताबोध गर्न सक्छ तर त्यति विघ्न दार्शनिक र बौद्धिक व्यक्तित्व सँगाल्न सक्तैन जति पारिजातले सुयोगवीरलाई दिएकी छन् । त्यस्तै एउटी हठी, स्वाभिमानी र फर्साइली युवतीलाई पुरुषको एकै स्पर्शले मौनता र मृत्युवरणको भीषणतातर्फ प्रेरित गराउँदैन, जस्तो यस उपन्यासमा सकमबरीलाई मृत्यु अँगाल्न बाध्य बनाइएको छ । उपन्यासका सबै घटना र परिणाम उपन्यासकारले आफ्नो दार्शनिक मान्यतालाई उच्च देखाउन प्रयोग गरेको पाइन्छ । किन्तु त्यसले मानव समूदायलाई जीवनमा सङ्घर्ष र प्रगतिको बाटोतर्फ अभिप्रेरित गर्नुको सट्टा निराशा र पलायनको सोचाइतर्फ लगेको छ । यसरी **'शिरीषको फूल'** ले अवलम्बन गरेको दार्शनिक मान्यता सामाजिक र जीवनमुखी भन्दा व्यक्तिवादी र क्षयन्मुखी प्रवृत्तिको छ । यसले सामाजिक सुधारतर्फ भन्दा वैयक्तिक सोचाइ, कुण्ठा एवम् पलायनवादी जीवनका पक्षमा वकालत गरेको छ ।

निष्कर्षमा पारिजातको **शिरीषको फूल** उपन्यास नेपाली साहित्य जगत्मा एउटा उच्च दार्शनिक कृति हो । यसको आफ्नो छुट्टै पहिचान र महत्त्व छ तर पनि यसले अवलम्बन गरेको चिन्तनका आधारहरुले मानवजीवनलाई उज्यालो र आशावादी मोडतर्फ भन्दा अँध्यारो र निराशावादी मोडतर्फको सोचाइमा लाग्न अभिप्रेरित गर्दछ ।

## ४.३ कथावस्तु आधारमा

प्रस्तुत उपन्यासमा परम्परागत भन्दा भिन्न र नवीन कथावस्तु स्थापना गरिएको छ । यहाँ घटनालाई भन्दा चरित्रलाई प्राथमिकता दिइएको छ र चरित्रकै

माध्यमबाट चिन्तनलाई मूल विषय बनाइएको छ । तसर्थ कथावस्तु त्यति सबल छैन । शिवराजको घरबाट कथा शुरु हुन्छ, सुनगाभा विषयक संवादबाट अघि बढ्दछ र बीचमा पुगेर पूर्वकालिक रुपमा दोस्रो विश्वयुद्धको परिवेश झल्काउन पुग्छ । चारवटा फ्लाशब्याकद्वारा समाख्यता एवम् नायक सुयोगवीरको अतीतको जीवनभोगाइ तथा उसले गरेको बलात्कार र हत्याको सजीव वर्णन गरिएको छ । यहाँ युद्धक्षेत्रको विभीषिका र सिपाहीहरुको विवशताको पनि वर्णन गरिएको छ । कथाको चरमोत्कर्ष भनेको सुयोगवीरले नायिका बरीलाई गरेको अप्रत्यासित चुम्बन हो । उपन्यासको मूल घटना पनि त्यही चुम्बनपर्व नै हो । यसपछि कथावस्तुमा शिथिलता देखा पर्न थाल्छ । अन्त्यमा एउटी भान्से बाहुनीको मुखबाट नायिकाको असामयिक निधनको खबर सुनाइन्छ र शिवराज तथा सुयोगलाई मद्यशालामै छाडेर उपन्यासको अन्त हुन्छ ।

मूल रुपमा सकमबरी र सुयोगवीरको सम्बन्ध तथा जीवनलाई हेर्ने उनीहरुको दृष्टिकोणमै कथावस्तु विकसित र शिथिल भए पनि बीच-बीचमा अन्य प्रासाङ्गिक कथाका झलकहरु पनि पाइन्छ । ठिटो र पसल्नीबीच असामाजिक सम्बन्ध, युद्धभूमिमा सुयोग तथा अन्य सिपाहीहरुबाट शोषित-पीडित भएका बर्मेली युवतीहरु, बरीका दाजु शिवराजको तटस्थ जीवन, फुल्नै नपाई ओइलाउँदै गरेकी मुजुरा, अल्लारे ठिटी सानू जस्ता पात्रहरुको उपस्थितिले मूलकथा र चिन्तनलाई अघि बढाउन तथा विश्लेषण गर्न भूमिका खेलेको छ । वस्तुपक्ष क्षीण भए पनि सहज, संक्षिप्त र रोचक भाषाशैलीको प्रस्तुतिले पाठकलाई आकर्षित गरेरै छाड्छ । तर यहाँ पारिजातले सामाजिक पृष्ठभूमिबाटै विषयवस्तु रोजे पनि त्यसलाई सशक्त सामाजिक र प्रगतिशील तुल्याउन सकेकी छैनन् । उपन्यासकारले मूल चरित्रमार्फत आफ्नो निस्सारतावादी पक्ष-विपक्ष,

परिवर्तन आदिका सम्बन्धमा कुनै पनि कुरा उठाएकी छैनन् । कथावस्तुको मुख्य प्रयोजन पनि चिन्तनको स्थापना गर्नु रहेको छ ।

## ४.४ चरित्रका आधारमा

**शिरीषको फूल** उपन्यास विचारप्रधान हुँदा हुँदै पनि चरित्र पनि उल्लेखनीय

रहेको हुनाले यसमा वस्तुपक्ष भन्दा चरित्र सबल छ । यहाँ सीमित घटनामा केन्द्रित थोरै पात्रहरुको प्रस्तुति गरिएको छ । यहाँ दुई कोटिका पात्रहरुको उपस्थिति छ जसले पारिजातको विचार र चिन्तनलाई अगाडि बढाएका छन् । पहिलो कोटिका पात्रहरुमा सकमबरी, सुयोगवीर र शिवराज पर्दछन् भने दोस्रो कोटिमा मुजुरा, सानू, नोकर-नोकर्नी, पसल्नी, ठिटो, हेडहण्टर, बर्मेली युवतीहरु, सिपाहीहरुजस्ता पात्रहरु आउँछन् । उपन्यासको पहिलो परिच्छेदबाट अन्तिम परिच्छेदसम्म नायिका बरीको चरित्रको प्रशस्त प्रभाव पाइन्छ । उपन्यासकारले बरीलाई शीर्षस्थानमा राखेकी छन् । बरी परपीडक वृत्तिमा रमाउने, एकान्तिक जीवन चाहने, प्रेमलाई अस्वीकार गर्ने एउटी निस्सार र हठी स्वास्नीमान्छे हो । ऊ पारिजातका विचारलाई भोग्ने पात्र पनि हो । अर्को प्रमुख पात्र नायक सुयोगवीर पैतालीस वर्ष पार गरिसकेको एउटा अविवाहित भूतपूर्व सैनिक सुवेदार हो । ऊ उपन्यासको समाख्याता एवम् पारिजातले अनुभव गरेको 'जीवन असफलता हो, यो जीवन दुर्भाग्य हो' ( 'शिरीषको फूल' पृ. ६५ ) भन्ने निस्सारता र निर्थकताको प्रतीक हो । सुयोगवीरको जीवन भोगाइबाट अन्त्यमा पारिजातले शून्यवादको वकालत गरेकी छन् । विश्वयुद्धको मानवसंहारकारी विभीषिकालाई भोगिसकेको सुयोगवीरले जीवनमा कहिल्यै स्वस्नीमान्छेलाई प्रेम गरेन तर बलात्कार र हत्या भने गर्‍यो । बूढेसकालमा आएर बरीलाई सत्यप्रेम गर्न खोज्दा उसले यहाँ पनि निस्सारता र शून्यता बाहेक केही पाएन । अर्को पात्र शिवराज पनि निस्सार बितिरहेको हुन्छ । ऊ जीवनमा रक्सी पिउने काममा बाहेक अन्यत्र कतै पनि सक्रिय देखिदैन । मुजुरा एउटी विवश पात्र हो भने सानू जीवनप्रति सचेत र प्रगतिशील छे तर अल्लारे भएकाले उसको निर्णय सही बेसही सावित हुन पाएको छैन । समाजमा हुने प्रेमको विकृतिलाई उदाङ्ग पार्नको लागि उपन्यासमा ठिटो

र पसल्नीको नाजायज सम्बन्धलाई चित्रण गरिएको छ । छिनठिटी, कचिन गोठाल्नी, माटिनची, सिपाहीहरु र हेडहण्टर युद्धक्षेत्रका स्मृति हुन् । सामाजिक असमानता देखाउने पात्र  अति थोरै र केही क्षणका लागि मात्र झुल्केका छन्, जस्तै :- नोकर-नोकर्नी, बेरा, भान्से बाहुनी ।

यसरी मुख्य रुपमा सकमबरीको चरित्रलाई जोड दिइएको प्रस्तुत उपन्यासमा  अन्य  पात्रहरु पनि प्रमुख,  सहायक,  गौण  एवम्  नेपथ्य चरित्रका  रुपमा

उपस्थित भएका छन् । प्रस्तुत उपन्यासको चरित्र-चित्रण परम्परागत भन्दा भिन्न देखा पर्दछ । बुलेट पड्के झैं बोल्ने, सुनौलो मुडुली टाउको भएकी, बिरालाका जस्ता चियाउने आँखामा रोल्ड गोल्डको फ्रेम भएको चश्मा लगाएकी, सेती, अग्ली, बेपत्ताको दुब्लो शरीरमा उपस्थित हुन आएकी सकमबरी साँच्चै नै सजीव देखापर्छे ।

चरित्रचित्रणमा कतै केही अस्वाभाविकता पनि पनि देखा परेको पाइन्छ र पहिलो र तेस्रो परिच्छेदमा शिवराजको घरको वातावरण चित्रण गर्दा निजी मोटर राखिएको कुरा उल्लेख छ तर उपन्यासभित्र शिवराज भने एउटा साइकल चलाएर आइरहेको भेटिन्छ । त्यस्तै नायिका बरी आइ.ए.मा प्रथम श्रेणीमा पास भएको चर्चा गरिएको छ तर उसले कतै पनि पढाइ र पुस्तकसम्बन्धी चासो लिइएको पाइँदैंन । बरु अल्लारे र मात्तिएकी ठिटी भनिएकी सानू भने कहीँ जाने कार्यक्रम नभएमा किताब पढेर बस्थी । समग्रमा **शिरीषको फूल** उपन्यासमा चरित्र-चित्रणको आधार सामाजिक नभई दार्शनिक, वैचारिक र मनोवैज्ञानिक रहेको छ । कथावस्तु, वातावरण तथा उपन्यासकारको उद्देश्य अनुरुप चरित्रहरको प्रस्तुति स्वाभाविक र सार्थक रहेको छ । यसरी चरित्र-चित्रणका आधारमा प्रस्तुत उपन्यास सफल छ

# अध्याय-५

## ५.१ उपसंहार

पारिजात (वि.स. १९९४-२०५०) नेपाली साहित्यानुरागीहरुका लागि एक अविस्मरणीय प्रतिभा हुन् । न्वारानको नाउँ विष्णुकुमारी वाइबा भए पनि उनी पारिजात नाउँबाटै परिचित र प्रसिद्ध बनिन् । सानै उमेरमा मातृवियोगको पीडा भोग्नु परेकी पारिजात वि.सं.२०११ सालमा दार्जिलिङबाट नेपाल आइन् । बाल्यकालको शिक्षा दार्जिलङको सुरम्य वातावरणमै प्राप्त गरेकी पारिजातले पद्मकन्या विद्याश्रम, दिल्लीबजार, काठमाडौंबाट एस्.एल.सी. उत्तीर्ण गरिन् । साथै उनले त्रिभुवन विश्वविद्यालय, काठमाडौंमा अङ्ग्रेजी विषयमा स्नातकोत्तर तहमा पनि अध्ययन गरिन् तर परीक्षा भने दिइनन् । रोमाण्टिक परम्पराको भावुक कविता लेखनबाट आफ्नो साहित्यिक यात्रा शुरु

गर्ने पारिजातले साहित्यका विविध विद्याहरुमा सशक्त हस्ताक्षर गर्न पुगेकी छन् । उनको जीवनी पढ्दा जति दुःखान्तक र मर्मस्पर्शी लाग्छ, उनका रचनाहरुले पनि सह्रदयजनको

मर्म नछोला भन्न सकिदैन । हो, उनी शारीरिक रुपमा अपाहिज थिइन् तर उनको मानसिक एवम् बौद्धिक शक्ति यति तीक्ष्ण र प्रवल थियो कि उनले मानिसमा हुने प्राकृतिकपनलाई नै चुनौति दिइन् भन्नुमा अत्युक्ति हुने छैन । उनलाई किशोरअवस्थामै हाड तथा जोर्नीसम्बन्धी रोगले छोयो र वि.सं. २०२१ सालदेखि त ओछ्यान पर्न विवश बनायो । क्षयरोग र अल्सरबाट पनि पीडित पारिजात जीवनभर रोगले कुंजिएर बाँच्नु परे पनि आफ्नो व्यक्तित्व आफै निर्माण गरिन् । उनलाई आफू अशक्त छु भन्ने हीन भावना कहिल्यै आएन । उनी जीवनमा प्रेमबाट बिसङ्गत भइन्, पलायनवादी भइन् र जीवन भर अविवाहिता नै रहिन् । उनी भावुक, हठी, लगनशील र साहसी नारी थिइन् । उनलाई फूलहरु असाध्यै मनपर्थ्यो । त्यसैले उनले आफ्नो नाउँ पनि 'पारिजात' राखिन् । स्वर्गका राजा इन्द्रको बगैंचामा फुल्ने उम्दा फूल हो- पारिजात । साँच्चै नै उनी नेपाली साहित्यको फूलबारीमा 'पारिजात' बनेर फुलिन; आफू झरेर पनि आफ्ना कृतित्वका माध्यमबाट अनन्त सुगन्ध छरिरहिन् ।

नेपाली साहित्यको इतिहासमा महाकवि देवकोटापछि सर्वमान्य र सबल प्रतिभा पारिजात हुन् । उनका बारेमा धेरै चर्चा परिचर्चाहरु भए । उनलाई अस्तित्ववादी लेखिका; मृत्युबोध, हताशा र निस्सारताबाट प्रेरित उपन्यासकार; युगवोध र प्रगतिवादी चेतना भएका रचनाका स्रष्टा एवम् जनमुखी साहित्यकार र स्पष्ट वक्ताका रुपमा पनि लिइन्छ । निनु, रमेश, मञ्जुल, रायन, विमलजस्ता युवकहरुलाई उत्साहित गर्दै राल्फा आन्दोलन ( वि.सं. २०२३ तिर ) को प्रेरक र अगुवा समेत बन्न पुगेकी पारिजात बेलाबखत विवादको बिषय बन्न पुगिन् । धेरै सङ्घसंस्थाहरुको प्रतिनिधित्व समेत गर्न पुगेकी पारिजातले वि.सं. २०२२ सालको **मदन पुरस्कार,** वि.सं.२०४९ सालको **गङ्गीवसुन्धरा पुरस्कार** र वि.सं. २०५० सालको **सर्वश्रेष्ठ पाण्डुलिपी पुरस्कार** प्राप्त गरिन् । सरस्वतीकी वरदपुत्री पारिजातमा अदम्य साहस, कठिन परिस्थितिको सामु सधैं विजयी रहने दृढ मनोभावना र उच्च स्वाभिमान थियो । उनले सार्त्र, कामु, किर्केगार्ड, मार्क्स,

माओ, लेनिन आदिका अध्ययनबाट आफ्नो बौद्धिकता एवम् दार्शनिकतालाई फराकिलो पारेकी थिइन् । उनी क्रान्तिकारी चे ग्वे भाराबाट पनि प्रभावित बन्न पुगेकी थिइन् ।

दर्शनमा रुचि राख्ने पारिजात साहित्यमा कला र वैचारिकता दुवै चाहिन्छ भन्ने विचार राख्थिन् ।

## ५.२ निष्कर्ष

वि.सं. २०१३ सालको **धरती** पत्रिकामा कविता लिएर सार्वनामिक बनेकी पारिजातका तीन कविता सङ्ग्रह, दश उपन्यास, चार कथासङग्रह, तीन आत्मसंस्मरण सङग्रह र एक नारीमुक्ति सम्बन्धी वैचारिक लेखसङ्ग्रह प्रकाशित भइसकेका छन् ।

वि.सं २०२२ सालको मदन पुरस्कार प्राप्त पारिजातको प्रथम प्रकाशित उपन्यास **शिरीषको फूल** एउटा चर्चित र प्रसिद्ध उपन्यास हो । यसमा विसङ्गतिवादी, अस्तित्ववादी एवम् शून्यवादी दर्शनलाई आधार भूमि बनाइएको छ । यहाँ विभीषिकाबाट त्रस्त एवम् मानवमूल्यहीन बीसौं शताब्दीको सङ्गतिहीन जीवन भोगाइभित्र बाँच्नुको विवशता र मृत्युको यथार्थलाई दार्शनिक तथा बौद्धिक पाराले चित्रण गरिएको छ । प्रस्तुत उपन्यासबाट नै नेपाली उपन्यास परम्परामा अस्तित्ववादी धाराको प्रवर्तन भएको मानिन्छ । तसर्थ युगान्तकारी र युगप्रवर्तक भूमिका राख्दछ **'शिरीषको फूल'** उपन्यासले । यसले नेपाली साहित्य क्षेत्रमा मात्र तहल्का ल्याएन्, अन्तर्राष्ट्रिय स्तरमा पनि चर्चाको विषय बन्ने सौभाग्य आर्जन गरेको छ । अमेरिकाको मेरिल्याण्ड विश्वविद्यालयमा यसको अङ्ग्रेजी अनुवाद Blue Mimosa को अध्यापन पनि गराइएको छ ।

**शिरीषको फूल** (वि.सं.२०२२) प्रतीकात्मक अर्थ बोकेको चरित्रप्रधान उपन्यास हो । विसङ्गतिबोधको अस्तित्ववादी चिन्तन यसको वैचारिक धरातल हो । नेपाली उपन्यास परम्परामा यो एउटा नौलो मोड पनि हो । दोस्रो विश्वयुद्धको भयावह र असुरक्षित जीवन भोगाइ  पछि पाश्चात्य जगत्मा देखा परेको नवीन चिन्तन धारा

अस्तित्ववाद हो । विसङ्गतिवादी चिन्तनकै परम्परामा अस्तित्ववादको सूत्रपात भएको हो । अस्तित्ववादी दार्शनिक तथा लेखकहरुमा कामु (सन् १९१३-१९६०), किर्केगार्ड (सन् १८१३-१८५५), काफ्का (सन् १८८३-१९२४), दोस्तोएभ्स्की (सन् १८२२-१८८१) र सार्त्र (

सन् १९०५-१९८०) प्रसिद्ध छन् । कामु विसङ्गतिवादको धेरै नजिक छन् । सार्त्रको 'भविता र शून्यता' (Being ang Nothingness) लाई अस्तित्ववादी चिन्तनको शीर्षस्थ ग्रन्थ मानिन्छ । मान्छे आफू बाहेक अरु कसैमा निर्भर हुन सक्तैन, ऊ सधै एक्लो र एकांकी छ, मान्छे लक्ष्यविहीन संसारमा आफैले निर्धारित गरेको गन्तव्यबाहेक उद्देश्यहीन छ भन्ने अस्तित्ववादीहरुको धारणा छ । जीवनलाई निरुपाय, निरुद्देश्य, विश्रृङ्खल र अर्थहीन देखेर शून्यताको बोध गर्नु विसङ्गतिवादी चिन्तन हो भने त्यही शून्यताभित्रै आफू हुनुको सार खोज्नु र आफ्नो सत्ता स्वीकार गर्नु अस्तित्ववादी चिन्तन हो । अनुभवको बोझले गर्दा मानिस आफ्नो समाज र वातावरणबाट अलग्गिएको हुन्छ, त्यसैले मानिस सधैं एकान्तमा डुबेर, आफैभित्र परेर एक्लिरहन्छ, उसलाई आफ्नै समस्याको सामाधान पत्ता लाग्दैन । यस्तै-यस्तै अस्तित्ववादी चिन्तको वृत्ताभित्र रचिएको पाइन्छ पारिजातको **शिरीषको फूल** । वैचारिकतालाई प्रधानता दिए पनि यसले औपन्यासिक उपकरणहरु तथा साहित्यिक परिधानलाई लत्याएको छैन । उपन्यासको भाषाशैली काव्यात्मक र मिठासपूर्ण छ । यसबाट मोहित भएर शङ्कर लामिछाने भूमिकामा यसलाई काव्यान्सको संज्ञा दिएका छन् । दोस्रो विश्वयुद्धको परिवेशमा अन्योल र त्रासमा बाँचेको मान्छेभित्रको विभीषिका र मान्छेको सारहीन भवितालाई उपन्यासभरि देखाइएको छ । बीसौं शताब्दीको अन्योल र असुरक्षित मानव जीवनको विसङ्गति र विरोधाभास देखा पर्दछ । यहाँ व्यक्तिगत र अन्तर्मुखी चरित्रहरु नै प्रबल छन् ती सबले सिङ्गो मानव अस्तित्वको बेग्लाबेग्लै रुप लिएर उपस्थित भएका छन् । जीवनलाई नियमित र श्रृङ्खलित रुपले नभई जस्तो हुन्छ त्यस्तै रुपले भोग्दै जान्छन् यहाँका पात्रहरु, कसैलाई कसैको परवाह छैन, आफ्नै जीवनको समेत बेवास्ता गरी जेनतेन बाँचिरहेका देखिन्छन् । सकमबरीको अस्तित्वसँगै सुयोगवीर र शिवराजको निस्सारतामा उपन्यास अडेको छ र बरीको मृत्युपछि सुयोग र शिवलाई त्यही निस्सारतामै छाडेर उपन्यास समाप्त भएको छ

। नीलै फुलेका शिरीषका फूलहरुको मनमोहकतासँगै शुरु भएको उपन्यास ती फूलहरुको विषादपूर्ण झराइसँगै अन्त्य भएको छ ।

**शिरीषको फूल** उपन्यासका प्रमुख पात्रहरु सुयोग, बरी र शिव नै भए पनि अन्य पात्रहरु मुजुरा, सानू र केही गौण पात्र पनि उपस्थित छन् । दोस्रो विश्वयुद्धको भूमिबाट बचेर आएको एउटा भूतपूर्व सैनिक सुवेदार सुयोगवीर सिंह उपन्यासको समाख्याता र नायक समेत हो । युद्धक्षेत्रमा एउटै मान्छे मार्न नसकेको तर धेरै युवतीलाई बलात्कार र हत्या गर्न पुगेको सुयोगमा मान्छे मार्ने धीत हराएको छैन । आत्मीय प्रेम र सहभाव दिनुपर्ने युवतीहरुलाई उसले जङ्गली व्यवहार देखायो तर बरीको सामु आफूलाई एउटा कातर, असहाय, अव्यक्त र पीडाग्रस्त हरुवा सिपाहीभन्दा बढी सम्झन सकेन । उसले बरीलाई प्रेम गर्दा मानसिक प्रताडना बाहेक केही पाएन । सुयोगवीरको विगत जीवलाई हेर्दा उसलाई सुयोग नभनी कुयोग भन्नुपर्ने देखिन्छ भने उसले जीवनमा जताततै दुर्योग मात्र भेटेको छ । त्यस्तै उसको व्यक्तित्व वीर र साहसी भन्दा कातर हीन रहेको छ । ऊ भन्छ, 'अब ममा केही छैन, यो भ्वाङप्वाले पाइजामा र कमिजभित्र बसेको अस्तित्व विषुवत् जङ्गलको औले जरोले मार्न नसकेको मेरो शरीरमा अब केही छैन, शून्य छु बिल्कुल ......... ।' ('शिरीषको फुल', पृ.४४) जीवनलाई उसले मृत्यु उपत्यका ठान्छ र जो जसरी मरे पनि आखिर मृत्यु एउटै हो भन्छ । उसले जुन-जुन युवतीलाई नाङ्गो बलात्कार गऱ्यो, तिनलाई प्रेम दिन सकेन तर जहाँ बरीलाई अन्तरमनदेखि नै चाह्यो, त्यहाँ उसले बरीको नाङ्गो शरीर हेर्नबाट तर्सियो । आफ्नो सत्यप्रेमको आवेगमा बरीलाई चुम्बन गऱ्यो तर बरी सामु कहिल्यै पनि व्यक्त हुन सकेन । ऊ बरीको हत्यारा हो- आफ्नै दृष्टिमा । प्रेम गर्न नजान्दा उसले धेरै युवतीहरुको हत्या गऱ्यो र प्रेम गर्न खोज्दा बरीको स्वाभिमानको बलात्कार गर्न पुग्यो । यसरी सुयोगवीरले विसङ्गतिपूर्ण र शून्य जीवन भोगिरह्यो । नायिका बरीको दाजु शिवराजलाई उपन्यासमा एउटा निस्सार र तटस्थ पात्रको रुपमा उभ्याइएको छ । परिवारभित्र जिम्मेवार पुरुष भइकन पनि ऊ आफ्नो कर्तव्य र अभिभावकत्वको भूमिका निभाउँन सकेको छैन । नाउँ 'शिव' भए पनि नाउँ अनुसार कल्याणकारी हुन सकेको छैन । ऊ आफ्नो जीवनको पनि बेवास्ता गर्छ । शिवराजकी जेठी बहिनी मुजुरा र कान्छी बहिनी सानू क्षणिक रङ पोख्नका लागि मात्र

उपन्यासमा झुल्कन्छन् । मुजुरा एउटी आकर्षक र गृहिणी हुन लायककी मृदुल स्वास्नीमान्छे हो तर उसका इच्छा आकाङ्क्षाहरु भने मुजुरा लाग्न नपाउँदै ओइलाइरहेका छन् । सबैभन्दा कान्छी सानू भने आफ्नो चाहनालाई मूर्त रुप दिएर दाम्पत्य जीवनमा प्रवेश गर्छे र उपन्यासबाट पटाक्षेपित हुन्छ ।

**शिरीषको फूल**को प्रतीकात्मक रुपमा प्रस्तुत भएकी सशक्त र शीषर्स्थ चरित्र सकमबरी हो । बुलेट पड्के जस्तो बोली बोल्ने शिवराजकी माहिली बहिनी बरी अर्थात् सकमबरी रुग्ण  र क्षीण शरीरभित्र गहिरो दार्शनिकता र प्रबल स्वाभिमान भएकी नारी हो । उसका लागि प्रयुक्त गरिएका विशेषणहरु अनौठा छन् । बरी एक्लो जीवनको पक्षमा गहन तर्क दिन्छे । यसबाट कतै-कतै स्वयम् पारिजात बोले झै लाग्छ । पारिजातका विचारको भोक्ता पात्र पनि बरी नै हो । बरीको नाउँमा, व्यवहारमा र जीवनमा समेत विसङ्गति भेटिन्छ तर ऊ भने सधैं आफ्नो सत्ता खोजिरहेकी हुन्छे । नाउँमा प्रजननशीलता बोकेकी बरी वास्तवमा प्रजननहीनतालाई अँगालेकी छ ।

मृदुलता र सुकुमारताको प्रतीक हो, **शिरीषको फूल** । प्रस्तुत उपन्यासकी प्रतीकात्मक चरित्र सकमबरी भने शुष्क, कठोर र आकर्षणहीन छे । यी दुईमा कसरी समानता हुन सक्ला ! तैपनि उपन्यासको प्रतिकात्मक शीर्षक सार्थक छ । उपन्यासको शुरुमै **शिरीष फूल** भ्रमर चुम्बन मै ओइली झर्छ भनेर शायद बरीलाई नै इङ्गित गरिएको होला । बरीको परपीडक स्वभाव र बुलेट पड्के झैं चल्ने बोली पनि सुयोगवीरको प्रथम चुम्बन पश्चात् नाजुक भई अन्ततः मृत्यु वरण गर्न पुग्छे ऊ । कीटभक्षी सुनगाभा जस्तै बनेर आफ्ना वरिपरि झुम्मिन आउने रसिकहरुको ज्यान लिन चाहने बरीको वास्तविकता विसङ्गतिको एउटा चरमचुलीमा गएर टुङ्गिन्छ **शिरीषको फूल** बनेर । जीवन निस्सार, निरुपाय र निरर्थक छ भन्ने बोध हुँदाहुँदै पनि आफ्नो छुट्टै सत्ता स्वीकार गरेकी सकमबरी घर-परिवार, दाम्पत्य जीवन र समाजको घेराबाट विच्छिन्न भई आफ्नै आन्तरिक धरातलमा एकान्तिक जीवन बाँच्न चाहन्छे तर सुयोगवीरको हस्तक्षेपले

उसले जीवनलाई अझ बढी निस्सार र निरीह महसुस गर्छे र विसङ्गतिपूर्ण जीवनमा आफ्नो सत्ता कायम गर्न खोज्दा मृत्यु जस्तो कटु यथार्थलाई वरण गर्न पुग्छे ।

**शिरीषको फूल** उपन्यासबाट पारिजातले आफ्नो दार्शनिक मान्यता प्रतिपादन गरेकी छन् । पारिजातको दर्शन व्यक्तिवादी दर्शन हो । मूल पात्र सकमबरीको चरित्रमा कतै-कतै पारिजात स्वयम्कै प्रतिच्छाया देख्न पाइन्छ । जे होस्, विश्वजनी-नतालाई अँगालेर लेखिएको प्रस्तुत उपन्यास भाषाशैली र प्रस्तुतिको मिठासले मात्र नभई

यसभित्र लुकेको दार्शनिक गहनताले गर्दा पनि नेपाली उपन्यास परम्परामा चर्चित बन्न पुगेको छ र नेपाली साहित्यमा अस्तित्ववादकै पर्याय बनेको छ ।

## ५.३ संभावित सोधशीर्षक

**शिरीषको फूल** उपन्यासको अध्ययन गर्नको लागि सम्भावित विषयहरु निम्न अनुसार हुन सक्ने छन् :-

१) शैलीविज्ञानका आधारमा **शिरीषको फूल** उपन्यासको बिश्लेषण ।

२) **शिरीषको फूल** उपन्यासमा प्रयुक्त पात्रहरुको चारित्रिक अध्ययन ।

३) **शिरीषको फूल** उपन्यासमा प्रयुक्त चिन्तन ।

४) फ्रायडीय मनोविश्लेषणका आधारमा **शिरीषको फूल** उपन्यास ।

# सन्दर्भसूची


१. उपाध्याय, केशव प्रसाद(२०३२)केही रचनाः केही विवेचना, रत्नपुस्तक भण्डार काठमाडौं ।

२. कपूर,मस्तराम (सन १९९५) अस्तित्ववादसे गान्धीवादतक, वाणी प्रकाशन, दरियागन्ज, नयी दिल्ली ।

३. काफ्ले, चूडामणि समेत (२०५६) नेपाली पाठ्यपुस्तक) कक्षा-९, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी भक्तपुर, परिमार्जित संस्करण, २०६४ ।

४. गिरी, मधुशुदन र ओभ्ता, रामनाथ (२००८) शोध, सृजना र संस्कृत काव्य शास्त्र, प्रथम संस्करण, न्यू हिरा बुक्स इन्टरप्राइजेज,काठमाडौं ।

५.चापागाई, सं. निनुँ र सङ्ग्रौला खगेन्द्र (२०५१) पारिजात स्मृतिग्रन्थ, पारिजात, स्मृतिकेन्द्र, काठमाडौं ।

६. डा. नागेन्द्र (मिति नभएको) शोध और सिद्धान्त, हिन्दी एकाडेमी, दिल्ली ।

७. त्रिपाठी, डा. बासुदेव (२०३६) पाश्चात्य समालोचननाको सैद्धान्तिक परम्परा, साझा प्रकाशन, काठमाडौं, संस्करण, ।

८. थापा, किशन (द्वितीय संस्करण,२०६४) सृजना, शोधविधि र संस्कृत काव्यशास्त्र, प्रशान्ति प्रकाशन, काठमाडौं ।

९. पारिजात,२०५४(इ.१९९७ ) पारिजातका सङ्कलित रचनाहरु, निर्माण प्रकाशन, सिक्कम (भारत),

१०. पारिजात, (२०२२) शिरीषको फूल, साझा प्रकाशन, ललितपुर,संस्करण,२०६३ ।

११. प्रधान, नयना (२०३८) पारिजात : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, त्रि.वि. शोधपत्र ।

१२. बन्धु, दार्चुलामणि (२०५२) अनुसन्धान, अनुसन्धाता र निर्देशन, रत्नपुस्तक भण्डार,काठमाडौं ।

१३. बराल, डा. ईश्वर (२०३९) **आख्यानको उद्भव**, साझा प्रकाशन, काडमाडौ, ।

१४. राई, इन्द्र बहादुर (२०५०) **नेपाली उपन्यासका आधारहरु** साझा प्रकाशन, काठमाडौ ।

१५. रेग्मी, चुडामणि (२०५०) **पारिजात : परिचय र मूल्याङ्कन**, जूही प्रकासन, चन्द्रगढी, झापा, ।

१६.रेग्मी,डा.मुरारीप्रसाद (२०५०) मनोविश्वलेषणात्मक समालेचना, साझा प्रकाशन, काठमाडौं ।

१७. शर्मा, डा. तारानाथ (२०५०) **पश्चिमका केही महान् साहित्यकार**, साझा प्रकाशन, काठमाडौ ।

१८. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०५२) शोधविधि, साझा प्रकाशन काठमाडौं ।

१९.शर्म्मा, बसन्तकुमार,'नेपाल' (२०५७) नेपाली शब्दसागर, बाबा पुस्तक भण्डार, चावेल काठमाडौं ।

२०. श्रेष्ठ, डा.दयाराम, २०४१ (सन १९८४) नेपाली साहित्यका केही पृष्ठ, साभ्ना प्रकाशन, काठमाडौं, ।

२१. सिलवाल,सं. नकुल ( २०५३) केही उत्कृष्ट रचनाहरु २०५१/०५२, वगर सहित्यिक प्रत्रिका, काठमाडौं, ।

२२. सुवेदी राजेन्द्र (२०५३) नेपाली उपन्यास परम्परार प्रवृत्ति, भूमिका प्रकाशन, वाराणसी,।

२३.सुवेदी, राजेन्द्र (२०३८) विषय गहन सतह चिन्तन, साभ्ना प्रकाशन, काठमाडौं ।

२४ ,, ,, (२०५३) सृजन विधाका परिधिमा पारिजात, भूमिका प्रकाशन,वाराणसी ।

**(ख) सन्दर्भ पत्रिका सूची :**

१. जम्को, साहित्यिक मासिक, अङ्क-२, ( २०५५) ।
२. हिमानी, वर्ष २ अङ्क ४ (२०२३) ।

**✶समाप्त✶**